# खण्ड ३ : आवधिक नगर विकास योजना

## ३.१ भूमिका

आवधिक नगर विकास योजनाको परिचयात्मक विवरण एवं कार्यविधि खण्ड १ मा प्रस्तुत गरिएको छ । त्यस्तै, खण्ड २ मा धरान न.पा.को विस्तृत पार्श्वचित्र पेश गरिएको छ । नगरको बस्तुस्थितिको धरातलमा टेकेर व्यापक जनसहभागिता एवं विज्ञहरुसँगको छलफल मार्फत् आवधिक योजना तयार पारिने व्यवस्था गरिएको छ । सो अनुसार यस खण्डमा नगर विकास योजनाका लक्ष्य, नीति, रणनीति एवं कार्यक्रमहरुको पहिचान एवं व्याख्या गरी कार्यक्रम कार्यान्वयनका लागि समेत दिशानिर्देश समेत गरिएको छ । मूलतः यसरी तयार पारिएको योजनाको मुख्य उद्देश्य निम्न प्रकारको रहेको छ ।

- विद्यमान पूर्वाधारहरुको अधिकतम उपयोग गर्दै शहरी विस्तारलाई उपयुक्त दिशामा योजनावद्ध तवरले विकास गर्न, प्रभावकारी तवरले जग्गा जमिनको प्रयोग गरी स्वच्छ वातावरण कायम गर्न तथा व्यवस्थित रुपले बस्ती तथा पूर्वाधार विकास तथा विस्तार गर्न भौतिक विकास योजना बनाउने ।
- पीडित, विपन्न, सामाजिक हिसावले पिछडिएका तथा नगरका अन्य बासिन्दाको शिक्षा, स्वास्थ्य, खेलकुद एवं मनोरञ्जन आदिको विकास गर्न सामाजिक विकास योजना तर्जुमा गर्ने ।
- नगरपालिका तथा यसको ष्लिपबनभ क्षेत्रभित्र उद्योग, व्यापार, पर्यटन, कृषि, रोजगारी जस्ता आर्थिक गतिविधिहरु बढाउनका लागि आर्थिक तथा औद्योगिक बिकास योजना तर्जुमा गर्ने ।
- आवधिक योजना अवधिमा आवश्यक पर्ने श्रोत तथा साधनको पहिचान एवं परिचालनको लागि वित्तीय योजना तर्जुमा गर्ने ।
- नगरपालिका तथा अन्य निकायको विकास कार्यक्रमलाई संस्थागत गर्न संस्थागत विकास योजना बनाउने ।

## ३.२ नगरपालिकाको दीर्घकालीन सोच तथा सिद्धान्तहरु

### ३.२.१ दीर्घकालीन सोच

दीर्घकालीन सोच (Long Term Vision)लाई नगरपालिकाको दीर्घकालको आदर्श अवस्थाको रुपमा लिईन्छ । सामान्यतया दीर्घकालीन सोच भन्नाले वर्तमान अवस्था (Existing Stage) बाट भविष्यमा पुग्ने एउटा इच्छित अवस्था (Desired Stage) हो । समयावधि किटान नभएको तर दीर्घकालीन प्रकृतिको हुने यस सोचले आदर्शवादी अवस्था झल्काउँछ जसतर्फ योजना सधैं उन्मुख हुनुपर्छ ।

दीर्घकालीन सोच एउटा आवधिक योजना अवधि भित्र मात्र हासिल हुने अवस्था होइन तर त्यस तर्फको प्रयासको एउटा महत्वपूर्ण पाइला हो किनकि आवधिक योजना एउटा मध्यम अवधिको योजना (Medium Term Plan) हो । अतः दीर्घकालीन सोच हासिल गर्न एक भन्दा बढी आवधिक योजनाहरु कार्यान्वयन हुनु नितान्त आवश्यक छ । कति वर्ष भित्र उक्त सोच अथवा वाञ्छित अवस्था हासिल हुन्छ भने कुरा धेरै हदसम्म नगरपालिकाको विकासप्रतिको प्रतिवद्धता, साधन तथा श्रोतको प्रभावकारी परिचालन, उपयुक्त योजनाको तर्जुमा तथा कार्यान्वयन जस्ता कुराहरुमा निर्भर गर्दछ । दीर्घकालीन सोच प्राप्तिको लागि नगरपालिका प्रयासरत् रहनुपर्दछ र पछिल्ला आवधिक योजनाहरुमा के कस्ता लक्ष्य, उद्देश्य, नीति तथा कार्यनीतिको अवलम्वन गर्दा चाँडो भन्दा चाँडो सो प्राप्ति हुन्छ, त्यसतर्फ सदैव दत्तचित्त रहनुपर्दछ ।

मिति २०६६ साल मंसिर २१ र २२ गते ध.न.पा., श.वि.तथा भ.नि.विभाग, स्थानीय विकास मन्त्रालय एवं जि.टि.जेड/यु.डि.एल.ई को सहयोगमा आयोजित “आवधिक योजना भिजन तयारी कार्यशाला” मा स्थानीय राजनैतिक पार्टीका प्रतिनिधिहरु, नागरिक समाजका प्रतिनिधिहरु, बुद्धिजीवी, महिला एवं सीमान्तकृत वर्गका प्रतिनिधिहरु, ध.न.पा.मा सक्रिय सरकारी तथा गैरसरकारी संस्थाका प्रतिनिधिहरु, ध.न.पा.का कर्मचारीहरु लगायतका सहभागीहरुबीच व्यापक छलफल एवं अन्तक्रिया गराई नगरको आर्थिक विकासमा देखिएका मुख्य समस्याहरुका बारेमा बहस गरिएको थियो ।



दिर्घकालिन सोच्ने निधारण गोष्ठी कार्यक्रममा प्रस्तुतिकरण गदै श.वि.भ.नि.वि.का डि.इ.



दिर्घकालिन सोच्ने निधारण गोष्ठी कार्यक्रममा प्रगति विवरण प्रस्तुतिकरण गर्दै परामर्शको टोली प्रमुख



दिर्घकालिन सोच्ने निधारण कार्यक्रममा GTZ / udle का शहरी योजना विद्र



दिर्घकालिन सोच्ने निधारण कार्यक्रम





यिनै समस्या पहिचानको आधारमा कार्यशालामा सहभागीहरुलाई छ समूहमा विभाजन गरी दीर्घकालिन सोच, आर्थिक विकासका लागि अग्रणी क्षेत्र एवं आकर्षण केन्द्रको रुपमा विकास गर्न सम्भाव्य क्षेत्रको पहिचान गर्ने अभिभारा सुम्पिएको थियो जसको नतिजा अनुसूचीमा प्रस्तुत गरिएको छ । प्रस्तुत भएका दृष्टिकोणको सम्बन्धमा मिति २०६६ मंसिर २२ गते नगर विकास मञ्च, निर्देशक (समन्वय) समितिको संयोजक श्री राजेन्द्र कुमार पौडेल ( नगरपालिकाका कार्यकारी अधिकृत) को अध्यक्षतामा विज्ञ, योजना टोली तथा नगरपालिकाका शाखा प्रमुख एवं वडा सचिवहरु समेतको उपस्थितिमा आयोजित बैठकमा वृहत् छलफल भई नगरको समग्र विकासलाई प्रतिविम्वित हुने गरी निम्नानुसारको दीर्घकालिन सोच पारित गरी सोको आधारमा आवधिक योजना तर्जुमा कार्यक्रम निर्देशित गर्ने निर्णय गरिएको छ :

**"शिक्षा, स्वास्थ्य, पर्यटन, व्यापारिक पूवाधार, वहुसांस्कृतिक, आवासीय, समृद्ध शहर"**

**दीर्घकालीन सोचको विशेषता**

१. धरान न.पा. मा विविध संस्कृति जाति, धर्म, भाषा, पेशा भएता पनि सांस्कृतिक रुपले आफ्नो नगरको पहिचान अनुकरणिय रुपमा प्रस्तुत गर्नै अभिलाष बोकेका छन् । यि तिनै शाब्दिक अर्थसंग उदेश्य प्राप्ति गर्ने तिब्र अभिलाषका साथ यो शब्द चैन गरिएको छ । दीर्घकालिन सोचको आधारमा परिकल्पना गर्न खोजिएको शहर ( माथिका ) विभिन्न क्षेत्रमा आशातित उपलव्धी हासिल गरे पश्चात एउटा "समृद्ध शहरको" रुपमा देख्न सकिने परिकल्पना गरिएको छ ।

२. जीवनस्तर (Quality of Life) उकास्न आवश्यक तीन पक्षहरु: वातावरण (Environment), बसोबासकोलागि उपयुक्तता (Liveability) एवं आर्थिक सबलता (Economic Strength) लाई सम्बोधन गरिएको छ ।

३. सरोकारवालाहरुसँगको व्यापक छलफलबाट तयार पारिएको यो सोच सरल भईकन पनि सबैको भावना समेट्न सफल छ ।

दीर्घकालीन सोचले परिकल्पना गरेको शहर **शिक्षित, स्वस्थ्य, पर्यटकिय, व्यापारिक पूर्वाधार युक्त वहु-सांस्कृतिक** र **आवासीय शहर** भन्ने अर्थ राख्दछ ।

**१. स्वास्थ्य :**

नेपालमा स्वास्थ्य सेवा र सुविधा वृद्धि हुदै जाने क्रममा धरान नगरपालिकामा अवस्थित वि.पि कोईराला स्वास्थ्य विज्ञान प्रतिष्ठानको स्थापना भएको छ । यस नगरलाई विकसित र परिचय गराउने प्रमुख माध्यमको रुपमा यसको भुमिका महत्वपूर्ण छ । नेपाली तथा भारतीय विरामीलाई उपचार सेवा प्रदान गदै आएको छ । दक्ष स्वास्थ्यकर्मी उत्पादन गर्न समेत पूर्वाधार तयार भएको छ ।

**२. व्यापारीक पूर्वाधार :**

धरान न.पा. ऐतिहासिक व्यापारीक केन्द्रको रुपमा विकास हुदै गएको छ । तराई र पहाडको संगम र सुविधा सम्पन्न बजारको स्थापना हुदै गएको छ । पुस्तौ पुस्ता देखि व्यापार व्यवसाय चलाउदै आएका यस नगरका व्यवसायिहरु व्यापारीक पूर्वाधार युक्त शहर भएको स्वीकार्दछन् । पहिले देखि नै व्यपारीक केन्द्र बन्दै आएकोले पनि व्यापारीक शहरको रुपमा लिनु पर्दछ ।

**३. वहुसांस्कृतिक :**

वहुसांस्कृतिक भन्नाले विविध जाति, धर्म, भाषा, पेशाहरुको मेलजोलबाट सकृय जनशक्ति बसोबास योग्य क्षेत्रको पहिचान दिने शहर भन्ने अर्थ राख्दछ । समृद्ध शहर भन्नाले  आर्थिक, शैक्षिक रुपमा सुविधा सम्पन्न व्यवस्थित नगर भन्ने अर्थ राख्दछ । धेरै जाति तथा जनजातिहरुको बसोबास स्थलको परिचय धरान शहरले दिएको छ । जातिय विविधता र फरक संस्कृति भएर पनि एक आपसमा घनिष्टता कायम गरी विविध प्रकारका संस्कृतिको परिचय स्थल बनेको छ ।

**४. आवासीय :**

अनुकुल प्रकारको हावा पानी र भु-बनोटको अवस्थाले गर्दा यस शहरलाई आवासीय शहरको रुपमा स्थापित गरेको पाईन्छ । सेवा तथा मानविय सुविधा प्राप्त गर्नको लागि उपयुक्त छ । सामाजिक सहिष्णुतता र सहयोग अनुकरणीय भएकोले पनि आवासीय नगरी भन्न सकिन्छ ।

**३.२.२ नगर विकासका सिद्धान्तहरु**

दीर्घकालीन सोचको आधारमा ध.न.पा क्षेत्रको विकासको प्रतिवद्धता, विशेषता र चाहना स्पष्ट दर्शाउने गरी र दीर्घकालीन सोच प्राप्तितर्फ विकास प्रयासलाई डोऱ्याउने गरी विकासका सिद्धान्तहरु तय गरिएका छन् :

(क) जनसहभागितात्मक विकास कार्यहरुको संचालन

- उपभोक्ता समूहको सुढृढीकरण
- समुदायमा आधारित संगठनहरुको विकास
- स्थानीय गैरसरकारी संस्था र निजी क्षेत्रको परिचालन
- सरकारी तथा निजी साझेदारी

(ख) जनसवलीकरण एवं समावेशी विकास

- सेवा र सुविधामाथि सबैको समान पहुँच
- दलित, उपेक्षित तथा जनजाति उत्थान
- मानवीय विकास

(ग) प्राकृतिक श्रोतको दिगो उपयोग

(घ) वातावरण मैत्री विकास

(ङ) आर्थिक गतिविधिमा अभिवृद्धि

- स्थानीय श्रोत, साधन र सीपको उपयोग
- रोजगारीको अवसरमा अभिवृद्धि
- गरिबी न्यूनीकरण

### ३.२.३ नगर विकासका लक्ष्य, उद्देश्य तथा रणनीतिहरु

दीर्घकालिन सोचको मर्मलाई ह्दयंगम गर्दै धरान न.पा ले निम्न लक्ष्यहरु थय गरेको छ :

क) आगामि २५ वर्षको योजना अवधिका लागि दीर्घकालिन भौतिक बिकासको अवधिका लागि दीर्घकालिन भौतिक बिकासको अवधारणा प्रतिपादन गरी Planning Framework (योजना अवधारणा) तयार गर्ने

ख) आगामि २५ वर्षको योजना अवधिमा वृद्धिहुने जनसंख्याको जनजीवनमा गुणात्मक सुधार ल्याई जीवन स्तर वृद्धि गर्नको लागि न्यूनतम आवश्यकताहरुः आवास, रोजगारी, सार्वजनिक सेवा/सुविधाहरु तथा अन्य भौतिक पूर्वाधारहरुको आपूर्ति तर्फ प्रयत्नशील हुने ।

ग) शहरीकरणको प्रभावहरुबाट न.पा.को स्वच्छ वातावरणलाई बिग्रन नदिने । प्राकृतिक र मानव निर्मित वातावरण विचको सन्तुलन ल्याई सवै प्रकारका मानविय गतिविधिको लागि स्वच्छ एवं रमणीय भौतिक वातावरणको श्रृजना गरी दिगो विकास तर्फ उन्मुख हुने ।

घ) नगरलाई; आर्थिक, सामाजिक, साँस्कृतिक तथा राजनैतिक रुपले समतामूलक र समावेशी शहरको रुपमा विकास गर्ने ।

ङ) व्यापारिक तथा औद्योगिक कृयाकलापहरु अभिवृद्धि गर्ने वातावरणको श्रृजनागरी नगरको आर्थिक विकासमा टेवा दिने ।

च) भौतिक विकास मात्र समग्र विकास नभई सामाजिक विकासको दायरालाई समेत फराकिलो बनाई महिला,अपाङ्ग, एकल महिला, बालबच्चा, वृद्धका साथै सिमान्तकृत वर्ग ९ःबचनष्लबष्शिभम न्चयगउ० लाई समेटी समावेशी सामाजिक विकास गर्ने ।

छ) भौगोलिक, राजनैतिक र साँस्कृतिक रुपमा धरान न.पा को आफ्नो मौलिक पहिचान बनिसकेको सन्दर्भमा त्यो पहिचानलाई आगामी दिनमा अझ प्रभावकारी र अनुकरणीय बनाउँदै लैजाने ।

**उद्देश्य**

१. प्राकृतिक, सामाजिक तथा आर्थिक रुपले नगरबासीको जीवनस्तर (Quality of Life) मा देखिने गरी सुधार ल्याउन ।
२. न.पा.लाई आधारभुत पूर्वाधार सम्पन्न बनाउन ।
३. सामाजिक विभेद र विकासको प्रतिफलको वितरणलाई प्रभावकारी रुपमा अगाडी बढाउने ।
४. न.पा.लाई स्वच्छ वातावरणीय नमुनाको रुपमा पहिचान गराउने ।

**नीति/रणनीति**

१. सामाजिक परिचालन मार्फत न.पा.को विकास सम्बन्धी धारणा स्थानीय जनता र टोलबस्तीमा पुऱ्याइ मानवपूँजी (Human Resource) निर्माण र सशक्तिकरण गर्ने । यसको लागि न.पा.का शिक्षित युवाहरुलाई सामाजिक परिचालनमा संलग्न गराउने ।
२. गरिबी न्यूनीकरण कार्यक्रममा लगानी बढाउने र कार्यक्रमको प्रभावकारिताको आवधिक मूल्याङ्कन र आवश्यकता अनुसार परिमार्जन गर्ने ।
३. गरिब, द्वन्द्वबाट प्रभावित र सिमान्तकृत वर्गका बालबालिकालाई निःशुल्क पठनपाठन गराउन निजी, संस्थागत र सामुदायिक विद्यालयहरुसँग सहकार्य गर्ने ।
४. महिला, बालबच्चा, वृद्ध र सिमान्तकृत वर्ग तथा एकल महिला एवंम् दलितलाई लक्षित गरेर सञ्चालित कार्यक्रमलाई न.पा.का अनुदान बढाउँदै लैजाने ।
५. न.पा.को भौतिक विकासमा उपभोक्ता समितिको लागत, सहभागिता र संलग्नता बढाउँदै लैजाने ।
६. ध.न.पा.मा विद्यमान अवसरहरु (पर्यटन उद्यम, शैक्षिक उद्यम, हावापानी आदि) लाई सदुपयोग गर्दै विशेष लगानीका क्षेत्रहरुको पहिचान गर्दै नगरको दीर्घकालिन योजनामा समावेश गर्ने ।
७. न.पा.को एक्लो प्रयोगबाट मात्र विकास सम्भव नहुने र सरकारी अनुदानमा मात्र आश्रित हुने प्रवृत्तिबाट दीगो विकास सम्भव नहुने भएकोले निजी क्षेत्रको लगानीलाई आकर्षित गरी सार्वजनिक निजी साझेदारी (PPP: Public Private Partnership) को सिद्धान्त अनुरुप विकास कार्य सञ्चालन गर्ने ।
८. वातावरण संरक्षण सम्बन्धी प्रष्ट नीति ल्याउने ।

## ३.३ नगर विकासका समस्या, चुनौती तथा अवसरहरु

### ३.३.१ नगर विकासका प्रमुख समस्याहरु

समस्याहरु धेरै छन् र ती मध्ये धेरै अन्तर-आवद्ध (Interlinked) भएका हुन्छन् । आवधिक योजना तयार गर्ने क्रममा विभिन्न चरणमा भएको जनसहभागितात्मक छलफलहरुबाट संकलित प्रमुख आधारभूत समस्याको विवरण तालिका नं. ३.१ मा प्रस्तुत गरिएको छ ।

तालिका नं. ३.१ नगर विकासका प्रमुख समस्याहरु

| **आवास** | **स्वास्थ्य** | **व्यापारिक पूर्वाधार** |
|---|---|---|
| १. अव्यवस्थित बसोबास (बहुक्षेत्रगत कार्यहरु एकै स्थानमा हुने आधारभूत आवश्यकताको अपर्याप्तता सुकुम्बासी बसोबास) | १. लागु पदार्थ दुर्व्यसनीहरुको संख्या बढ्नु - उच्चरक्त चाप, मधुमेह, क्षयरोग, कालाजार र क्यान्सर जन्डीस, ज्क्ष्ख संक्रमण आदी रोगहरुको प्रकोप (निमोनिया, हैजा, कुपोषण) | १. छिमेकी गा.वि.स.हरु जोड्ने Link Road नभएको |
| २. भू-वनोट/भौगोलिक बनावट (भिरालो जमिन- भूक्षय, खहरे र खोलाहरु बाट भुकम्प) | २. प्रशुति सेवाको पहुच कम । | २. व्यापारिक दृष्टिले महत्वपूर्ण पहाडी क्षेत्रहरुमा जाने सडकको सुविधा नभएको |
| ३. अपर्याप्त, अपुग र प्रदुषित खानेपानी | ३.जनसंख्याको आधारमा प्रयाप्त चिकित्सक/अस्पतालहरु नहुनु । | ३. व्यापारिहरुमा बढी नाफा लिने प्रवृत्ति |
| ४. वातावरणीय प्रदुषण | ४. एक मात्र वि.पि. अस्पतालले धान्न नसक्नु | ४. सामान लोड -अनलोडमा लेबरको समस्या |
| ५. अप्रर्याप्त खुल्ला क्षेत्र | ५. जनचेतनाको कमी | ५. चेक पोष्टमा सुरक्षाकर्मीको समस्या ( दूर्व्यवहार) |
| ६. दुर्व्यसन | ६.स्थानिय तथा सरोकारवाला निकायहरुले स्वास्थ्य कार्यक्रम लाई प्राथमिकिकरणमा नपार्नु । | ६. बजार अनुगमन हुन नसकेको |
| ७. अप्रर्याप्त सुरक्षा व्यवस्था | ७. स्वास्थ्य सेवा सर्वशुलभ एंव सर्वसाधरणको | ७. Bargain गर्ने हिसाबले मूल्य राखिने |

| | | |
|---|---|---|
| | पहूच बाहिर । | |
| ८. अव्यवस्थित र सानो बस पार्क | ८. दिन प्रतिदिन वातावरण बिग्रदैं जानु, त्यस सम्बन्धि कसैको चासो नरहनु । | ८. स्तरिय सामान नपाउनु |
| | ९. वि.पि. मा भएको साधन स्रोतहरुको समुचित प्रयोग हुन नसकेको | ९. नजिकै विदेशी खुला बजार ( जोगबनी, सिलिगुडी ) |
| | १०. शुद्ध पानीको अभाव तथा खाद्यपदार्थमा मिसावट | १०. ढुवानी सेवाको अभाव (सामानकै कम उपलब्धता) |
| | ११. वि.पि बाहेकका उपचारको प्रारम्भीक कार्य अन्य वडा तहमा हुन नसक्नु । | ११. शान्ति सुरक्षाको अभाव +चन्दा सहयोगको मार |
| | १२. भानुचोकको खाली क्षेत्रमा तत्काल सपिङ्ग कम्प्लेक्स निर्माण गर्ने । | १२. व्यापारीहरु बीच एकता नहुनु |
| | १३.प्लाष्टीक प्रयोग रहित शहरको रुपमा स्थापित गर्ने । नीति निर्माण गर्ने | १३. बजार (क्षेत्र) को अभाव |
| | १४. एकै प्रकृतिका भवनहरु निर्माण गरी नगर सुन्दरता र संरक्षणका लागि व्यवस्थित वातावरण तयार गर्ने । | १४. व्यापारिहरु प्रतिको पूर्वाग्रह ( नाफाखोर, कालाबजारी, ठग) |
| | १५.आफ्नो घर आगन सफा राख्न प्रोत्साहित गर्ने त्यसको लागी टोल सुधार समितिको गठन गर्न लगाउने । | १५. राजनैतिक समस्या (बन्द, हड्ताल आदि) |
| | १६. घरको आगन फोहर गर्ने लाई सामाजिक दण्डको व्यवस्था गर्ने । | १६. मूल्यवृद्धिको फाइदा उठाउने प्रर्वत्ति ( नाफाखोरी) |
| | १७. स्वंयम सेवकको व्यवस्था एंव क्षमताको अभिवृद्धि | १७. Departmental Store को अभाव |
| | १८. अस्पतालमा राजनैतिक हस्तक्षेप बन्द हडताल नहोस् । | १८. व्यापारिक प्रतिष्ठानहरुको पलायन |
| | १९. स्वास्थ्य केन्द्रबाट निस्कने फोहर लाई बेग्लै राम्रो व्यवस्थापन गर्ने । | १९. भानुचोकमा मात्र केन्द्रित बजार |
| | २०. प्राइभेट स्वास्थ्य क्लिनिकले प्रदान गर्ने स्वास्थ्य सुविधा समन्वय र जानकारी | २०. व्यवस्थित बसपार्कको व्यवस्था नहुनु |
| | | २१. मापदण्ड विपरित पसल घरहरु ( टहराहरु) ( सौन्दर्यमा कमी साथै व्यापारमा कमी) |

| **बहु सांस्कृतिक** | **शिक्षा** | **पर्यटन** |
|---|---|---|
| स्थानिय निकाय, राजनैतिक दलहरु निजीक्षेत्रको सोच/कार्यक्रम नभएको । | १. बालमैत्री विद्यालय नहूनु | १. धार्मिक पर्यटन प्रयाप्तरुपमा भएको तर प्रचार प्रसार गरेको नभएको । |
| चेतनाको अभाव | २.शिक्षामा सबै बालिकाको पहुच नहुनु | २. पर्यटक सूचना केन्द्रको स्थापना, पर्यटन विकास समितीको स्थापना नभएको । |
| स्व जातियहरुमा आफ्नो धर्म, भाषा, लिपि, भेषभुषा , सांस्कृतिक संस्थागत पहिचान नहुनु | ३. आवश्यक भौतिक पूर्वाधारको कमी | ३. धरान उत्सव/महोत्सव/सतवार्षिक बाट पर्यटन प्रर्वधनको प्रयास पर्याप्त नभएको |

| | | |
|---|---|---|
| कला सांस्कृतिक प्रति राजनैतिक दलहरुमा चासो नहुनु | ४. दरवन्दीको अभाव | ४. बुढा सुब्बा गोल्डकपबाट खेलकुद क्षेत्रको विकास गर्नु पर्ने |
| पाश्च्यात मूलुकको सांस्कृतिक प्रभाव पर्नु | ५. शिक्षामा राजनीतिक हस्तक्षेप | ५. तमोर राफ्टिङ्ग/ Golf course प्रचुर सम्भावना भएको तर संचालन नभएको । |
| सांस्कृतिक, धार्मिक, ऐतिहासिक धरोहरको उचित सर्म्बधन र प्रबर्द्धन नहुनु । | ६. उपयूक्त शिक्षण विधिको कमी | ६. सांस्कृतिक पर्यटन प्रवद्धनको प्रयास प्रभावकारी नभएको |
| जतिय संस्थाहरु स्वयंले पनि उचित संरक्षण र सर्म्बद्धनमा पहल नगर्नु । | ७. मर्यादित परिक्षा संचालनमा समस्या | ७. सरकारी वनको संरक्षण नभएको |
| स्थानिय निकायमा बहु सांस्कृतिक लार्य हेर्ने समावेशी दृष्टिकोण नहुनु । | ८. अनुगमन मूल्याङ्कनमा कमी | ८.केहि स्तरिय होटल स्थापना नभएको । |
| विविध भाषा र लिपिको संरक्षणका लागि समान सहयोग नहुनु। | ९. नयाँ सामूदायिक विद्यालय स्थापना नहुनु | १०. कालो पत्रे road को निर्माण  नभएको |
| | १०. पुरानो पूर्वाधारको संरक्षण प्रवद्धन स्थायित्व नहुनु | |
| | ११. उच्च शिक्षामा विविध विषयहरुको प्रवेश नहुनु | |
| | १२. शैक्षिक आवाधिक पर्यटकहरुलाई आर्कषण | |
| | १३. स्थानिय छात्रवृत्तीको (कोटा) स्थापना नहुनु | |
| | १४. शैक्षिक केन्द्रहरुलाई शान्ती क्षेत्र घोषणा नर्गर्नु | |
| | १५. छात्रावासको अभाव | |
| | १६. विद्यालयको स्तर वृद्धि नगरिनु | |
| | १७. साक्षरता अभियानको कमी | |
| | १८. विद्यालयहरुमा सुरक्षाको प्रत्याभूति नहुनु | |
| | १९. विद्यालयहरु वतावरण र सरसफाईको दृष्टिबाट उपयूक्त नहुनु | |
| | २०. बालविकास केन्द्रको उचित विकास नहुनु | |
| | २१. बहुभाषिक शिक्षण पद्धतिलाई Promote गर्नु पर्ने | |
| | तालिम प्राप्त शिक्षकको कमी | |

**<u>वडा भेलाबाट संकलित समस्या</u>**

सहभगितामूलक आवधिक योजना तर्जुमा गर्ने क्रममा धरान न.पा.को सम्पूर्ण वडा स्तरीय भेलाको आयोजना २०६६/०२/२७ देखि २०६६/०३/०७ सम्म संचालन गरि वडा स्तरबाट प्राप्त भएका माग तथा आवश्यकताहरु संकलन गरि सम्पन्न गरियो विभिन्न वर्ग तथा पेशाका मानिसहरु (वडाका वुद्धिजीवी, समाजसेवी, राजनीतिक कार्यकर्ता, उधोगपति, व्यापारी, महिला, सर्वसाधारण आदि) को सकेसम्म बढी सहभागिता हुने हिसाबले आयोजना गरिएका वडा भेलाहरुमा वडाका सामाजिक संघसंस्था, टोल विकास संगठन, स्थानीय क्लबहरु एवं उपभोक्ता समितिलाई समेत समेटिएको छ ।




वडा भेलामा समस्या प्रस्तुत गर्दै सहभागी



वडा भेलाको दृश्य

वडा भेलामा स्थानीय सहभागीहरुबाट नै समस्या संकलन गरिएको छ । वडागत समस्याहरुलाई बुँदागत रुपमा माग भई आएका कार्यक्रमको रुप दिइएको छ भने समस्याहरुलाई विषयगत (Sectoral) शिर्षकमा समूहिकृत गरी वडागत रुपमा समस्याहरुको स्तरिकरण ९च्बलपष्लन० गरिएको छ (तालिका नं. ३.२) ।

तालिका नं. ३.२: वडागत समस्याहरुको स्तरिकरण (शिर्षक अनुसार)

| स्तरण | वडा नं. | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ |
| (1) | सतह ढल | सडक | सडक | भवन | विद्युत | सडक | वातावरण व्यवस्थापन | सडक | सडक |
| (2) | सडक मर्मत | सतह ढल | सडक तथा सतह ढल | सतह ढल | सडक | वातावरण व्यवस्थापन | सडक | सतह ढल | आर्थिक विकास |
| (3) | सडक तथा सतह ढल | खानेपानी | खानेपानी | सडक | पार्किङ | वजार व्यवस्थापन | सडक तथा सतह ढल | विद्युत | विद्युत |
| (4) | विद्युत | सामाजिक कार्यक्रम | भवन | वातावरण व्यवस्थापन | | पार्किङ | वजार व्यवस्थापन | सडक तथा सतह ढल | पुल |
| (5) | वातावरण व्यवस्थापन | सडक तथा सतह ढल | आर्थिक विकास | सामाजिक कार्यक्रम | | सार्वजनिक शौचालय | पार्किङ | खानेपानी | सतह ढल |
| (6) | भवन | स्वास्थ्य | वातावरण व्यवस्थापन | विद्युत | | | सार्वजनिक शौचालय | भवन | वातावरण व्यवस्थापन |
| (7) | आर्थिक विकास | आर्थिक विकास | सामाजिक कार्यक्रम | | | | | वातावरण व्यवस्थापन | भवन |
| (8) | | | विद्युत | | | | | पुल | |
| (9) | | | वजार व्यवस्थापन | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| (10) | | | वधशाला | | | | | | |
| (11) | | | पुल | | | | | | |
| (12) | | | सार्वजनिक शौचालय | | | | | | |

श्रोतः वडा भेला, धरान न.पा. (२०६६)

नोटः (१) ले सबैभन्दा प्रमुख समस्यालाई ईंगित गर्छ भने त्यसपछि (२), (३) आदिले क्रमशः घट्दो प्राथमिकता जनाउँछ ।

| **स्तरण** | **वडा नं.** | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | **१०** | **११** | **१२** | **१३** | **१४** | **१५** | **१६** | **१७** | **१८** | **१९** |
| (1) | वातावरण व्यवस्थापन | सडक | सडक | सडक | भवन | सडक तथा सतह ढल | सडक तथा सतह ढल | सडक तथा सतह ढल | सडक तथा सतह ढल | सडक |
| (2) | सामाजिक कार्यक्रम | भ्वन | भवन | वातावरण व्यवस्थापन | सडक | सडक | भवन | सामाजिक कार्यक्रम | सडक | भवन |
| (3) | सडक | सतह ढल | सतह ढल | सतह ढल | सतह ढल | भवन | सामाजिक कार्यक्रम | खानेपानि | सामाजिक कार्यक्रम | पुल |
| (4) | वधशाला | सडक तथा सतह ढल | सडक तथा सतह ढल | भवन | वातावरण व्यवस्थापन | सतह ढल | वातावरण व्यवस्थापन | वातावरण व्यवस्थापन | भवन | भवन |
| (5) | पुल | खानेपानि | वातावरण व्यवस्थापन | सडक तथा सतह ढल | सडक तथा सतह ढल | खानेपानि | सडक | सतह ढल | आर्थिक विकास | सामाजिक कार्यक्रम |
| (6) | पार्किङ | | पार्किङ | खानेपानि | सार्वजनिक शौचालय | सामाजिक कार्यक्रम | खानेपानि | आर्थिक विकास | खानेपानि | वातावरण व्यवस्थापन |
| (7) | सार्वजनिक शौचालय | | सार्वजनिक शौचालय | आर्थिक विकास | | विद्युत | विद्युत | विद्युत | वधशाला | आर्थिक विकास |
| (8) | भवन | | वजार व्यवस्थापन | वधशाला | | वातावरण व्यवस्थापन | आर्थिक विकास | | वजार व्यवस्थापन | विद्युत |
| (9) | | | वधशाला | पुल | | आर्थिक विकास | | | विद्युत | खानेपानि |
| (10) | | | स्वास्थ्य | सार्वजनिक शौचालय | | | | | वातावरण व्यवस्थापन | सडक तथा सतह ढल |

श्रोतः वडा भेला, धरान न.पा. (२०६६)

नोटः (१) ले सबैभन्दा प्रमुख समस्यालाई ईंगित गर्छ भने त्यसपछि (२), (३) आदिले क्रमशः घट्दो प्राथमिकता जनाउँछ ।

शिर्षक अनुसार कुन वडामा कुन समस्याको स्थिति के छ, भन्ने संक्षिप्त विवरण तालिका नं. ३.३ मा पेश गरिएको छ। समस्याहरुको शिर्षक अनुासारको स्तरीकरण हेर्दा वडा नं. १७ वाहेक सवै वडाहरुमा सडकको समस्या प्रमुख रहेको छ। सडक भन्नाले सडक पिच, ग्राभेल, नयाँ मर्मत बुझिन्छ भने यसको साथै सतह ढल (सडक छेउको ढल) भएको देखिन्छ। सतह ढल सबैभन्दा बढी वडा नं. १३ मा भएको तथ्याङ्कले जनाएको छ। त्यसै गरी वातावरण व्यवस्थापन तथा सुधारको कार्यक्रम वडा नं. ५ र ११ वाहेक सबै वडाहरुबाट माग भई आएको छ। यी यावत समस्याले धरान न.पा. भित्र सबै वडाहरुमा विकासका पूर्वाधारहरु पुगेको तर त्यसको उचित व्यवस्थापन तथा संरक्षण नभएको भान हुन्छ भने सडकहरु प्रशस्त मात्रामा खुलेको देखिन्छ। यिनै भौतिक पूर्वाधार समस्याहरुमा विद्युत, बजार व्यवस्थापन, खानेपानी, पुल पुलेसा, सार्वजनिक शौचालय आदी सम्मेलित छन। वडा नं. ३, ६, ७, ९, १२, १५ र १८ को बजारहरु व्यवस्थापन तथा संञ्चालनको समस्या र आवश्यकता रही आएको देखिन्छ। यसरी एक टोल बस्तीबाट अर्को टोल बस्ती जोड्ने पुलहरु वडा नं. ३, ८, ९, १०, १२, १३ र १५ मा गरी १२ वटाको आवश्यकता देखिएको छ भने बजार क्षेत्रका वडाहरु ३, ९, १०, १२, १३ र १८ मा आधुनिक वधशाला हुनु पर्ने देखिन्छ। वडागत समस्याहरुमा विद्युको समस्या भन्नाले लाईन विस्तार, पोल तथा तार व्यवस्थापन र मर्मत सुधार हुनपर्ने आवश्यकता प्राप्त भएको छ। नगरको बजार क्षेत्र वडा नं. ३, ६, ७, १०, १२ र १३ मा सार्वजनिक शौचालय बनाई वातावरण स्वच्छ गर्नुपर्ने खाचों औल्याइएको पाईन्छ। त्यसै गरी सामाजिक तथा आर्थिक समस्याहरुमा मुख्यत सीपमुलक तालिम, रोजगारको समस्या ७ वटा वडा वाहेक १२ वटा वडाहरु महशुल गरी कार्यक्रमहरु माग गरेको देखिन्छ भने स्वास्थ्य समस्यामा केन्द्रहरु खोलिनु पर्ने तथा त्यसको लागी चाहिने भौतिक पूर्वाधार (भवन) को खाचो भएको देखिन्छ। वडागत समस्याहरुमा वडा नं. ५, ६ र ७ मा वाहेक सबै वडाहरुले भवन निर्माण गर्नुपर्ने आवश्यकता देखिन्छ। सडक पूर्वाधारको आवश्यकताले धरान न.पा. को वडा नं. १३, १५, १६ र १७ मा अधिक शहरीकरण भएको प्रमाणित गर्दछ।

तालिका नं. ३.३: शिर्षक अनुसार वडागत समस्याको स्तरण

| क्र.सं. | शिर्षक | वडा नं. | | | | | | | | | | | | | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ | १६ | १७ | १८ | १९ | वडा संख्या |
| 1 | भवन | १ | | १ | ३ | | | | १ | १ | १ | ५ | ३ | ५ | ७ | ७ | ७ | १ | २ | ५ | १५ |
| 2 | सतह ढल | ३ | १ | | ३ | | | | २ | | १ | ३ | ३ | ११ | ३ | ६ | १ | २ | | १ | १४ |
| 3 | आर्थिक विकास | १ | १ | १ | १ | | | | | ३ | | | १ | २ | | ३ | १ | २ | २ | २ | १२ |
| 4 | वातावरण व्यवस्थापन | ३ | | १ | ३ | | २ | ३ | १ | १ | ६ | | २ | १२ | २ | ७ | ३ | ३ | १ | २ | १६ |
| 5 | विद्युत | ३ | | १ | १ | २ | | | २ | २ | १ | | १ | १ | | ९ | १ | २ | १ | २ | १४ |
| 6 | सडक | ३ | २ | ६ | २ | १ | ४ | २ | ४ | ८ | ३ | ६ | ६ | १६ | ६ | १९ | २ | | ४ | १७ | १८ |
| 7 | सडक तथा सतह ढल | ३ | १ | ३ | | | | १ | २ | | | १ | २ | ५ | १ | २१ | २० | १३ | ५ | २ | १४ |
| 8 | स्वास्थ्य | | १ | | | | | | १ | | | | १ | | | | | | | | ३ |
| 9 | सामाजिक कार्यक्रम | | १ | १ | २ | | | | | १ | ५ | | | | | ७ | ४ | ४ | ४ | ३ | ९ |
| 10 | खानेपानी | | १ | २ | | | | | १ | | | १ | | ७ | | ६ | २ | ३ | १ | २ | ९ |
| 11 | वजार व्यवस्थापन | | | १ | | | १ | १ | | १ | | | १ | | | १ | | | १ | | ७ |
| 12 | वधशाला | | | १ | | | | | | १ | १ | | १ | २ | | | | | १ | | ६ |
| 13 | पुल | | | १ | | | | | १ | २ | १ | | १ | २ | | | | | | ५ | ७ |

| | | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **14** | सा. शौचालय | | | १ | | | १ | १ | | | १ | | १ | १ | १ | | | | | | ७ |
| **15** | पार्किङ | | | | | १ | १ | | | | १ | | २ | | | | | | | | ४ |
| **16** | शिक्षा | | | | | | | | १ | २ | | | | | | | | | | | २ |
| | जम्मा शिर्षक संख्या | १७ | ८ | २० | १५ | ४ | ९ | ८ | १६ | २२ | २१ | १६ | २५ | ६४ | २० | ९६ | ४१ | ३० | २२ | ४३ | |
| श्रोतः वडा भेला (२०६६) | | | | | | | | | | | | | | | | | | | | | |

### ३.३.२ नगर विकासका अवसर र सम्भावनाहरु

## भौतिक

समथर भू-भागमा भएको कारणले सडक यातायातमा पर्याप्त पहुँच पु-याउन सजिलै सकिन्छ । यहाँका जग्गाहरु खाली रहेका कारण आवासको निमित्त जग्गा विकास कार्यक्रमहरु लगायतका कार्यक्रमहरु लागू गर्ने प्रशस्त सम्भावनाहरु देखिन्छ ।

## वातावरण, खेलकुद तथा पर्यटन

प्रशस्त सार्वजनिक जग्गाहरु र समथर भू-भाग भएका कारण खेलकुद पूर्वाधार निर्माणमा निकै धेरै सम्भावनाहरु छन् । चारकोशे झाडी लगायतका क्षेत्रहरुको विकास गरी वराह क्षेत्र, कोशी टप्पु, भेडेटार जस्ता पर्यटकीय स्थलहरुसंग समायोजन गरी क्षेत्रीय पर्यटकीय सञ्जाल तयार गर्न सके आन्तरिक एवं वाह्य विशेष गरेर भारतीय पर्यटकहरुलाई आकर्षण गर्न सकिने प्रशस्त सम्भावनाहरु छन् । चारकोसे झाडी लगायत अन्य क्षेत्रहरु खुल्ला हरित क्षेत्रको रुपमा लिन सकिन्छ । त्यसको अलावा दुइ नदीहरु विचको क्षेत्र हरियाली बनाई वातावरण मैत्री शहरको रुपमा विकास गर्ने प्रशस्त सम्भावनाहरु छन् ।

## उद्योग

इटहरी र विराटनगर लगायत भारतको सीमा क्षेत्रका बजारहरुसम्म वरपरको कृषि उपजले बजार पाउने सम्भावना निकै देखिन्छ । त्यसबाहेक धनकुटा, तेह्थुम, भोजपुर, पाँचथर लगायतका पहाडी जिल्लाहरुमा समेत कृषि उत्पादनले आफ्नो बजार लिने सम्भावनाहरु निकै छन् । पूर्व-पश्चिम महेन्द्र राजमार्ग तथा कोशी राजमार्ग दुई राजमार्ग छुने भएकाले ढुवानीमा सरलताकाले गर्दा यहाँ पहिला नै धेरै उद्योगहरु संञ्चालनमा छन् । त्यसको अलावा नगर क्षेत्र वरपरका कृषि उत्पादन प्रशस्तै हुने हुँदा कृषिमा आधारित उद्योगहरुको सम्भावना निकै देखिन्छ ।
धरान नगर क्षेत्रमा मुख्यत वराहक्षेत्रबाट फलफुल, विष्णुपादुकाबाट तरकारी र पञ्चकन्याबाट तरकारी आयात तथा बजार रहेको छ जसले गर्दा नगर क्षेत्रमा कोल्ड स्टोर, दुध सम्वन्धी डेरी उद्योगहरु स्थापना गर्न सकिए नगरको आर्थिक उन्नति हुने प्रशस्त सम्भावना बोकेको छ । जग्गा विकास कार्यक्रमहरु लागु गरी स्वस्थ शहर वा क्षेत्र तथा बसोबास योग्य शहरको रुपमा आर्कषण गर्न सकिने अवसर रहि आएको छ ।
धरान नगरमा बस्ने अधिकांश गोर्खा तथा भारतीय सेनामा कार्यगत तथा सेना निवृतबाट आउने रेमिटेन्सहरुलाई एकतृत गरी उद्योगहरु स्थापना गरी आर्थिक रुपमा सवल  बनाउन सकिने प्रशस्त अवसर रहेको छ । त्यसै गरी यस नगर भई जाने अन्य जिल्लाहरुको लागी यो शहर Gate way Town को रुपमा विकसित  गराउन र त्यस मुताविका व्यापारीक पूर्वाधारमा त्वगअप  ध्वचम  र ध्वचभ ज्यगकभ हरु स्थापना गर्न सकिने अवसर रहेको छ भने यसलाई चाहिने जग्गा छिमेकी गाउँ पञ्चकन्यामा राख्ने हो भने अन्तर गाउँ तथा क्षेत्रहरुको समेत आर्थिक र सामाजिक उन्नति हुने देखिन्छ । अपुर संम्भावना तथा अवसरहरु यस  नगरमा भए पनि भविष्यको विकास उन्नति तथा दीर्घकालिन सोच निर्धारण गरे अनुरुप लानको लागी छिमेकी गाउँ तथा क्षेत्रहरुलाई पनि समेटेर लग्नुपर्ने खाचों रहेको देखिन्छ ।

### ३.३.३ विगतका प्रयास र उपलब्धिहरु

नगरको आर्थिक, सामाजिक, साँस्कृतिक तथा भौतिक विकासका लागि दीर्घकालीन सोच निर्धारण गरेर  निर्दिष्ट लक्ष्य र उद्देश्य हासिल गर्नका लागि ५ देखि ७ वर्ष अवधिका लागि बनाइएको दस्तावेज हो यो नगरपालिकाको आवधिक योजना । यस दस्तावेज निर्माण गर्दा नगरपालिकाको निर्धारित लक्ष्य र उद्देश्यहरु हासिल गर्न सिद्धान्त, रणनीति र कार्यनीति तथा

प्रमुख क्रियाकलापहरु समेत पहिचान गर्नुपर्ने हुन्छ जसका निम्ति यस विषय र स्थलसंग सम्बन्धित सम्पूर्ण कृति/प्रकाशन, प्रतिवेदन, नीति, नियम र कानून आदि बारेको अध्ययन गरेर विगतका प्रयास र उपलब्धिहरु हेर्नु नितान्त आवश्यक हुन्छ । योजना बनाउँदा पहिले बनाइएका योजनाहरु, गरिएका अध्ययन र अनुसन्धानहरुको खोजतलास गरिएन भने योजनाको दोहोरोपना (Duplication) को साथै योजना कार्यान्वयन पक्ष पनि फितलो हुन जाने हुन्छ । तसर्थ विगतका प्रयासहरुको अध्ययनको क्रममा यहाँ सकेसम्म बढी त्यस्ता ग्रन्थहरुको अध्ययन र पुनरावलोकन गर्ने कोशिश गरिएको छ ।

**धरान नगरपालिकाको एकीकृत कार्यमूलक योजना - २०५८**

आवास तथा शहरी विकास विभाग, स्थानीय प्रयासद्वारा शहरी विकास कार्यक्रम (udle/DUDBC) र धरान नगरपालिकाद्वारा तयार गरिएको यस योजना नेपाल अधिराज्यका अन्य शहरहरुमा जस्तै यस धरान नगरपालिकामा पनि सफल कार्यान्वयन हुन सकेको देखिदैन, जसका पछाडि थुप्रै कारणहरु हुन सक्छन् ।

यस एकीकृत कार्यमूलक योजना (IAP) ले धरानको भौतिक तथा वातावरणीय विकास योजनाको साथै वि.स २०५८ देखि २०६२ साल सम्मको वार्षिक योजनालाई समेटेको छ । त्यसको अलावा सो भित्र सम्पन्न हुन नसक्ने योजनाहरुलाई प्राथमिकता क्रम अनुसार नगरपालिकाले क्रमश: लागू गर्दै लैजाने भन्ने कुरा उल्लेख गरिएको छ । र यसमा समेटिएका योजनाहरु परिचालनका निमित्त आवश्यक स्रोत साधन जुटाउने मुख्य दायित्व नगरपालिकाको नै हुने भनिएता पनि सो सम्बन्धी आवश्यक कृयाकलाप हुन नसकेको स्थिति छ ।

नगरको वस्तुस्थित विवरण, वार्षिक प्रगति समीक्षाका प्रतिवेदनहरु अन्य अध्ययन प्रतिवेदनहरुको सहयोगमा नगरको विकासका लागि नगरपालिकाले गरेको विगत पाँच वर्षदेखिका विकास प्रयासहरुका र प्राप्त उपलब्धिहरुको संक्षिप्त विवरण तयार पारी निम्नानुसारले प्रस्तुत गरिएको छ:

- बजेट तथा कार्यक्रम निर्माण गर्दा नेपाल सरकारको निर्देशानुसार कार्यकारी अधिकृतले नै बोर्ड र परिषद्को क्षेत्राधिकारको विषयमा निर्णय गर्ने भएता पनि सर्वदलीय संयन्त्रको बैठक बसी सम्भव भएसम्म अधिक छलफल गरी सीमित श्रोतको अधिकतम सदुपयोग गर्ने र नगरबासीको अपेक्षालाई व्यवस्थापन गर्न सहमति भएका कार्यक्रमहरु र सोही अनुसार बजेट विनियोजन गरिएको छ ।
- पुल, बाटो, भवन र नहर, खानेपानी योजना सम्पन्न गर्नु मात्र विकास होइन, सामाजिक परिचालन, सामाजिक सचेतना जस्ता सामाजिक विकासको प्राथमिकता क्षेत्र हो भन्ने विकासको नवीन चिन्तन अनुरुप सेवाग्राही र सेवाप्रदायक निकायलाई सशक्तिकरण गर्न सामाजिक विकासका क्षेत्रमा हरेक वर्ष अघिल्ला वर्षहरुकोभन्दा अधिक कार्यक्रम र रकम विनियोजन गरिएको छ ।
- सामाजिक समावेशीकरण विकासको अपरिहार्य पूर्वशर्त हो । त्यसैले महिला, दलित, जनजाति, वृद्धवृद्धा, अपाङ्ग, अति विपन्न, युवा तथा खेलकूद विकास र स्थानीय पत्रकारिता विकासलाई योजनामा कार्यक्रमकै रुपमा समावेश गरिएको छ ।
- नगरपालिका भनेको शहर हो भन्ने धारणा रहे तापनि यस नगरपालिकाको अधिकांश बसोबास ग्रामीण क्षेत्रमा छ र आधारभूत शिक्षामा पहुँच पुर्‍याउन विगतदेखि शिक्षण संस्थाहरुलाई दिइदै आएको अनुदान कार्यलाई निरन्तरता दिइएको छ ।
- योजना निर्माण गर्नु मात्र महत्वपूर्ण कुरा होइन । योजना जनापेक्षी र भूगोल अनुकूल छ, छैन भन्ने कुरा महत्वपूर्ण हुने भएकाले त्यसको अध्ययन अनुसन्धान गरी आगामी नगर योजना निर्माण गर्न सकिएमा नगरको दीर्घकालीन विकास हुने भएकाले नगरको सम्भावना अध्ययन कार्यक्रम समावेश गरिएको छ ।
- सार्वजनिक सेवा क्षेत्रको विस्तारले गर्दा सरकार आफैंले सबै काम गर्न सम्भव वा पर्याप्त नहुने भएकोले र गैसस तथा निजी क्षेत्रसँग कार्य गर्न नेपाल सरकारको साझेदारी नीति जारी भइसकेको अवस्था रहेकोले नगर क्षेत्रमा कार्यरत सरकारी निकाय एवं गैससँग साझेदारीमा कार्य गर्ने संस्कारको प्रवर्द्धन गरिएको छ ।
- नगरपालिकाबाट सञ्चालन गरिएका विकास निर्माण सम्वद्ध योजनाहरुको दीगोपनाको लागि मर्मत सम्भार गर्न नगरपालिकाद्वारा स्वीकृत कार्यविधि अनुरुप कोष सञ्चालन हुने गरी सम्पन्न योजनाको कूल लागत रकमको २% ले हुन आउने रकम स्वीकृत योजनामा विनियोजित रकमबाटै कट्टा गरी नगरपालिकामा एक मर्मत सम्भार कोष स्थापना गरिएको छ । यसको सञ्चालन निर्देशिकासमेत नगर परिषद्बाट पारित गरिएको छ ।
- धरान नगरपालिकाबाट घर नक्सा पास गर्दा भवन तथा योजना मापदण्ड, २०५७ अनुशरण गरी घर नक्सा पास गर्ने नीतिगत निर्णय गरिएको छ । साथै, यसरी नक्सा पास गर्दा राष्ट्रिय भवन संहिता, २०६० र भूकम्प प्रविधि राष्ट्रिय समाज, नेपालद्वारा निर्दिष्ट न्यूनतम मापदण्ड अनुशरण गरेर मात्र नक्सा पास गर्न नीतिगत निर्णय गरिएको छ ।

- स्वीकृत कार्यक्रम र विनियोजित बजेट खर्च गर्दा सहस्राब्दी विकास लक्ष्य (MDG: Millennium Development Goal) लाई राष्ट्रिय सन्दर्भमा प्राप्त गर्न नगरपालिकामा स्थानीयकरण हुन निर्णय गरिएको छ ।
- विकास आयोजनाहरुमा स्थानीय उपभोक्ताहरुको अपनत्वको विकास गराई निर्माणमा जनसहभागिता कायम गर्न जोड दिईएको छ ।
- सुशासनको मुख्य आधार पारदर्शिता र सहभागिता हो भन्ने भावना अनुरुप हरेक तोकिएका रकमका योजनामा आयोजना होर्डिङ् बोर्ड र सरोकारवाला सेवाग्राहीसमेतको सहभागितामा सामाजिक परीक्षणको अभ्यासलाई प्रारम्भ र कार्यान्वयन सँगसँगै गरिएको छ ।
- नगरको आफ्नो श्रोत परिचालन गर्ने सन्दर्भमा राजस्व प्रक्षेपण कार्यक्रममार्फत् सम्भव राजस्व उठाउन कार्ययोजना तयार गरी गराई प्रयत्न शुरुवात गरिएको छ ।
- संस्थाबाट प्रवाह हुने सेवाको गुणस्तर सेवा प्रदायक कर्मचारीको क्षमता, सीप र संगठनको संरचनामा निर्भर हुने भएकोले संगठन विकास अध्ययन कार्यक्रम सम्पन्न गरिएको छ ।
- स्थानीय स्वायत्त शासन ऐनले व्यवस्था गरेका मौजुदा शाखाका साथै न्यूनतम शर्तअन्तर्गतका नगर सूचना केन्द्र तथा आन्तरिक लेखा परिक्षण (आ.ले.प.) शाखासमेतको स्थायी व्यवस्थापन गरिएको छ ।
- विकास भनेको भौतिक पूर्वाधार निर्माण गर्नु मात्र हो भन्ने परम्परागत सोचमा परिमार्जन गरी जनपरिचालन मार्फत् गरिबी न्यूनीकरण तथा समावेशी प्रकृतिका कार्यक्रमहरु सञ्चालित गरिएका छन् ।
- नगरको समानुपातिक विकासको लागि बजेट तथा कार्यक्रम नगरका १९ वटै वडाहरुमा जनसंख्या र क्षेत्रसमेतलाई मध्यनजर गरी औचित्यका आधारमा समानुपातिक हिसाबले विनियोजन गरिएको छ ।
- धरानको शहरी विकासको निम्ति शुद्ध र पर्याप्त खानेपानीको व्यवस्थापन गर्नु सरोकारवाला सबैको कर्तव्य हो । यसका निम्ति उपयुक्त ठाउँमा मुहान पहिचान गरी सम्भाव्यता अध्ययन तथा विस्तृत परियोजना प्रस्तावसमेत गरिएको छ ।
- नगरका अत्यन्तै निःसहाय वृद्धवृद्धाको र सडक बालबालिकाको समेत अवस्था पहिचान गरी उपयुक्त सहयोग र साझेदार निकायमार्फत् विशेष सामाजिक विकास कार्यक्रम सञ्चालन गरिएको छ ।
- विकाससँगै स्थानीय रोजगारीको श्रृजना गर्न र वातावरण संरक्षण एवं प्रकोप न्यूनीकरणसमेतलाई टेवा पुरचाउन नगर क्षेत्रभित्र विशेषतः उपभोक्ता समितिबाट गरिने कार्यमा हेभि इक्वेप्मेण्ट (Heavy Equipment) को प्रयोगलाई पूर्णरुपमा निषेध गरिएको छ ।
- धरान नगरपालिका क्षेत्रमा जोखिम न्यूनीकरण गर्न जोखिम न्यूनीकरण र व्यवस्थापन गर्न Risk Resilience Committee (RRC) को गठन गरिएको छ । यसको संरक्षकमा नगर प्रमुख र अध्यक्षमा कार्यकारी अधिकृत हुने व्यवस्था गरिएको छ ।
- स्थानीय स्वायत्त शासन नियमावलीको नियम २७६ ले दिएको अधिकार प्रयोग गरी निम्न निर्देशिकाहरु स्वीकृत गरी जारी गरिएका छन्।

## विगत र वर्तमानको उपलब्धिको तुलनात्मक स्थिति

विगतका विकास प्रयासहरुको प्रतिफल स्वरुप प्राप्त उपलब्धिको तुलनात्मक स्थिति तयार पारी तालिका नं. ३.४ मा प्रस्तुत गरिएको छ । यसबाट के कस्तो परिवर्तन भयो स्पष्ट हुन आउँछ । तथापि विभिन्न समयमा गरिने तथ्यांक संकलनको विधि फरक फरक पर्न सक्ने हुँदा उपलब्धिहरुबीच तुलना गर्न केही अप्ठ्यारो पर्न सक्छ ।

तालिका नं. ३.४: विगत र वर्तमानको तुलनात्मक स्थिति

| विवरण | ०५८ को स्थिति | २०६२को स्थिति | परिवर्तन | कैफियत |
|---|---|---|---|---|
| **जनसंख्याः** | | | | |
| कूल जनसंख्या | 95332 | 97426 | +2094 | |
| जनघनत्व (प्रति वर्ग कि.मी.) | 922.15 | 945.88 | -23.73 | |
| जनसंख्या वृद्धिदर | 2.96 | 3.61 | +0.65 | |
| परिवारको आकार (सदस्य) | 4.66 | 4.3 | -0.36 | |
| **शिक्षाः** | | | | |
| विश्वविद्यालय | 1 | 1 | 0 | |

| | | | | |
|---|---|---|---|---|
| क्याम्पस | 4 | 4 | 0 | |
| उच्च माध्यमिक विद्यालय | | 8 | | |
| माध्यमिक विद्यालय (निजी समेत) | | 30 | | |
| निम्न माध्यमिक विद्यालय (निजी समेत) | | 19 | | |
| प्राथमिक विद्यालय (निजी समेत) | | 51 | | |
| विशेष शिक्षालय (अन्धा, वहिरा) | | 3 | | |
| प्राविधिक शिक्षालय | | 5 | | |
| निजी विद्यालय जम्मा | | 85 | | |
| सरकारी विद्यालय जम्मा | | 27 | | |
| साक्षरता प्रतिशत- सरदर<br>पुरुष<br>महिला | 77.19<br>85.36<br>69.32 | | | |
| विद्यालय जाने उमेर समूहका (६-२५) वर्षमध्ये | 74.18 | | | |
| **स्वास्थ्य सुविधाः** | | | | |
| अस्पताल | 1 | 1 | 0 | |
| उप स्वास्थ्य चौकि | | 1 | 0 | |
| प्राइभेट क्लिनिक | | 40 | | |
| नर्सिङ् होम | | 1 | 1 | |
| स्वास्थ्य क्लिनिक | | 6 | | |
| **मोटरबाटोः** | | | | |
| कालोपत्र (कि.मी.) | | 72.437 | | |
| ग्राभेल (कि.मी.) | | 25.948 | | |
| कच्ची/मौसमी (कि.मी.) | | 90.130 | | |
| मोटरबाटो पुगेका वडा संख्या | | सवै | | |
| पक्की पुल (वटा) | | 8 | | |
| फुट ब्रिज | | 4 | | |
| **हुलाकः** | | | | |
| जिल्ला हुलाक | | 1 | | |
| जिल्ला हुलाक वजार काउण्टर शाखा | | 1 | | |
| अतिरिक्त हुलाक | | 1 | | |
| **टेलिफोनः** | | | | |
| PSTN | | 11177 | | |
| टेलिफोन सेवा (C-Dot) पुगेको वडा संख्या | 19 | 19 | 0 | |
| सार्वजनिक टेलिफोन वुथ | | 18 | | |
| **विद्युत सेवाः** | | | | |
| राष्ट्रिय प्रसारण पुगेको घर संख्या | 10971 | 17046 | +6075 | |
| सोलार होम सिस्टम | | | | |
| गोबर ग्याँस | | 67HH | | |
| **खानेपानी सुविधाः** | | | | |
| खानेपानी उपलब्ध भई लाभान्वित घरधुरी | 9073 | 12324 | +3251 | |
| खानेपानीको धारा संख्या | 992 | 1679 | +687 | |
| **बन तथा वातावरण** | | | | |
| बनले ढाकेको कूल क्षेत्रफल (हेक्टर) | | 155 | | |
| हस्तान्तरित सामुदायिक बन क्षेत्रफल (हेक्टर) | | 685.57 | | |
| **उद्योग** | | | | |
| कूल दर्ता भएका व्यावसाय संख्या | | 5894 | | |
| उद्योग संख्या | | 206 | | |

| | | | | |
|---|---|---|---|---|
| औद्योगिक रोजगारी संख्या | | 350 | | |
| **गरिबीः** | | | | |
| सुकुम्वासी घरपरिवार | | 3500 | | |
| आफ्नो कृषि उत्पादनबाट १ देखि ३ महिनासम्म | | 6.58 | | |
| **पर्यटनः** | | | | |
| पर्यटकस्तरका हेटल, रिर्जोट संख्या | | 1396 | | |
| प्रत्यक्ष रोजगारी (जना) | | 2000 | | |
| अप्रत्यक्ष (जना) | | 150 | | |
| नगर भित्र प्रवेश गर्ने पर्यटक संख्या | | 2000-3000 | | |
| पर्यटकको सरदर बसाई (दिन) | | 2 | | |
| श्रोत (२०५८): केन्द्रीय तथ्यांक विभाग, एकिकृत कार्यमुलक योजना, २०५८ र सुनसरी जिल्ला पार्श्वचित्र (२०६५) | | | | |


## ३.४ नगर विकासका अग्रणी क्षेत्र

प्रत्येक नगरपालिकाको आ-आफ्नो महत्व र विशेषता रहेको हुन्छ । साधन र स्रोतको हिसाबले हरेक नगरपालिका एक अर्काबाट फरक हुन्छ । उपलब्ध साधन तथा श्रोत फरक हुनाका कारणले विकासका संभावनाहरु समेत फरक फरक रहेका हुन्छन् । नगरपालिकाले आफ्नो क्षेत्रका विधमान विकासका संभावना (Potentiality) लाई पहिचान गरी सही परिचालन गरेमा विकासको गति तीव्र हुन गई यसबाट दीर्घकालीन सोच हासिल गर्न मद्दत पुग्ने हुन्छ । विकासका लागि पहिचान गरिने यस्ता क्षेत्र एक वा एकभन्दा बढी पनि हुन सक्छन् जसलाई अग्रणी क्षेत्र (Lead Sector) भनिन्छ ।

अग्रणी क्षेत्रको पहिचान प्रत्यक्ष रुपमा सम्भावनासँग सम्बन्धित रहने हुनाले यसको निर्धारणका लागि नगरपालिकाको आर्थिक अवस्था, विकासको गति, विकासका संभावना आदि पक्षको विस्तृत विश्लेषण गरेर कुन क्षेत्रले के कस्तो भूमिका निर्वाह गरिराखेको छ र भविष्यमा यी मध्ये कुन क्षेत्रले अग्रणी भूमिका खेल्न सक्छ, त्यसको निक्यौल गर्न ध.न.पा.ले सरोकारवालाहरुको व्यापक सहभागितामा कार्यशाला आयोजना गरेको थियो । सो कार्यक्रममा ध.न.पा.का लागि अग्रणी क्षेत्रको पहिचान गर्न सहभागीहरुलाई चार समूहमा विभाजन गरिएको थियो । सहभागीहरुबाट शिक्षा, व्यवसायिक कृषि, उद्यम, पर्यटन, प्रशासनिक ईकाइ, स्वास्थ्य जस्ता क्षेत्रहरुको प्रस्ताव गरिएको थियो । प्राप्त सुझावका आधारमा योजना टोलीको बैठकद्धारा धरान न.पा.का अग्रणी क्षेत्रहरुका रुपमा कुनै श्रेणीक्रममा नराखीकन **शिक्षा** (Education)**, स्वास्थ्य** (Health)**, पर्यटन** (Tourism), **व्यापारिक पूर्वाधार** (Trade Infrastructures), **बहुसांस्कृतिक** (Multi-cultral) र **आवासीय**(Residential) लाई आत्मसात् गर्ने निर्णय गरिएको छ (चित्र नं. ३.१)।

कुनै पनि नगरपालिकाको विकास आर्थिक स्वावलम्बनको धरातलमा नटेकीकन दीगो हुन सक्दैन ।

चित्र नं.३.१: धरान न.पा.का अग्रणी क्षेत्रहरु



नगरपालिका भन्नासाथ आर्थिक क्रियाकलापहरु बढी हुने, गैर कृषि व्यवसायहरु सक्रिय हुने, जनघनत्व उच्च हुने एवं कर (Tax) को दायरा फराकिलो पार्न सकिने बसोबास क्षेत्र भन्ने बुझिन्छ । नगरपालिकालाई आर्थिक रुपले सक्षम बनाई आर्थिक-सामाजिक विकासको मूल फुटाउन उद्यम (व्यवसाय, उद्योग, रोजगारी आदि) को सबैभन्दा ठूलो हात हुने तथ्यमा दुईमत नहोला । यसै परिप्रेक्ष्यमा ध.न.पा.को अग्रणी क्षेत्र भनेर पहिचान गरिएका छ वटा क्षेत्र ( शिक्षा, स्वास्थ्य, पर्यटन, व्यापारिक पूर्वाधार, बहुसांस्कृतिक र आवासियलाई धरान न.पा.को आर्थिक विकास हुने परिकल्पना गरिएको छ । यसकालागि शिक्षा, स्वास्थ्य, पर्यटन, व्यापारिक पूर्वाधार, बहुसांस्कृतिक र आवासिय क्षेत्रलाई उद्यमका रुपमा विकसित गर्दै लैजाने सोचाइ धरान न.पा.ले राखेको छ जसका आधारहरु निम्नानुसार छन् :

**(क) शिक्षा :** हावापानीको हिसाबले अति स्वच्छ, हरियालीयुक्त तथा शान्त वातावरणका कारण धरान न.पा. शैक्षिक संस्थाहरुका लागि उपयुक्त स्थल हो । समुचित पूर्वाधार उपलब्ध गराउन सके दार्जिलिङ्ग, देहरादूनकै जस्तो प्राकृतिक वातावरण एवं हावापानीमा गुणस्तरीय शिक्षा प्रदान गर्न सकिने सम्भावना रहेको छ । धरान नगरपालिका शिक्षा क्षेत्रमा निकै अग्रस्थानमा रहेको देखिन्छ । किनकी ग्रामीण भेग र छिमेकी जिल्ला र गा.वि.स. मात्र नभई नेपाल र विदेशबाट समेत शिक्षा आर्जन गर्ने अवसर प्रदान गर्ने शहरको रुपमा परिचित छ । डाक्टर, ईन्जिनियर जस्तो जनशक्ति उत्पादन गर्ने थलोको रुपमा लिन सकिन्छ । तर यसकोलागि सरकारी वा ध.न.पा.को प्रयास मात्र पर्याप्त नभई निजी लगानीकर्ताहरुको भूमिका पनि महत्वपूर्ण रहन्छ । शैक्षिक क्षेत्रको विकासले यस ध.न.पा.मा अन्य आर्थिक गतिविधिहरुलाई उर्जा प्राप्त हुने निश्चित छ ।

**(ख) स्वास्थ्य:** पुर्वाञ्चल विकास क्षेत्रको स्वास्थ्य सेवालाई प्रभावकारी रुपमा दिन सफल विपि कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठनको भुमिका महत्वपूर्ण रहेको छ । स्वास्थ्य उपचार सेवा मात्र नभई दक्ष स्वास्थ्य प्राविधिक उत्पादन गर्नमा समेत ठूलो योगदान दिदै आएको छ । त्यसैले धरान न.पा.को परिचय स्वास्थ्यसंग पनि घनिष्ट रहेको देखिन्छ ।

**(ग) पर्यटन :**स्वच्छ हावापानी, डाँडाकाँडा, साना तर सुन्दर बस्तीहरु, यातायातको सुगमता, ठूला शहरहरु ( इटहरी र बिराटनगर) सँगको सामिप्यता आदि नै धरान न.पा.का पर्यटकीय आकर्षण हुन् । धर्मावलम्बी पर्यटककालागि केही धार्मिक स्थलहरु समेत रहेको यो धरान न.पा. राई र लिम्वु समुदायको उद्‌गम स्थल र एकमात्र बसोबास स्थल हुनाले सामाजिक अध्ययनको लागि पनि आकर्षणको स्थल बनेको छ । गर्मी याममा तराई र मधेशको सट्टा धरानमा आई सभा, सेमिनार आदि गर्न, प्रोत्साहन गर्न सकिन्छ ।  स्वस्थ हावापानी सुन्दर भौगोलिक वनावट, तराई र पहाडको संगम स्थलका साथै धार्मिक तिर्थस्थल समेतको सामान्यस्थता भएको शहरको रुपमा धरान न.पा. लाई लिन सकिन्छ । स्वदेशी तथा विदेशी धार्मिक तथा अन्य पर्यटकलाई धरानले आर्कषण गर्न सकेको छ । त्यसैले यस शहरलाई पर्यटकीय रुपमा चिनारी  गर्न सकिन्छ ।

**(घ) व्यापारिक पूर्वाधार:**  धरानको ऐतिहासिक विकास क्रम देखी आजको वर्तमान अवस्थासम्म हेर्दा यो शहर व्यापारीक केन्द्रको रुपमा रहदै आएको बुझिन्छ । स्वदेशी ठूला शहरहरु र भारतीय व्यापारीक केन्द्रहरु यो शहरबाट नजिक रहेको छ । ठूला शहर र ग्रामीण क्षेत्रको समेत संगम स्थल भएकोले पनि अनुकुल व्यापारीक पूर्वाधार युक्त शहर भन्न सकिन्छ ।

**(ङ) वहुसांस्कृतिक:**  धरान न.पा.भित्र धेरै जात जातिहरुको बसोबास रहेको छ । जाति अनुसार धर्म, भाषा, भेषभुसा धार्मिक तथा सांस्कृतिक परम्परा र रीतिरिवाज पनि विविध प्रकारको रही आएको देखिन्छ । नेपाली ग्रामीण भेगका मात्र नभई तराईका आदीबासी र भारतीय मुलका मानिसहरु समेत रहदै आएका छन् । यसरी विविध प्रकारका जाति अनुसारका धार्मिक मुल्य र मान्यता रीतिरिवाज र संस्कारको संगम स्थल रहेकोले पनि वहुसांस्कृतिक परिचय दिने शहरको रुपमा रहेको छ ।

**(च) आवासीय:** पहाडी  ग्रामीण भेग र तराईको संगम स्थलको रुपमा रहेको छ । यहाँको भौगोलिक वनावट, हावापानी, गुणस्तरीय, स्वास्थ्य शिक्षाको प्रसस्त अवसर, यातायात, संञ्चार, विद्युतको शुलभता यस शहरमा रहेको छ । आधुनिक किसिमको सुविधा युक्त वस्तीहरु यहाँका आकर्षणका केन्द्र हुन् । धार्मिक र पर्यटकीय स्थलहरु रहेकोले पनि यो शहरलाई आवासीय शहरको रुपमा स्थापित भएको र अझ विकसीत आवास योग्य शहरको रुपमा विकास गर्न सकिन्छ ।

यी अग्रणी क्षेत्रहरुका सवल र दुर्वल पक्ष एवं अवसर र चुनौतीहरुलाई तालिका नं. ३.५ मा प्रस्तुत गरिएको छ :

तालिका नं. ३.५: अग्रणी क्षेत्रहरुसँग सम्बन्धित सवाल र दुर्वल पक्ष एवं अवसर र चुनौतीहरु

| क्र.सं. | अग्रणी क्षेत्र | सहायक क्षेत्र | प्रमाणित गर्ने आधार | सवल/दुर्वल पक्ष | अवसरहरु/चुनौतीहरु |
|---|---|---|---|---|---|
| १ | **शिक्षा** | - प्राविधिक शिक्षा<br>- व्यवसायिक शिक्षा<br>- विज्ञान शिक्षा<br>- नागरिक शिक्षा<br>- बाल शिक्षा<br>- प्रौढ शिक्षा | - पूर्वाधार विकास<br>- अध्ययन/अनुसन्धान केन्द्र<br>- प्राविधिक शिक्षण संस्था<br>- छात्रवृत्ति<br>- व्यवस्थापकिय सीपमूलक तालिम<br>- शैक्षिक लगानी<br>- प्रतिफल<br>- बढ्दो विद्यार्थी दर<br>- दक्ष शिक्षक उपलब्धता | **सवल पक्ष:**<br>- आवश्यकता<br>- वातावरण<br>- पूर्वाधार<br>- कृषि,पर्यटन जस्ता संभाव्यता को आधार<br>- व्यवहारिक शिक्षाको शुरु भइसकेको<br>- उपयुक्त वातावरण<br>- महेन्द्र बहुमुखी क्याम्पस, इ.अ.स., पुर्वान्चल क्याम्पस, वि.प्र क्याम्पस तथा उच्च मा.वि.हरु रहेको<br>- भौतिक पूर्वाधार भएको | **अवसरहरु:**<br>- स्वच्छ शैक्षिक वातावरण<br>- शैक्षिक केन्द्रको रुपमा अवस्थित<br>- शैक्षिक प्रतिस्पर्धा |
| | | | | **दुर्वल पक्ष:**<br>- लगानी धेरै हुने तर लगानी कर्ताको अभाव<br>- उपयुक्त जनशक्ति विकास योजनाको अभाव | **चुनौतीहरु**<br>- प्रभावकारी अनुगमन तथा निरिक्षण<br>- शहरमुखी शैक्षिक अवसर<br>- आर्थिक हैसियत |
| २ | **स्वास्थ्य** | - वाल स्वास्थ्य कार्यक्रम<br>- सुडेनी, पोषण, खोप कार्यक्रम<br>- परिवारनियोजन - स्वास्थ्य<br>- शिक्षा-उपकरण तथा भौतिक सुविधा<br>- दक्ष प्राविधिक | - पूर्वाधार विकास<br>- अध्ययन/अनुसन्धान केन्द्र<br>- सुविधा सम्मपन्न अस्पताल | **सवल पक्ष**<br>- वि.पि.को.स्वा.वि.प्र को अस्पताल,<br>- खोप केन्द्र<br>- स्वास्थ्य शिक्षाको प्रचारप्रसार<br>- घुम्ति क्लिनिक<br>- निजी स्तरका अस्पताल तथा स्वास्थ्य निकाय | **अवसरहरु:**<br>- वि.पि.को.स्वा.वि.प्र. को भौतिक पूर्वधारहरु<br>- सामुदायिक अस्पतालको स्थापना<br>- विभिन्न संघसंस्थाको संक्रियता |
| | | | | **दुर्वलपक्ष:**<br>- जनचेतनाको कमी<br>- आर्थिक अभाव<br>- धामिझाक्रिमा विश्वास | **चुनौतीहरु:**<br>- फोहोरमैला उचित व्यवस्था गनु पर्ने<br>- स्वास्थ्य सेवा सर्वसुलभ बनाउने<br>- प्रभावकारी उपचार सेवा नमएको<br>- जि. स्वास्थ्यको कार्यलयको अभिलेख<br>- न.पा.को अभिलेख<br>- स्थानिय संघसंस्थाको प्रतिवेदन<br>- दक्ष स्वास्थ्य जनशक्तिको अभाव<br>- आधुनिक स्वास्थ्य उपकरणको अभाव<br>- भौतिक पूर्वाधारको अभाव<br>- वडा स्तरमा स्वास्थ्य |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | केन्द्रहरुको अभाव<br>- नगर क्षेत्रमा स्वास्थ्य पिउने पानीको अभाव<br>- विद्यालय तथा समुदाय स्तरिय स्वास्थ्य शिक्षाको कमी<br>- सुरक्षित मातृत्व, वाल मृत्यू दर बारे जानकारी एंवम नियन्त्रणको अभाव<br>- असाहय/गरिवहरुको लागी स्वास्थ्य सेवाको पहुँच नहुनु<br>- व्यवस्थित पशु बधशालाको अभाव<br>- खाद्य गुणस्तर नियन्त्रणको कमी<br>- व्यवस्थित ढल निकाशको समस्या<br>- स्वास्थ्य संस्था वरिपरी मादक पदार्थ बेचविखनको समस्या<br>- अस्पताल जन्य फोहरमैला व्यवस्थापनको समस्या<br>- अव्यवस्थित पशुपालन |
| ३ | **पर्यटन** | - होटल व्यवसाय | - सांस्कृतिक प्रवर्द्धन<br>- मनोरञ्जन स्थल पहिचान/ विकास व्यवस्थित बसोवास<br>- पूर्वाधार विकास<br>- स्टेशन को रुपमा विकास<br>- अन्तरजिल्ला तथा गा.वि.स. सम्वन्ध विकास | **सवल पक्षः**<br>- सांस्कृतिक विविधता र सम्पन्नता<br>- लिम्बु राईको उद्गम थलो<br>- हावापानी<br>- मनोरम भूगोल<br>- कोशी वन्यजन्तु आरक्षण र चार कोशे झाडी नजिक रहेको शहर ।<br>- वरीपरी रहेको धार्मिक स्थलहरु ।<br>- तराई र पहाडको संगम स्थल । | **अवसरहरुः**<br>- हिमाली र पहाडी क्षेत्र पदयात्राको लागि केन्द्र बिन्दु बन्न सक्ने |
| | | | | **दुर्वल पक्षः**<br>- पर्यटन पूर्वाधारको कमी | **चुनौतीहरुः**<br>- निजि क्षेत्रलाई कसरी आकर्षित गर्ने?<br>- गैर संस्थाहरुलाई पर्यटन विकासमा परिचालन गर्न नसक्नु । |
| ४ | **व्यापारिक पूर्वाधार** | - ग्रामिण क्षेत्रको व्यापारिक केन्द्र ।<br>- आवाश्यकिय साम्राग्रीको आपूर्ति तथा भण्डारण<br>- ऐतिहासिक बजार क्षेत्र | - नगर बस्तीको अवस्था<br>- सामाग्रीको सुलभता<br>- सुविधा सम्पन्न बजार<br>- व्यापारीको राम्रो प्रभाव<br>- बसोबास योग्य<br>- ग्रामिण बस्तीबाट नजिक<br>- आवश्यकीय सामाग्री सुलभ | **सवल पक्षः** | **अवसरहरुः**<br>- पूर्वाञ्चलको सदरमुकाम<br>- विभिन्न संघ संस्था, क्याम्पस भएको<br>- विभिन्न आयोजना सञ्चालन हुने अवस्था भएको<br>- राजनैतिक स्थीरता भएको<br>- नजिकमा ठुला शहरहरु भएको<br>- लगानीकर्ता बैंकहरु भएको<br>- स्थानिय सामाग्री उत्पादनमा प्रोत्साहन |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | - उत्पादीत वस्तु ल्याउन नजिक | | - सामाग्री ढुवानी गर्न सहज<br>- व्यापारीक केन्द्रको रुपमा स्थापित |
| | | | | **दुर्वल पक्ष**:<br><br>- कृषि सडकले क्षेत्र समेटन नसकेको<br>- सहकारीताको अभाव<br>- अन्य क्षेत्रसंग पनि प्रतिस्पर्धा गर्नुपर्ने<br>- भारतीय बजार नजिक हुनु<br>- ईटहरी र विराटनगर जस्ता शहरको प्रभाव पर्नु | **चुनौतीहरु**:<br><br>- शिक्षित व्यक्ति आकर्षित नहुनु<br>- शान्ति सुरक्षाको आभावले यातायात बन्द हुने अवस्था भएको<br>- सुरक्षाको प्रभावकारी व्यवस्था नहुनु<br>- दुर्व्यसनिको संख्या बढ्दै जानु<br>- व्यापारमा अस्वस्थ प्रतिस्पर्धा हुनु |
| ५ | **वहु सांस्कृतिक** | - विभिन्न जाति तथा धर्मावलम्वीहरुको बसोबास<br>- नगरका विभिन्न धार्मिक स्थल मठ, मन्दिरहरु<br>- दुई वा त्यो भन्दा बढी धार्मिक आस्था भएका<br>- जाति तथा जनजातिहरुको बसोबास। | - | **सवल पक्ष**:<br><br>- सांस्कृतिक विभिधता<br>- धर्म प्रतिको आस्था<br>- ऐतिहासिक स्थल | **अवसरहरु**:<br><br>- विभिन्न संस्कृतिको अध्ययन र अनुसन्धानको क्षेत्र।<br>- आफ्नै किसिमको सभ्यता र संस्कृतिको पहिचान गर्न अग्रसरा<br>- फरक धर्म र संस्कृति भएका मानिसहरुको बसोबास गर्ने अवसर |
| | | | | **दुर्वल पक्ष**:<br><br>- पश्चिम सभ्यता र संस्कृति प्रति नयाँ पुस्ताको आर्कषण<br>- ऐतिहासिक तथा धार्मिक ज्ञानको कमी | **चुनौतीहरु**:<br><br>- पाश्चात्य संस्कृतिको नक्कल गर्ने युवा पुस्ता<br>- नजिकको भारतीय सिमा खुल्ला हुनु। |
| ६ | **आवासीय** | - व्यवस्थित शहरको रुपमा स्थापित<br>- सीप र दक्षता प्राप्त गर्ने अवसर<br>- उपयुक्त भु-बनोट | - खुल्ला र फराकिलो बाटो<br>- बस्ती बस्तीमा उचित सडक<br>- अनुकुल किसिमको हावापानी<br>- पहाड र तराईको संगम स्थल<br>- अनुकरणीय प्राकृतिक अवस्था | **सवल पक्ष**:<br><br>- शैक्षिक शहर<br>- पूर्वाधार विकास<br>- व्यवस्थित<br>- स्वास्थ्य सेवा र सुविधा<br>- सहयोगी समुदाय | **अवसरहरु**:<br><br>- लगानी गर्नको लागी बैङ्कहरु प्रसस्त भएको ।<br>- स्वदेशी तथा विदेशी गैंह सहकारी भएको संस्था<br>- बसोबास गर्न योग्य भौगोलिक संरचना<br>- सुविधा प्राप्त गर्न सजिलो<br>- शैक्षिक र आर्थिक उन्नति गर्न सक्ने प्रसस्त अवसरहरु |
| | | | | **दुर्वल पक्ष**:<br><br>- खानेपानीको अभाव<br>- अन्य बजार भन्दा महङ्गो सामाग्री<br>- नगर बसको संञ्चालन कम | **चुनौतीहरु**:<br><br>- लागत जुटाउन कठिन<br>- घरजग्गा कारोवार सुरक्षित नहुनु<br>- तिब्र जनसंख्या वृद्धि हुदै जानु<br>- बसाई आउने संख्या बढ्दै जानु |

## ३.५. नगरपालिकाको भौतिक विकास योजना

### ३.५.१ परिभाषा, उद्देश्य एवं प्रक्रिया


भौतिक विकास योजना (Physical Develoment Plan) ले नगरको शहरी विकास प्रक्रियालाई योजनाबद्ध तवरले विकास गर्दै लैजान आवश्यक दिशानिर्देश गर्दछ । यस अन्तर्गत शहर कुन क्षेत्र तर्फ विस्तार गर्ने भनी शहरी विस्तार क्षेत्रको निर्धारण, नगरमा उपलब्ध जमिन के कस्ता प्रयोजनको लागि उपभोग गर्न दिने, भू-उपयोग क्षेत्रको निर्धारण गरी सोको नक्सा समेत तयार गरिएको हुन्छ । यसै गरी, शहरी विस्तार क्षेत्र तथा भू-उपयोग क्षेत्रको सफल कार्यान्वयनका लागि पूर्वाधार विकास योजना तथा पूर्वाधार निर्माणका लागि नगरपालिकाको लागानी नीतिहरु (Investment Policies) लगायतका कार्यक्रम तथा विनियमहरुको समेत पहिचान गरिएको हुन्छ । यसै अनुरुप निम्नानुसारका उद्देश्यहरु प्राप्त हुने गरी भौतिक विकास योजना तर्जुमा गरिएको छ।

**भौतिक विकास योजनाका उद्देश्यहरु**

- विधमान पूर्वाधारहरुको अधिकतम उपयोग गर्दै धरान न.पा.को भौगोलिक अवस्थितिलाई अनूकुल हुने गरी शहरी विस्तारलाई उपयुक्त दिशामा योजनावद्ध तवरले विकास गर्न निर्देश गर्ने,
- विधमान र प्रस्तावित शहरी विकास तथा पूर्वाधार लगानी कार्यक्रमबीच मितव्ययी तरिकाले तालमेल गर्ने,
- प्रभावकारी तवरले जग्गा जमिनको प्रयोग गरी स्वच्छ वातावरण कायम गर्न भू-उपयोग क्षेत्र निर्धारण गर्ने र सो को कार्यान्वयनका लागि आवश्यक नीति तथा विनियम (भवन निर्माण, भौतिक योजना आदि) तर्जुमा गर्ने, र
- व्यवस्थित रुपले वस्ती विस्तार क्षेत्रहरुको क्रमशः विकास गर्दै लैजान जग्गा विकास कार्यक्रम संचालन गर्न उपयुक्त क्षेत्रहरुको पहिचान गर्ने ।

**भौतिक विकास योजना तर्जुमा प्रक्रिया**

नगरको दीर्घकालीन सोच (Vision) प्राप्त गर्न अवसरयुक्त क्षेत्रहरु, शहरी (वस्ती) विस्तारका लागि बाधा तथा अवसरयुक्त क्षेत्रहरु, र विधमान भौतिक तथा सामाजिक पूर्वाधार सेवा/सुविधाहरुको विस्तृत विश्लेषणको आधारमा भौतिक विकास योजना तर्जुमा गरिएको छ । यसरी विश्लेषण गर्ने कार्यको लागि विभिन्न विषयका विषयगत नक्साहरु तयार गरिएका छन् । भौतिक विकास योजना तर्जुमा प्रक्रिया चित्र नं. ३.२मा आधारित छ।




श्रोत: नगरपालिकाका लागि आवधिक योजना तर्जुमा निर्देशिका (अन्तिम मस्यौदा,२०५९), स्थानीय विकास मन्त्रालय

चित्र नं. ३.२: भौतिक विकास योजना तर्जुमा प्रक्रिया

### ३.५.२ योजनागत नक्साहरु र विश्लेषण

नगरपालिकाको भौतिक विकास योजना तर्जुमा गर्नका लागि नक्साहरु अति आवश्यक हुन्छन् । स्थानीय स्वायत्त शासन ऐन, २०५५ ले पनि नगरपालिकाको वस्तुस्थिति देखिने गरी श्रोत नक्सा (Source Map) तयार गर्नुपर्ने प्रावधान गरेको छ । यस अध्ययनकोलागि १:२५,००० को माननापमा उपलब्ध ध.न.पा.को टोपोग्राफी नक्सा (Topography Map) लाई नै श्रोत नक्साको लागि आधार नक्सा (Base Map) को रुपमा प्रयोग गरिएको छ । ध.न.पा.को दीर्घकालीन शहरी विस्तार क्षेत्र तथा भू-उपयोग क्षेत्र सम्बन्धी नीतिहरु तर्जुमाको लागि आवश्यक विश्लेषण गर्न निम्नानुसारका विषयगत नक्सा (Thematic Maps) तयार गरी **नक्सा खण्ड ४ मा** प्रस्तुत गरिएको छ:

१. अवस्थिति (Location)

२. क्षेत्रीय पृष्ठप्रदेश (Regional Hinterland)

३. प्रशासनिक विभाजन (Administrative Division)

४. समोच्च रेखा (Contour)

५. भू-बनावट (Topography)

६. बस्ती (टोल विकास संगठन)

७. भू-उपयोग ( बजार, आवास, उधोग, कृषि क्षेत्र आदि) (Landuse)

८. सडक सञ्जाल (Road Network)

९. नदी एवं खोलानाला

१०. विद्युत  वितरण

११. खानेपानी वितरण

१२. महत्वपूर्ण स्थलहरु (ऐतिहासिक,पुरातात्विक,एवं,सांस्कृतिक सम्पदाहरु)

१३. सेवा केन्द्र (स्वास्थ्य संस्था, अस्पताल, शिक्षण संस्थाहरु, हुलाक आदि)

### ३.५.३ शहरी विस्तार क्षेत्र निर्धारण

धरान न.पा.को शहरी विस्तार (Urban Expansion) को लागि उपलब्ध अवसरहरु (Opportunities) तथा व्याप्त बाधाहरु (Constraints) को पहिचान गरी उपलब्ध भौतिक तथा सामाजिक सेवा सुविधाहरुको अध्ययन विश्लेषणको आधारमा शहरी विस्तार क्षेत्रहरुको निर्धारण गरिएको छ । साथै, ध.न.पा.को **एकीकृत कार्यमूलक योजना, २०५८** को प्रतिवेदनलाई पनि महत्वपूर्ण आधार मानी आवश्यक परिमार्जन गरी शहरी विस्तार क्षेत्रको प्रस्ताव तयार पारिएको छ। धरान न.पा.को शहरी विस्तारको लागि उपलब्ध अवसर तथा व्याप्त बाधाहरुलाई निम्नानुसारले प्रस्तुत गर्न सकिन्छः

**अवसरहरु** (Opportunities)

- विद्यमान बस्तीहरुबीच घर बनाउन बाँकी रहेका जग्गा (Infill Land) ।
- भौतिक पूर्वाधार पुगेका वा सजिलै विस्तार गर्न सकिने क्षेत्रहरु ।
- सरकारी स्वामित्वमा रहेका जमिन ।
- जग्गाको किनबेचको गति तीव्र भएको क्षेत्र ।

**बाधा** (Costraints)

- वातावरणीय सम्वेदनशील क्षेत्र (जस्तै, बन जंगल, नदी, खोला, ल्याण्डफिल साइट, बगर आदि)
- भू-क्षय हुन सक्ने अति भिरालो जमिन
- विद्यमान घनाबस्ती एवं बजार क्षेत्र
- सम्बन्धित निकायहरुद्वारा तय गरिएका सडकका अधिकार क्षेत्रहरु (ROW: Right of Way)
- आधारभूत सेवा सुविधाहरु पुऱ्याउन निकै खर्चिलो हुने क्षेत्रहरु
- भूकम्प वा दैवीप्रकोपको बेला बढी क्षति पुग्न सक्ने (Vulnerable) क्षेत्र
- कुनै विशेष प्रयोजनकोलागि छुट्याइएका क्षेत्रहरु (जस्तै, सैनिक ब्यारेक)

शहरी (बस्ती) विस्तारको लागि बाधा पुग्ने क्षेत्रहरुलाई अलग गरेर बस्ती विस्तारको लागि पहिचान भएका अवसरयुक्त क्षेत्रहरुलाई विधमान भौतिक पूर्वाधारहरुको आधारमा र पूर्वाधारको अभाव भएका स्थानमा पूर्वाधार विस्तार गर्न सकिने संभावनाको आधारमा विश्लेषण गरी शहरी विस्तारको लागि प्राथमिकता निर्धारण (Prioritisation) गरिएको छ । सो अनुसार हाल घनाबस्तीको रुपमा विकास भई सकेको भित्री क्षेत्रहरु र शहरी विस्तारको लागि पहिचान गरिएका स्थानको विवरण नक्सा र तालिका नं. ३.६ मा प्रस्तुत गरिएको छ ।

तालिका नं. ३.६: शहरी विस्तारको लागि पहिचान गरिएका स्थानहरु

| **जमीनको स्थिति** (Location of Land) | **शहरी विस्तारको लागि प्राथमिकता निर्धारण** | **पहिचान गरिएका स्थान** | **कैफियत** |
|---|---|---|---|
| बजार तथा अन्य सामाजिक सेवा सुविधा सम्पन्न | (घनाबस्तीको रुपमा विकास भई सकेको) | वडा नं. १, २, ३, ४, ५, ६ र ७ को भु-भाग क्षेत्र | केहि खालि क्षेत्रमा Infill Development हुने |
| बजार तथा अन्य सामाजिक सेवा सुविधासँग नजिक रही सडक, ढल, विधुत, खानेपानी, टेलिफोन लाइन उपलब्ध क्षेत्र तथा | प्रथम | वडा नं. ८, ९, १० र १८ को भु-भाग क्षेत्र | खालि क्षेत्रमा Infill Development हुने |

| | | | |
|---|---|---|---|
| विकासको गतितर्फ उन्मुख भई नगरपालिकाको दीर्घकालीन सोचलाई समेत टेवा पुऱ्याउने क्षेत्र | | | |
| सडक, ढल, विधुत, खानेपानी, टेलिफोन लाइन उपलब्ध तर बजार तथा अन्य सामाजिक सेवा सुविधासँग नजिक रहेको जग्गा, भौतिक पूर्वाधारले नछोएको तर सजिलैसँग विस्तार गर्न सकिने जग्गा | दोश्रो | वडा नं.११ र १२ को भु-भाग क्षेत्र | खालि क्षेत्रमा Infill Development हुने |
| आंशिक रुपमा भौतिक पूर्वाधार (सडक, विधुत, खानेपानी लाइन) उपलब्ध क्षेत्र, घडेरीको लागि जग्गा बिक्री वितरण भैरहेको क्षेत्र | तेश्रो | वडा नं. १५, १६, १७ र १९ को भु-भाग क्षेत्र | शहरी (बस्ती) विस्तारको लागि जग्गा विकास कार्यक्रम संचालन गर्ने |
| भौतिक पूर्वाधार सीमित रुपमा भएको तर सजिलै विस्तार गर्न सकिने क्षेत्र, जस्तै, सडकले मात्र छोएको जग्गा, सडक, विद्युत, खानेपानी लाइन सजिलैसँग विस्तार गर्न सकिने क्षेत्र र घडेरीको लागि जग्गा बिक्री वितरण केही हदसम्म भैरहेको क्षेत्र | चौथो | वडा नं. १३ र १४ को भु-भाग क्षेत्र | शहरी (बस्ती) विस्तारको लागि जग्गा विकास कार्यक्रम संचालन गर्ने |

विद्यमान घनाबस्ती र शहरी विस्तारको लागि प्राथमिकता निर्धारण गरिएका क्षेत्रहरुमा व्यवस्थित शहरीकरणका लागि चालिनु पर्ने प्रमुख कदमहरु निम्नानुसार छन्:

- ऐतिहासिक बजार क्षेत्रमा भएका पुरातात्विक तथा साँस्कृतिक महत्व झल्काउने किसिमका घरहरुको संरक्षण गर्ने । यस्ता घरहरुको मर्मत सम्भार, तल्ला थप वा भत्काई नयाँ निर्माण गर्दा पनि पुरानो वास्तुकला कायम राख्न लगाउने ।
- भवन मापदण्ड लागू गर्ने
- सडक अधिकार क्षेत्र तोक्ने ।
- उपलब्ध भौतिक पूर्वाधारहरुको मर्मत तथा सम्भार गर्ने ।
- शहरी विस्तारको प्राथमिकता अनुसार नँया भौतिक पूर्वाधारहरुको निर्माण गर्ने ।

धरान नगरपालिकाको हालको जनसंख्या र घरधुरीलाई मध्यनजर गरी प्रक्षेपण गर्दा आगामी २० वर्ष सम्ममा वृद्धि हुने घरको लागि आवश्यक पर्ने जग्गा क्षेत्रफल २३१ हेक्टर हुने देखिन्छ । यस क्षेत्रफलमा आगामी २० वर्ष पछिको आंकडालाई हेर्दा जम्मा घरधुरी १४,७८५ वृद्धि हुने देखिन्छ । यस तथ्यांक स्थलगत सर्वेक्षण, भू-बनोट, स्थानिय वासिन्दाको माग, शहरी विस्तारको क्रम तथा विकास सूचकको आधारमा आगामी वर्ष देखि ४ वटा निर्धारित क्षेत्रमा जग्गा विकास कार्यक्रम संचालन गर्ने गरी क्षेत्रहरु निधा र्रण गरिएको छ, जसको सम्भाब्यता अध्ययन तथा DPR तयार गरी लागु गर्न अनुमानित लागत समावेस गरिएको छ । यि जग्गा विकास क्षेत्रहरुमा १,६०० रोपनी यर्थात ८० हेक्टर जग्गा विकास हुने देखिन्छ भने बाँकी साविककै वडाहरुमा समावेस हुने अनुमान गरिएको छ । यसको अलावा धरान नगरपालिकाको IAP प्रतिवेदनले निर्दिष्ट गरेको तथा नगर विकासवाट संचालित सुन्दरनगर वस्ती विकास आयोजनालाइ निरन्तरता दिनु त्यँहाको आवश्यकता रहेको देखिन्छ। योजनावध वस्ती विकासको हिसाबले धरानको चक्रपथ तथा Link सडकहरु निर्माण गर्दा जग्गा विकास कार्यक्रम Land Pooling को अवधारणना अनुरुप गर्दा उपयुक्त हुने देखिन्छ।

आगामी २० वर्ष सम्मको लागि नगरपालिकाको भू-भाग नै पर्याप्त देखिन्छ । तर यस वर्ष भन्दा पछिको वर्ष वर्षहरुमा भने नगरपालिका क्षेत्रको जग्गा मात्रै पर्याप्त हुने देखिदैन् । त्यसको भावी योजनाको लागि छिमेकी गा.वि.स. हरु विष्णुपादुका र पाँचकन्यालाई समेत समेटनु पर्ने अनुमान गरिएको छ । धरान नगरपालिकाको अग्रणी क्षेत्रमा परेको आवाशीय शहरको विकास गर्ने लक्ष्य र उदेश्य राखिएकोले २० वर्ष पछिका समयमा छिमेकी गा.वि.स.लाई समेत समावेश नगरी वास्तविक रुपमा आवाशीय शहरको परिकल्पना पूरा गर्न कठिन हुने देखिन्छ । यसको लागि छिमेकी गा.वि.स. संगको खोला

सिमानामा नगरपालिका र गा.वि.स.जोडने पक्की पुल सडकको विकास गर्नु पर्ने गरी योजनामा समावेश गरिएको छ । धरानबासी र छिमेकी गा.वि.स. को पनि भावी योजना शहरीकरण तर्फ उन्मुख हुने प्रायः निश्चित छ ।

**सुकुम्बासी समस्या**

नगर क्षेत्रमा मुख्यत वडा ८,९, १०, ११, १३, १५ र १७ मा गरी ७०० देखी ७५० घरधुरी रहेको अनुमान गरिएको छ भने ध.न.पा. नगर क्षेत्रभित्र वडा नं १० र १३ गरी लगभग १४० घरपरिवार रहेको तथ्याङ्क देखिन्छ । वडा नं १० मा रहेको सुकुम्बासी बस्ती तिनढ्वाङ्ग खोला आसपास क्षेत्रमा रहेको छ भने वडा नं १३ मा रहेको सुकुम्बासीहरु सर्दु खोलाको किनारमा रहेको देखिन्छ । दैवि प्रकोपको प्रभावलाई हेर्ने हो भने यो निकै जोखिमको अवस्थामा रहेको देखिन्छ । विद्यमान राजनैतिक अस्थिरताले गर्दा विभिन्न ठाउँबाट कामको खोजीमा आउनेहरु बसोबासको लागी नदी किनारको क्षेत्रमा बसोबास गर्ने गरेको पाईन्छ । वडा नं.१० को सुकुम्बासी बस्तीमा रहेकाहरुसंग नगरपालिकाको सिफारीसमा विद्युत, खानेपानीको सार्वजनिक धारा व्यवस्था गरिदिएको छ भने त्यस बस्तीमा बस्नेहरुको बस्ती बसोबास संरक्षणले परिचयपत्र समेत वितरण गरेको देखिन्छ ।

वडा नं. १० मा रहेको सहिद रत्न मार्ग र वडा नं. १३ देविनगरमा रहेको सुकुम्बासी बस्तीभित्र सामुदायिक सेवा अर्न्तगत संस्था रहेको छ जसले शिक्षा र स्वास्थ्य क्षेत्रमा सहयोग पुऱ्याउदै आएको देखिन्छ । बेला बेलामा स्वदेशी तथा विदेशी संघ संस्थाहरुले आर्थिक तथा सामाजिक क्षेत्रमा सहयोग गर्दै आएको छ । वर्तमान बस्तीहरु वतावरणीय प्रभावको हिसावले जोखिम युक्त रहेको देखिन्छ । यस्तो अवस्था भएकोले ध.न.पा. ले समयमा नै उचित बसोबासको व्यवस्था मिलाउनुपर्ने चुनौति थपिएको छ ।

यस्ता सुकुम्बासी बस्तीहरुबाट २०५१ सालमा जग्गाको पुर्जा वितरण गरेको थियो यस्तो पुर्जा प्राप्त गर्ने बस्तीहरुले स्थायी रुपले बस्ने व्यवस्था माग गरेका छन । नगरपालिकाका बासीहरुले प्राप्त गरेका सेवा र सुविधा यस न.पा.मा रहेका सुकुम्बासीहरुले समेत समानताको आधारमा पाउनु पर्ने धारणा राखेका छन । यसलाई व्यवस्थित गर्नको लागी न.पा. ले तत्कालै त्यस्ता क्षेत्रहरुको भौतिक नशाङ्कन तथा घरधुरी अवस्थाको तथ्याङ्क राखी विश्लेषणको आधारमा कार्यक्रमहरु कार्यान्वयन गदै लानु पर्ने देखिन्छ ।

### ३.५.४ प्रस्तावित भू-उपयोग

नगरमा उपलब्ध जमिनको प्रभावकारी तवरबाट उपयोग गर्दै व्यवस्थित नगरको विकास गर्न कुन ठाउँका जमीन के कस्ता प्रयोजनहरुको लागि उपयोग गर्न दिने भन्ने मुख्य भू-उपयोग क्षेत्र (जस्तैः आवासीय क्षेत्र, व्यापारिक क्षेत्र, कृषि क्षेत्र, हरित क्षेत्र, संरक्षित क्षेत्र आदि) को निर्धारण गरी सो क्षेत्रहरु स्पष्ट देखिने नक्सा तयार पारिएको छ । यसको लागि नगरको कुन क्षेत्रका के कस्ता क्रियाकलापहरु विधमान छन् र शहरी विस्तार क्षेत्र कुन क्षेत्रमा प्रस्ताव गरिएको छ सोको अध्ययन तथा विश्लेषणको आधारमा भू-उपयोग क्षेत्र को निर्धारण (Delineation of the Area Predominant Land Use Zone) गर्ने कार्य गरिन्छ । तर धरान नगरपालिकाले सो भूउपयोग निर्धारण गरी सकेको देखिन्छ भने नगर आसपास क्षेत्रको रहे बचेका जमिनको उपयोग दीर्घकालिन सोच अनुसार प्रयोग गर्दै जाने गरी क्षेत्र निर्धारण भएको देखिन्छ । विगतमा जेजस्तो भए पनि भविष्यमा उपयुक्त क्षेत्र निर्धारण गरी नगरको विकासका लागि प्रभावकारी रुपमा कार्यान्वयन गर्दै लानु पर्ने देखिन्छ । ध.न.पा.ले तर्जुमा गरेको भूउपयोग क्षेत्रलाई नै निरन्तरता दिनु पर्ने देखिन्छ । जसको मूख्य क्षेत्र तथा क्रियाकलापहरु अनुसूची ३ मा समावेश गरिएको छ ।

तालिका विध्यमान भू-उपयोग

| क.स. | वर्गिकरण | क्षेत्रफल ( हे.) | भू-उपयोग(%) |
|---|---|---|---|
| १. | आवासिय क्षेत्र | ७४० | ३५.०३ |
| २. | व्यापारिक क्षेत्र | १४ | ०.६६ |
| ३. | व्यापारिक तथा आवासिय क्षेत्र | २३ | १.०८ |
| ४. | औद्योगिक क्षेत्र | १४ | ०.६६ |
| ५. | संस्थागत क्षेत्र | १९२ | ९.०९ |
| ६. | कृषि | ७६९ | ३६.४६ |

| | | | |
|---|---|---|---|
| ७. | वन | १५५ | ७.३३ |
| ८. | खोला/खहरे/बालुवा | १५० | ७.१० |
| ९. | नर्सरी, आर्काड, पार्क | ३५ | १.६५ |
| १० | सुकुम्वासी क्षेत्र | २० | ०.९४ |
| | जम्मा | २११२ | १०० |

श्रोत: टोपो सिट, आकाशे तस्वीर र स्थलगत सर्वेक्षण, २०६६/०६७

तालिका नं ३.७ प्रस्तावित भू-उपयोग

| क.स. | वर्गिकरण | क्षेत्रफल ( हे.) | भू-उपयोग(%) |
|---|---|---|---|
| १. | आवासिय क्षेत्र | ९४० | ४४.५१ |
| २. | व्यापारिक क्षेत्र | २० | ०.९५ |
| ३. | व्यापारिक तथा आवासिय क्षेत्र | २३ | १.०९ |
| ४. | औद्योगिक क्षेत्र | १४ | ०.६६ |
| ५. | संस्थागत क्षेत्र | २१० | ९.९४ |
| ६. | कृषि | ५२५ | २४.८६ |
| ७. | वन | १५५ | ७.३४ |
| ८. | खोला/खहरे/बालुवा | १५० | ७.१० |
| ९. | नर्सरी, आर्काड, पार्क | ६५ | ३.०८ |
| १० | सुकुम्वासी क्षेत्र | १० | ०.४७ |
| | जम्मा | २११२ | १०० |

श्रोत: टोपो सिट, आकाशे तस्वीर र स्थलगत सर्वेक्षण, २०६६/०६७

### ३.५.५ भौतिक विकास योजनाको कार्यान्वयनको लागि आवश्यक कार्यक्रम तथा नीतिहरु

भौतिक विकास योजनाले विकासको नियन्त्रणात्मक तथा प्रवर्द्धनात्मक दुवै पक्षलाई समेट्छ । विकास कार्यलाई सोझै नियन्त्रण गर्न कठिन हुने हुनाले सोको सट्टामा विकास कार्यको लागि उपयुक्त क्षेत्रहरुमा टेवा पुऱ्याउन प्रोत्साहन गर्ने तथा अनुपयुक्त क्षेत्रमा निरुत्साहित गर्ने नीतिको विकास गरी क्रमशः कार्यान्वयन गर्दै लैजानु पर्दछ । यसरी नीति तयार गर्न पूर्वाधार विकास योजनाको मार्गदर्शनले पनि सघाउ पुऱ्याउँदछ ।

मूलतः भौतिक र सामाजिक दुई किसिमका पूर्वाधार हुन्छन् । त्यसमा पानीको व्यवस्था, नाली तथा ढल, सडक, बिजुली, टेलिफोन, सडक बत्ती जस्ता विषयहरु भौतिक पूर्वाधार र शिक्षण संस्था, अस्पताल, बजार केन्द्र, वित्तीय संस्था, पार्क, जस्ता विषयहरु सामाजिक पूर्वाधार अन्तर्गत पर्दछन् । मूलतः भौतिक पूर्वाधारमा मुख्य निम्न विषयहरु समेटिएका छन्:

#### (क) सडक तथा यातायात

धरान नगरपालिकाको मूख्य सडकको रुपमा कोशी राजमार्ग रहेको छ । यसै राजमार्ग धरान भई ग्रामिण भेग धनकुटा, भोजपुर, संखुवासभा, खोटाङ र प्रमूख शहरका साथै मूख्य राजमार्ग (पूर्व पश्चिम राजमार्ग) सँग जोडिएको छ । कोशी राजमार्गले ध.न.पा.का वडा नं. १, ४, ५, ६ ७, ८ र १३ लाई समेत छोएको छ । यस राजमार्गको आसपास क्षेत्र मूख्य व्यापारिक तथा आवासीय क्षेत्र रहेको छ भने अन्य सबै वडाहरुमा सडकको वर्तमान अवस्था स्तरिय भएको पाईन्छ । तर नयाँ शहरी क्षेत्र विस्तार भएका वडाहरुमा सडकको आवश्यकतालाई मध्यनजर गरी योजनाहरुमा प्राथमिकिकरण गरिएको छ । ध.न.पा.को सडकहरुको स्तरोन्नति मर्मत सुधार तथा निर्माणहरुको योजना तथा कार्यक्रमहरुको अनुमान लागतलाई अनुसूचीमा समावेश गरिएको छ भने ति कार्यक्रमहरुलाई ध.न.पा.ले वार्षिक रुपमा गदै जानुपर्ने आवश्यकता रहेको छ । त्यसैगरी रणनितिक योजना तथा कार्यक्रमहरुलाई खण्ड ५ मा अनुमान लागत जिम्मेवार निकाय र पाँच वर्षे खर्च विनियोजन गरी राखिएको छ । ध.न.पा.ले वडागत योजना तथा कार्यक्रमहरु कार्यान्वयन गर्दा उपभोक्ताहरु मार्फत वा जनसहभागिताबाट नै संचालन गर्नुपर्ने हुन्छ भने अन्य श्रोताको लागि दातृ निकायको मात्र खाचो हुने देखिन्छ ।

ध.न.पा.को विस्तारलाई विश्लेषण गर्ने हो भने सर्दु खोला पारीको विष्णुपादुका गा.वि.स. तथा सेउती पारीको पञ्चकन्या जोड्ने सडकलाई प्रमूखता दिनुपर्ने देखिन्छ । सडकको सुबिधा पुराउने हो भने धरानको सानो शहरको विकास विस्तार गर्न सकिन्छ ।

कोशी राजमार्गले धरानको ७ वटा वडालाई समेटेको अवस्था रहेको छ । हालको बसपार्क निकै सानो भएको र यातायातका साधनहरु अत्याधिक रहेको वर्तमान अवस्थामा सडक दुर्घटना तथा टाफ्रिक जाम हुने देखिएको छ । यसको व्यवस्थापनको लागि बसपार्क औद्योगिक क्षेत्रको आसपास राख्नु उपयुक्त देखिन्छ भने पहाडी क्षेत्रको यातायातको लागि फुश्रेमा र धरानवाट चलने पश्चिम यातायातहरुको लागि सप्तरङ्गी क्षेत्रमा बसपार्क निर्माण गर्नु पर्ने देखिन्छ। बटुवा र यातायातको व्यवस्थित सञ्चालन गर्नको लागि टाफिक प्रहरीको राम्रो व्यवस्था हुनु पर्दछ । साथै जेब्रा क्रस, टाफ्रिक बत्ति र एक तर्फी यातायात सञ्चालन को उपाय गर्नु पर्ने देखिन्छ । धरानको लागि बाहिरी चत्रपथ निर्माण गर्न सकिएको अवस्थामा नगर बस सञ्चालन गरी यातायातको राम्रो सुबिधा दिन सकिने छ । भू-बनौटको कारणले पनि बस्तीहरुलाई एक अर्कासँग जोडन भए पनि यातायातको सुविधा पुऱ्याउनेतर्फ धरान न.पा.ले सोच्नु आवश्यक छ । यसबाट ध.न.पा. भित्रको आन्तरिक आवागमनलाई मात्र टेवा नपुगी वरपरका गा.वि.स.सँगको अन्तरसम्बन्ध पनि वृद्धि भई दुवै पक्षलाई आर्थिक टेवा पुग्न सक्छ ।

### (ख) पानीको आपूर्ति व्यवस्था

धरान नगरपालिकामा खानेपानीको आपूर्ति वर्तमान अवस्थामा आवश्यक माग र आवश्यकता अनुसार वितरण हुन सकेको देखिदैन यसको मूख्य समस्या भनेको पानीको वर्तमान श्रोतको नै कमी भएको र स्थानीय मूल तथा धाराहरुको उचित व्यवस्थापन नहुनु हो । नगर क्षेत्रमा घर निर्माण र जनसंख्याको चाप बढ्दै जानु पनि हो । पानीको माग तथा आवश्यकतालाई समाधान गर्नको लागि दीर्घकालिन सोच राखि आवश्यक मात्रामा आपूर्ति गर्न ठुलो लगानी र श्रोतको जरुरत पर्ने देखिन्छ । नगरबासीहरुको साझा समस्याको रुपमा रहेको खानेपानी समस्या समाधान पनि एक पक्ष हो । शहरी बस्तीमा प्रति व्यक्ति प्रति दिन खानेपानी आपूर्ति १२० लिटर मापदण्ड मानी खानेपानी मागको प्रक्षेषण गरिएको छ ( तालिका नं. ३.७)।

तालिका नं.३.८: खानेपानी मागको प्रक्षेपण

| वर्ष | जनसंख्या | औषत खानेपानी माग** | कुल खानेपानी माग |
|---|---|---|---|
| वि.सं. २०६६ | ११२५६८ | १,३५,०८,१६० | १३५ |
| वि.सं. २०६८* | १२०९८८ | १,४५,१८,५६० | १४५ |
| वि.सं. २०७८* | १६३३१७ | १,९५,९८,०४० | १९५ |
| वि.सं. २०८८* | २०९७०३ | २,५१,६४,३६० | २५१ |

नोट: *अनुमानित

** खानेपानी मागको प्रक्षेषण: शहरी बस्तीमा प्रति व्यक्ति प्रति दिन खानेपानी १२० लिटर

बढ्दो माग आपूर्तिको बाबजुद ध.न.पा. आफै भित्र खानेपानीको भरपर्दो श्रोत छैन । त्यसकारण भएको कुवा, पँधेरो आदिको संरक्षण र व्यवस्थित संकलनमा जोड दिइनु पर्दछ । नगरपालिकाको सबै वडामा खानेपानीको समस्या बढिरहेको तथा पानीको त्यस्तो भरपर्दो श्रोत नजिकको दूरीमा नरहेको हुँदा सम्भाव्य कोशिवाट खानेपानी आपूर्ति गर्न पहल गर्नेतर्फ ध.न.पा.ले पहल तथा दात्रि निकायको खोजि गर्दै गरेको छ । उक्त कदम ध.न.पा. र नगरबासीको निम्ति पनि दीर्घकालिन महत्वको भएकोले यस आवधिक योजनामा सो सम्बन्धी विस्तृत अध्ययनलाई प्राथमिकता दिइएको छ । यसको अलावा पुरानो भएका पाइपहरुको मर्मत सुधार वर्षेनी पाँच कि.मी.को दरले गर्दै लानु पर्ने देखिन्छ भने लाङघाली वनमा नयाँ ट्याकी निर्माण कार्यलाइ निरन्तरता दिनु पर्ने देखिन्छ।

### (ग) वर्षातको पानी निकास योजना

धरानको भू-अवस्थिति र बनावटका कारण बर्षातको पानी (Storm Water) प्राकृतिक रुपले निकास भइरहेकोले समस्या परेको पाईदैन । तथापि बस्ती विकास भएका ठाउँहरुमा र साँघुरा सडक भएका ठाउँमा बर्षातको पानीले उचित निकास पाइरहेको छैन जसको कारण बर्षातको समयमा आवागमनमा असजिलो, दुर्घटनाको खतरा र हिलोमैलाको समस्या बढ्दै

जाने देखिन्छ । सतह ढल गुरु योजना निर्माण गरी साना ठूला सबै बाटोको दाँयाबाँया सतह ढल बनाउनु आवश्यक देखिन्छ भने संकलित बर्षाको पानी प्राकृतिक रुपमा निकास सकिन्छ । तथापी यसो गर्दा घरको फोहर पानी सिधै सतह ढलमा निकास गर्न निषेध गरिनु पर्छ । वर्षा पानी तथा सडक छेउको ढलहरु निर्माण तथा मर्मत सुधारको कार्यक्रमहरुलाई वडागत कार्यक्रममा समावेश गरिएको छ जसलाई ध.न.पा. ले वार्षिक कार्यक्रम अनुरुप कार्यान्वयन गदै जानुपर्ने देखिन्छ ।

**(घ) ढल**

धरान न.पा.ले ढल (Sewerage) व्यवस्थापन तर्फ उचित कदम चाल्न सकेको छैन । ध.न.पा.को भू-बनौटको कारणले पनि व्यवस्थित ढल निकासको आवश्यकता बोध गरिएको पाँइदैन । तथापि जनघनत्व बढ्दै जादा पछि यसले विकराल रुप लिने कुरामा भने शंका छैन । घरघरको फोहोर पानी र ढललाई व्यवस्थित रुपले निकास गर्न हरेक घरमा सेप्टिक ट्यांक (Septic Tank) र सोक पिट (Soak Pit) बनाउनु पर्ने नीतिनियम ल्याउनु आवश्यक छ । आफ्नो खोतबारी हुने घरहरुको सन्दर्भमा धेरै जसो ढल आफ्नै सोकपिटले धान्न सक्छ भने घनाबस्तीमा भने अन्तिम निकासको लागि सार्वजनिक ढल प्रणाली (Sewage System) नै आवश्यक हुन्छ ।

बैज्ञानिक ढल प्रणालीकोलागि टोल संगठनहरुको सानो-सानो समुह बनाई एकिकृत रुपमा फोहर पानी संकलन गरी चार ठाउँमा प्रशोधनशाला (Treatment Plant) बनाउनु आवश्यक छ । प्रशोधन पश्चात् भने पानीलाई प्राकृतिक रुपले निकास गर्न सकिन्छ ।

**(ङ) विद्युत तथा दूरसञ्चार**

धरान न.पा.को सन्दर्भमा आवश्यकता र शहरी विस्तारका लागि छुट्याइएका क्षेत्रहरुमा प्राथमिकता अनुरुप विद्युत तथा दुरसञ्चार सेवा विस्तार गर्नु उचित हुन्छ भने टोल संगठन समितिसंगको साझेदारीमा सार्वजनिक बुथहरुको स्थापना गर्ने र ईन्टरनेट सेवाको क्षमता विस्तार गर्नु पर्ने देखिन्छ। ध.न.पा.को मुख्य बजार क्षेत्रको विद्युतीय तथा संचारको तारहरुलाई जमिनमुनी राख्ने व्यवस्था गनुपर्ने आवश्यकता त्यहाँका स्थानीय बासीहरुले जनाएको देखिन्छ । त्यसैगरी नगरको अन्य आवश्यक क्षेत्रहरुमा पोल तथा वितरण तारहरुलाई क्रमिक रुपले व्यवस्थित गर्दे जानुपर्ने देखिन्छ । जसको सम्पुर्ण लागत विद्युत तथा दुरसञ्चार संस्थालेनै वेहोर्नु पर्ने देखिन्छ ।

## भौतिक पूर्वाधार विकास सम्बन्धी तर्कवद्ध योजना

तालिका नं. ३.९ भौतिक पूर्वाधार विकास सम्बन्धी तर्कवद्ध योजना

| योजनाको सारांश | सूचक | पुष्ट्याँईका आधार | जोखिम पक्ष |
|---|---|---|---|
| उद्देश्यः | | | |
| १. भौतिक पूर्वाधारहरु (सडक, खानेपानी, हुलाक, विद्युत) को समुचित विकास मार्फत जनजीवनमा सुगमता ल्याउने | सडक तथा यातायात:<br>▪ आ.व.०७१/७२ सम्ममा विद्यमान सडकमध्ये १८८ कि.मी. सडकको स्तरोन्नती भएको<br>▪ वडा भेला मार्फत आएका माग बमोजिम सडक तथा छउको ढल(सतह ढल) निर्माण भएको हुने<br>▪ सम्पूर्ण १९ वटै वडामा सडक पहुँच पुगेको र कुनै पनि बस्तीबाट बढीमा ०.५ घण्टा (वा २ कि.मी.) पैदल यात्रा गर्दा मुख्य सडक सम्म पुग्न सकिने | ▪ सडक कार्यालयको अभिलेख<br>▪ जि.वि.स.सूचना केन्द्र<br>▪ ध.न.पा. सूचना केन्द्र | ▪ राजनैतिक, सामाजिक परिस्थितिको अनुकूलता<br>▪ निजी क्षेत्रको सहयोग<br>▪ जनसहभागिताको सहजता<br>▪ सरकारी अनुदानको पर्याप्तता |

| | | | |
|---|---|---|---|
| | ▪ ध.न.पा.का भित्री बस्तीहरुमा साना सवारी साधनमार्फत सार्वजनिक यातायात संचालन भएको<br>▪ ध.न.पा.को चक्रपथ निर्माण कार्य सुरु भएको | | |
| | खानेपानीः<br>▪ हाल ९८% जनसंख्याले व्यवस्थित खानेपानी प्राप्त गरिरहेकोमा आ.व. आ.व.०७१/७२ सम्ममा शत् प्रतिशतले प्राप्त गरेको<br>▪ खानेपानीको आपूर्ति दैनिक १८ घण्टा नियमित भएको<br>▪ स्थानीय कुवाको नियमित मर्मत सम्भार स्थानीय समुदायबाटै भएको<br>▪ मुहान संरक्षण भएका मुलको संख्या प्रति वर्ष ५ पुगेको हुने<br>▪ वार्षिक ५ कि.मी.को दरले पाइपहरु मर्मत सुधार भएको हुने<br>▪ खानेपानीको आपूति सहज र दिगो वनाउन कोशीवाट ल्याउने योजनाको शुरुवात हुने | ▪ जि.वि.स.सूचना केन्द्र<br>▪ खानेपानीको कार्यालयको अभिलेख<br>▪ ध.न.पा. सूचना केन्द्र | |
| | दूरसंचारः<br>▪ आ.व.०७१/७२ सम्ममा शत् प्रतिशतले घरमा कम्तीमा एउटा लाइन टेलिफोन भएको<br>▪ आ.व.०७१/७२ सम्ममा प्रत्येक वडामा एक टेलिसेन्टर (Telecenter) निर्माण भएको<br>▪ आ.व.०७१/७२ सम्ममा ध.न.पा.को मुख्य वजार क्षेत्रको तार तथा पोलहरु जमिन मुनी राख्ने | ▪ जि.वि.स. सूचना केन्द्र<br>▪ विद्युत प्राधिकरण शाखा कार्यालय, धरानको अभिलेख<br>▪ दूरसंचार संस्थान, धरान शाखाको अभिलेख<br>▪ ध.न.पा. सूचना केन्द्र | |
| | विद्युत<br>विद्युतको राष्ट्रिय प्रसारण पुगेको घर संख्या हाल करिव १७०४७ रहेकोमा आ.व.०७१/७२ सम्ममा शत् प्रतिशत पुगेको | ▪ जि.वि.स. सूचना केन्द्र<br>▪ विद्युत प्राधिकरण शाखा कार्यालय, धरानको अभिलेख<br>▪ ध.न.पा. सूचना केन्द्र | |
| | ढल<br>ढल संजालको निर्माण भइ प्रशोधन पलान्टको निर्माण शुरु भएको हुने | ▪ जि.वि.स. सूचना केन्द्र<br>▪ ध.न.पा. सूचना केन्द्र | |

**रणनीतिः**

- भौतिक विकासमा सरकारी अनुदान, न.पा.को आफ्नो श्रोत साधन, निजी क्षेत्रको लगानी र जनसमुदायको लगानीलाई व्यापक रुपमा परिचालन गर्ने ।
- विकास निर्माण कार्यमा ठूला आयोजना ठेक्का मार्फत र साना आयोजना उपभोक्ता मार्फत गर्ने ।

**नीति/कार्यनीतिः**

- साना बजेटका आयोजनामा उपभोक्ताको लगानी बढाउने ।
- उपभोक्ता मार्फत् आउने विकास योजनालाई प्राथमिकता दिने ।
- निजी क्षेत्रसँग सहकार्यमा लगानीका अवसरहरु पहिल्याउने ।

**कार्यक्रमहरुः**

भौतिक पूर्वाधार (सडक, ढल, विद्युत, खानेपानी, भवन निर्माण, दूरसंचार आदि) अन्तर्गतका रणनितिक योजना तथा कार्यक्रमहरुलाई प्राथमिकता दिई समावेश गरिएको छ, जसलाई **खण्ड ५** मा र वडागत योजना तथा कार्यक्रमहरुलाई अनुसुचीमा प्रस्तुत गरिएको छ ।

### ३.५.६ पूर्वाधार लगानी रणनीति

प्रस्तावित प्राथमिकतागत क्षेत्र अनुरुप नै शहरी विस्तार क्षेत्रको सफल कार्यान्वयनका लागि सो क्षेत्रहरुलाई प्रोत्साहित गर्ने तथा शहरी विस्तारका लागि प्रस्ताव नगरिएको क्षेत्रलाई निरुत्साहित गर्न नगरपालिका तथा नेपाल सरकारबाट भौतिक पूर्वाधार निर्माण (मर्मत सम्भार) कार्यमा गरिने लगानी सम्बन्धी स्पष्ट नीति तय गरी लागू गर्नु पर्दछ अन्यथा दोश्रो र तेश्रो चरणमा प्रस्ताव गरिएका विस्तार क्षेत्रमा शहर विस्तार हुन जान सक्दछ । जस्तैः दोश्रो तथा तेश्रो विस्तार क्षेत्रमा नगरपालिकाले भौतिक पूर्वाधार निर्माण नगरी भावी विस्तार क्षेत्रतर्फ निर्माण गरिदिने हो भने बस्तीहरु भावी विस्तार क्षेत्र तर्फ बढ्न जान्छन् । भौतिक पूर्वाधार निर्माण (मर्मत सम्भार) कार्य सम्बन्धी लगानी नीति (Infrastructure Investment Policy) को उदाहरण (सडकको लागि) तालिका नं. ३.९ मा प्रस्तुत गरिएको छ ।

तालिका नं.३.१०: सडक निर्माण कार्य सम्बन्धी लगानी नीति

| प्राथमिकतायुक्त शहरी विस्तार क्षेत्र | पूर्वाधार निर्माण तथा संचार सम्भार कार्यमा लगानी नीति | कैफियत |
|---|---|---|
| प्रथम | नगरपालिका तथा उपभोक्ता | ४ मी. भन्दा बढी चौडाइ भएका सडकको हकमा नगरपालिकाको ७५% लगानी तथा सो भन्दा सानो सडकमा नगरपालिकाको २५% सम्म लगानी र बाँकी उपभोक्ताहरुको |
| दोश्रो | नगरपालिका तथा उपभोक्ता | लगानी बराबर |
| तेश्रो | नगरपालिका तथा उपभोक्ता | उपभोक्ताको ७५% लगानी |
| भावी | उपभोक्ता | सम्पूर्ण लगानी |

### ३.५.८ भवन निर्माण मापदण्ड

नगरमा निर्माण गरिने भवनहरुबाट नगरको सुन्दरता, स्वच्छ वातावरण तथा निर्मित वातावरणमा ह्रास आउन नदिन धरान न.पा.ले भवन निर्माण मापदण्ड २०५६ तर्जुमा गरी लागू गरेको छ । यसको कार्यान्वयन पक्ष अपेक्षाकृत रुपमा प्रभावकारी हुन नसके पनि न.पा.को योजनाबद्ध शहरीकरणको लागि यसलाई कोशेढुंगा मान्न सकिन्छ । साथै, हालसम्मको कार्यान्वयन पक्षको मूल्यांकनका आधारमा समयानुकुल परिमार्जन गर्दै लानु पर्ने देखिन्छ । धरान न. पा. को भवन निर्माण मापदण्ड २०५६ का प्रमुख अंशहरु अनुसुची ३ मा राखिएको छन् ।

### ३.५.९ जग्गा विकास कार्यक्रम

शहरी विस्तार क्षेत्र नीतिले शहर (बस्ती)लाई कुन क्षेत्र तर्फ क्रमश: विस्तार गर्दै लाने भन्ने दिशा मात्र निर्देशन गरेको हुन्छ । पूवार्धार लगानी नीति अनुरुप भौतिक पूर्वाधार योजनाको निर्माण गरिएमा वस्तीहरु जथाभावी छरिएर विकास हुनबाट नियन्त्रण गर्न सक्दछ । तर प्रस्ताव गरिएका विस्तार क्षेत्रको व्यवस्थित तवरले विकास गर्न प्रत्येक घडेरीमा आवत जावत गर्न मोटर बाटो, खुल्ला क्षेत्रका प्रावधान, चारपाटे आकार मिलेका घडेरीहरु लगायत भौतिक तथा पूर्वाधारको निर्माण आदिका लागि जग्गा विकास कार्यक्रमहरु संचालन गर्नुपर्ने हुन्छ । नेपालका शहरी क्षेत्रमा प्रचलित जग्गा विकास कार्यक्रमहरु निम्नानुसार छन् :

**(क) निर्देशित जग्गा विकास कार्यक्रम** (Guided Land Development Program): निर्देशित जग्गा विकास कार्यक्रम विशेष गरी विकास भइसकेको वस्तीहरुमा वा निकट भविष्यमा विकसित हुने क्षेत्रहरुमा बाटोघाटो चौडा गर्न वा नयाँ बाटो खोल्न संचालन गरिने कार्यक्रम हो । योजना विना नै आफैं विकसित हुँदै आएका बस्तीहरुका बाटाघाटाहरु साँघुरा र नागवेली प्रकारका भई आपत्कालिन अवस्थामा (जस्तो आगलागी हुँदा दमकल लैजान र विरामी पर्दा एम्बुलेन्स वा गाडी प्रवेशको लागि) यस्ता बाटाहरु बाधक बनेका हुन्छन् । तसर्थ बस्तीका बासिन्दाहरुले आफ्नो इलाकामा बाटो चौडा गरी आवागमन सहज बनाई सुधार गर्न आवश्यकता अनुसार केही जग्गा र कहीं कहीं घर, टहराको केही अंश समेत भत्काउन पर्ने हुन्छ । जग्गाधनी वा घरधनीको अनुमति विना यो जग्गा विकास कार्यक्रम सञ्चालन गर्न सकिदैन ।

**(ख) जग्गा एकिकरण कार्यक्रम** (Land Pooling Program): जग्गा एकिकरण कार्यक्रम सञ्चालन गर्न जग्गा अधिग्रहण गर्नुपर्दैन । जग्गा एकीकरण गरिने क्षेत्र भित्रका घर जग्गाको किनबेच धनीहरुको अनुमतिमा केही समयको लागि बन्द गरिन्छ । यस अवधि भित्र एकीकरण गरिएका सम्पूर्ण जग्गालाई एउटै चाक्लाका रुपमा मिलाएर बाटोघाटो, ढल, टेलिफोन, चउर आदि सुविधाहरु निर्माण गर्ने कार्य हुन्छ । पूर्वाधार सुविधा निर्माण गर्नको लागि केही जग्गा बिक्री गरिन्छ, र सो जग्गाबाट प्राप्त रकमबाट उक्त निर्माण कार्य सम्पन्न गरिन्छ । पूवार्धार निर्माणको लागि चाहिने खर्च, खुला क्षेत्र, सडक आदिमा जाने जग्गाको मोल हिसाब गरिन्छ । यस अतिरिक्त जग्गाधानीले कति जग्गा दिनुपर्ने हो सो पहिल्यै यकिन गरिन्छ । जग्गाधनीहरुले योजनाले निर्धारित गरे अनुसार जग्गा दिए बापत पछि विकसित घडेरी पाउँछन् । सबै पूर्वाधारयुक्त विकसित घडेरीको बजार मूल्य पहिलेको भन्दा धेरै गुणा बढी हुने हुनाले जग्गाधनीहरु यस कार्यक्रमबाट प्रत्यक्ष रुपले लाभान्वित हुन्छन् । यो कार्यक्रमको राम्रो पक्ष भनेको नै जग्गा अधिग्रहण गर्नु नपर्ने भएकोले मुआब्जा वितरण गर्ने जस्तो झन्झट यसमा झेल्नुपर्दैन । तुलनात्मक हिसाबले योजना चाँडो सम्पन्न हुने हुनाले जग्गाधनीले एकातिर चाँडो फाइदा गर्न सक्दछ भने अर्कातिर बजारमा विकसित घडेरीको आपूर्ति हुन गई व्यवस्थित शहरीकरणको प्रयासमा समेत यसले निकै ठूलो टेवा पुऱ्याउने हुन्छ । जग्गाधनीहरुको सहमति र अनुमति विना सञ्चालन नहुने यो कार्यक्रम अहिले अत्यन्त लोकप्रिय साबित भएको छ ।

**(ग) घडेरी तथा सेवा सुविधा कार्यक्रम** (Site and Services Program): यो कार्यक्रम कार्यान्वयन गर्नको लागि प्रस्ताव गरिएको निश्चित ठाउँमा अनिवार्य रुपले जग्गा अधिग्रहण गरिन्छ । योजना क्षेत्रको लागि आवश्यक जग्गा अधिग्रहण गरेपछि जग्गा तथा घरधनीलाई तोकेको मुआब्जा दिईन्छ । यसरी अधिग्रहण गरेपछि योजनामा व्यवस्था गरिएअनुसारको बाटोघाटो, ढल, टेलिफोन, खानेपानी, खुला चौर आदि निर्माण गर्ने कार्य हुन्छ । व्यवस्थित बसोबासको हिसाबले चाहिने प्राय: सम्पूर्ण सेवा सुविधाहरुको व्यवस्था र निर्माण कार्य सम्पन्न भइसकेपछि यस्ता बिकसित घडेरीहरु (एकै किसिमका वा विभिन्न किसिमका घडेरीहरु) निर्धारित मूल्यमा निश्चित नीति अन्तर्गत रही बिक्री वितरण गरिन्छ । बिकसित घडेरीको मूल्यमा अधिग्रहणको मुआब्जाको रकमका साथै पूर्वाधार विकास निर्माणमा लागेको खर्च ,खुला चौरको लागि छाडेको जग्गाको मूल्य आदि जोडिन्छ । तसर्थ, घडेरीको मोल सुरुको अधिग्रहणको मोलभन्दा धेरै गुणा बढ्नु स्वाभाविक हुन्छ । काठमाडौंको कुलेश्वर र गल्फुटारमा संचालित आवास योजनाहरु यसका उदाहरण हुन् ।

आवधिक योजना तर्जुमा गर्ने समयमा माथि उल्लेखित के कस्ता जग्गा विकास कार्यक्रमहरु नगर क्षेत्रमा संचालन गर्न सकिन्छ त्यस्ता क्षेत्रको पहिचान गर्ने कार्य मात्र गर्न सकिन्छ । ध.न.पा.मा बस्ती विकास घना भई नसकेको र घनाबस्तीको क्षेत्रफल पनि ठूलो नभई विकास गर्न सकिने क्षेत्र पर्याप्त रहेको (भौगोलिक अप्ठ्यारोलाई विचार नगर्दा) परिप्रेक्ष्यमा **जग्गा एकिकरण कार्यक्रम** नै सबैभन्दा उपयुक्त हुन्छ । प्रारम्भिक अध्ययनका आधारमा निम्न क्षेत्रहरुमा एकिकृत जग्गा विकास

कार्यक्रम (Land Pooling) संचालन गर्न प्रस्ताव गरिन्छ र धरान नगर विकास अन्तर्गतको सुन्दरनगर वस्ती विकास आयोजनालाइ निरन्तर रुपमा कार्यान्वनयन गर्दा उपयुक्त हुन्छ ।

- वडा नं. १६ को Stadium (जनपथ) देखी दक्षिण पश्चिम वडा नं. ११ को सिमाना सम्मको क्षेत्र
- वडा नं. ११ सर्दु खोला देखि दक्षिण पूर्वको क्षेत्र (मकालु बस्ती) मंगलवारे
- वडा नं. १७ सर्दु खोला देखि दक्षिण पूर्वको भु-भाग
- वडा नं. १४ सेउती खोला देखी पश्चिम दक्षिण पिन्डेश्वर र विजयपुर आसपासको क्षेत्र

### ३.५.१० ठेगाना प्रणाली

ध.न.पा.मा अझै पनि व्यवस्थित र वैज्ञानिक ठेगाना प्रणाली लागू भएको छ । आधारभूत सम्पर्ककालागि मात्र नभई तथ्याङ्क संकलन, सूचना प्रवाह आदिकालागि पनि घरहरुको ठेगाना महत्वपूर्ण हुन्छ । ध.न.पा.को बस्तीमा घरहरुको संख्या उल्लेख्य तथा ठेगाना प्रणाली पनि व्यवस्थित छ । घरहरुको ठेगाना व्यवस्थित गर्न सके र त्यसको विवरण कम्प्युटरकृत गरी डाटाबेस (Database) बनाई समय समयमा अद्यावधिक गर्न सके प्रत्येक घरको जनसंख्या, सदस्य संख्या, लिङ्ग, पेशा, आय जस्ता आर्थिक-सामाजिक विवरणका साथै घरघरमा सञ्चालित पसल, व्यवसाय आदिको विवरण पनि सजिलै प्राप्त हुन सकेको छ। न.पा.को घरधुरी सर्वेक्षण, कर संकलन आदि कार्यमा ठूलो सहयोग मिलेको देखिन्छ ।

## ३.६ सामाजिक विकास योजना

कुनै पनि विकास योजनाले प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा समाजको लागी अपरिहार्य रहेको विकास गर्नु पर्ने पक्षलाई समेटेको हुन्छ । सामाजिक विकास योजनाले समाजका विविध पक्षहरु जस्तै शिक्षा, स्वास्थ्य, संस्कृतिका साथै खेलकुद जस्ता क्षेत्रहरुलाई समेत समेटेको हुन्छ । वर्तमान परिप्रेक्ष्यमा सामाजिक विकास कार्यकमलाई विशेष ध्यान दिनुपर्छ । धरान नगरपालिका क्षेत्रको वर्तमान सामाजिक अवस्थाको आधारमा तर्कबद्ध खाकालाई आधार मानि सामाजिक विकास योजना तर्जुमा गरिएको छ जसमा शिक्षा, स्वास्थ्य, महिला तथा बालबालिका, उपेक्षित उत्पीडीत तथा दलित वर्ग उत्थान लगायतका योजना समावेस छन् । (तालिका नं. ३.११ (क) -(च) ।

**(क) <u>शिक्षा</u>**

तालिका नं. ३.११(क): शिक्षा सम्बन्धी तर्कवद्ध योजना

| योजनाको सारांश | सूचक | पुष्ट्याँईका आधार | जोखिम पक्ष |
|---|---|---|---|
| **शिक्षा उद्देश्यः** | | | |
| नगरवासीहरुको शैक्षिक स्तरमा उल्लेकिय प्रगति प्राप्ती तर्फ उन्मुख हुन साक्षरतामा अधिवृद्धि गर्ने । | | | |
| **नतिजाः** | | | |
| साक्षरता प्रतिशतमा वृद्धि हुने | ▪ हाल साक्षरता प्रतिशत ७९.०९% रहेकोमा आ.व.०७१/७२ सम्ममा १५% वृदि भएको | ▪ जिल्ला शिक्षा कार्यालयको प्रतिवेदन<br>▪ जि.वि.स.सूचना केन्द्र<br>▪ न.पा. सूचना केन्द्र<br>▪ गैससका प्रतिवेदनहरु<br>▪ ध.न.प.ाको प्रगति प्रतिवेदन | ▪ राजनैतिक एवं सामाजिक परिस्थितिको अनुकूलता<br>▪ सरकारी निकायको सहयोग<br>▪ निजी क्षेत्रको सक्रियता र गैससहरुको संलग्नता । |
| प्रौढ शिक्षा मार्फत् निरक्षर वृद्धवृद्धा समेत साक्षर भएको हुने | ▪ हरेक वडामा कम्तीमा एउटा प्रौढ कक्षा संचालन भएको | | |
| उच्च शिक्षा हासिल गर्ने र पढाइलाई निरन्तरता दिने प्रवृत्ति | ▪ विद्यालय जाने उमेर भएर पनि नगइरहेकाको जनसंख्या हाल | ▪ आवधिक योजनाको मूल्याङ्कन र अन्तिम | |

| | | | |
|---|---|---|---|
| बढेको हुने | २५.७२% रहेकोमा आ.व.०७१/७२ सम्ममा १५% मा झरेको<br>▪ कूल साक्षर जनसंख्यामा एस.एल.सी. भन्दा बढी पढेको हालको अवस्थामा आ.व.०७१/७२ सम्ममा २५% वृदि भएको<br>▪ स्नातक उत्तीर्ण जनसंख्य आ.व. ०५८/०५९ हाल ३२६५ रहेकोमा आ.व.०७१/७२ सम्ममा ५००० पुगेको | समीक्षा प्रतिवेदन | |
| शैक्षिक योग्यतामा महिला पुरुषको असमानता घटेको हुने | ▪ महिला सारक्षरता हाल ७२.५४% रहेकोमा आ.व. ०७१/७२ सम्ममा ८०% नाघेको | | |
| सरकारी विद्यालयको स्तरोन्नति भएको हुने | ▪ न.पा.मा संचालित सबै सरकारी विद्यालयहरुको भौतिक स्तरोन्नति भएको | | |
| गरिब, पिछडिएको वर्ग र महिलाका लागि छात्रवृत्तिमा वृद्धि भएको हुने | ▪ गरिब, पिछडिएको वर्ग र महिलाका लागि छात्रवृत्तिमा १०% ले वृद्धि भएको | | |
| प्रविधिक तथा स्वास्थ्य क्षेत्र लगायतका उच्च शिक्षा उल्लेखनिय उपलब्धि प्राप्त हुनेछ। | ▪ प्रविधिक तथा स्वास्थ्य क्षेत्रमा बिद्यालयहरुको स्थापना | | |
| **<u>शिप विकास उद्देश्य</u>:** | | | |
| शिपविकासको माध्यमबाट नगरबासीहरुको मानव शंसाधना विकासमा अधिवृद्धि हुनेछ। | | | |
| **<u>नतिजा :</u>** नगरबासीहरुको शिप विकासमा उल्लेखनिय अभिवृद्धि हुनेछ। | • बिभिन्न बिषयमा प्रति वर्ष ४० जनाका दरले २०० जना लाभान्वित हूने<br>• बार्षिक रुपमा एक वटाका दरले सूचना, कृषि, मेकानिक्स, स्वास्थ्य लगायतका उपयुक्त क्षेत्रमा शिक्षालयहरुको स्थापना<br>• बिभिन्न बिषयमा प्रति वर्ष ४० जनाका दरले २०० जना १४ बर्ष माथिका बालश्रमिकहरु लाभान्वित हुने | धरान.न.पा. को प्रतिवेदन तथ्यांक प्रतिवेदनहरु | |
| | | | |

**योजनाहरुः**

- गरिब, पिछडिएको वर्ग र महिलाका लागि छात्रवृत्ति कार्यक्रम
- उच्च शिक्षामा आंशिक छात्रवृत्ति कार्यक्रम
- सरकारी विद्यालय स्तरोन्नति कार्यक्रम
- वडास्तरिय प्रौढ शिक्षा कार्यक्रम

- वर्षको उत्कृष्ट विद्यालय घोषणा कार्यक्रम
- शैक्षिक सेवामा निजी लगानी प्रवर्द्धन कार्यक्रम
- प्रबिधिक तथा स्वास्थ्य क्षेत्र लगायतका उच्च बिद्यालयहरुको स्थापना र बिकास सहयोग कार्यकम
- उच्च शिक्षा छात्रबृति सहयोग कार्यक्रम (दलित, जनजाती र आदिवासी समुदायका अति गरिव परिवारका जेहन्दार बालबलिका हरु)
- रोजगार मूलक शिप विकास तालिम कार्यक्रम । गरिवी न्युनिकारण कार्यकम अन्तर्गत १९ वटा वडाहरु समेत
- औद्योगिक तथा ब्यवशायीक बिकासका लागि मध्यम स्तरका प्रबिधिक जनसक्ति उत्पादन गर्ने शिक्षँलयहरुको स्थापना र बिकास सहयोग कार्यकम
- प्राथमिकताको आधारमा १४ बर्ष माथिका श्रमिक बाल बालिकाहरुको लागि रोजगारमूलक शिपविकास तालिम संचालन

**कार्यक्रमहरुः**

- वडा नं. १४, ८, ९, ११, १२, १४, १५, १६, १९माबाल विकास केन्द्रको स्थापना गर्ने|
- गरिब, विप्पन, पिछडिएको वर्ग र  एकल महिलाका लागि छात्रवृत्ति कार्यक्रम लागु गर्ने।
- दलित, गरिब तथा विप्पन विधार्थीहरुकोलाइ उच्च शिक्षामा आंशिक छात्रवृत्ति कार्यक्रम लागु गर्ने।  साथै विद्यार्थीहरुलाई स्थानिय स्कूल (सरकारी तथा निजी विद्यालयहरुमा) मा नि:शुल्क पढाईको व्यवस्था  गर्ने।
- नगरपालिकाको मातहातमा रहेको वर्षको उत्कृष्ट विद्यालय घोषणा कार्यक्रम लागु गर्ने गरी सार्वजनिक गर्ने।
- प्रबिधिक तथा स्वास्थ्य क्षेत्र लगायतका उच्च बिद्यालयहरुको स्थापना र बिकास सहयोग कार्यकम लागु गर्ने।
- औद्योगिक तथा ब्यवशायीक बिकासका लागि मध्यम स्तरका प्रबिधिक जनसक्ति उत्पादन गर्ने शिक्षलयहरुको स्थापना र बिकास सहयोग कार्यकम लागु गर्ने ।
- प्राथमिकताको आधारमा १४ बर्ष माथिका श्रमिक बाल बालिकाहरुको लागि रोजगारमूलक शिपविकास तालिम संचालन साथै पढ्न चाहने बालबालिकाको लागि शिक्षाको पनि व्यवस्था गर्ने।

### (ख) स्वास्थ्य

तालिका ३.११(ख): स्वास्थ्य सम्बन्धी तर्कवद्ध योजना

| योजनाको सारांश | सूचक | पुष्ट्याँईका आधार | जोखिम पक्ष |
|---|---|---|---|
| **उद्देश्यः** | | | |
| नियमित र गुणस्तरिय स्वास्थ्य सेवामा सबैको पहुँच सर्वसुलभ गराई नगरवासीको स्वास्थ्य स्थितिमा सुधार ल्याउने । | | | |
| **नतिजाः** | | | |
| वि.पि.के.आइ.यच.यस आधुनिक सेवा सुविधा सम्पन्न भएको हुने | ▪ आ.व. ०७१/७२ सम्ममा वि.पि.के.आइ.यच.यस राष्ट्रिय मापदण्ड अनुसारको स्तरिय अस्पताल बनेको हुने | ▪ जिल्ला स्वास्थ्य कार्यालयको प्रतिवेदन<br>▪ जि.वि.स. सूचना केन्द्र<br>▪ गैससका प्रतिवेदनहरु<br>▪ ध.न.पा. आवधिक योजनाको मूल्याङ्कन र समीक्षा प्रतिवेदन | ▪ वि.पि.के.आइ.यच.यस को प्रतिवेदन<br>▪ सरकारी निकायको सहयोग<br>▪ गैससको सक्रियता |
| औषधी पसल, क्लिनिक, अस्पताल वा स्वास्थ्य चौकी सम्म पुग्ने समय घटेको हुने | ▪ कुनै पनि खालको स्वास्थ्य सेवा निकायसम्म पुग्न हाल ५०% घरधुरीलाई बढीमा आधा घण्टा लाग्ने गरेमा सो बढेर १००% पुगेको हुने। | | |
| मातृ शिशु तथा बाल स्वास्थ्य सेवामा वृद्धि भएको हुने । | ▪ स्वास्थ्य निकायमा प्रसुति गराउनेको संख्या हाल ९५% रहेकोमा आ.व. ०७१/७२ सम्ममा १००% भएको हुने। | | |
| दीर्घरोग सम्बन्धी जनचेतना र | ▪ दम, मधुमेह, बाथ, टि.बी., पोलियो, क्यान्सर, कुष्ठरोग र | | |

| | | | |
|---|---|---|---|
| उपचारमा वृद्धि भएको हुने । | एड्स सम्बन्धी विशेष जनचेतना कार्यक्रमहरु नियमित रुपमा संचालित भएको हुने। | | |
| ५ वर्ष भित्रका बालवालिकाको स्वास्थ्यमा सुधारभई बालमृत्युदरमा कमि आउनेछ । | ▪ ०-५ वर्षका बालवालिकाहरु को मृत्युदर प्रतिहजार ५४ मा ल्याउने । | | |
| महिलाहरुको प्रजनन् स्वास्थ्यमा उल्लेखनीय सुधार हुनेछ । | ▪ मातृमृत्युदर प्रतिलाख ३०० मा झार्ने । | | |
| वडाहरुमा अस्पताल र स्वास्थ्य चोकीहरुको स्थापना भएको हुनेछ । | ▪ वडाहरुमा स्वास्थ्य चोकीहरुको स्थापना हुने। | | |

**कार्यक्रमहरु**

- स्वास्थ्य स्वंय सेविकाहरुको व्यवस्था मिलाई निजहरुलाई स्वास्थ्य सेवा कार्यक्रममा परिचालन गर्ने ।
- वि. पि. अस्पताल सँग समन्वय गरी त्यहाँ भएका साधन श्रोतहरुको अत्युत्तम प्रयोगमा ल्याउनु पर्ने ।
- पुरानो अस्पताल क्षेत्रलाई प्रयोगमा ल्याउन न.पा. को स्वास्थ्य कार्यक्रम संचालन गर्नुपर्ने ।
- वि.पी. अस्पताललाई जनसंख्याको आधारमा क्षमता वृद्धि गर्नुपर्ने, आकस्मीक कक्षलाई सुधार गर्नुपर्ने
- सरोकारवाला निकायहरुको उच्च स्तरिय समिति/ बनाई स्वास्थ्य सेवा कार्यक्रमहरु संचालन गर्ने ।
- आर्युवेदिक उपचार केन्द्र प्रयोगमा ल्याउन भवन निर्माणमा सहयोग गर्नु पर्ने तथा जडिबुटी संरक्षणका लागी वृक्षारोपण तथा विज्ञहरु बाट तालिमको व्यवस्था मिलाउनु पर्ने ।
- पानीका श्रोतहरुको संरक्षण तथा शुद्ध पानी वितरणको व्यवस्था मिलाउने ।
- खाद्य मिसावट रोक्न विज्ञहरुको टोली बनाई नियमित निरिक्षण तथा कार्यक्रम (दण्ड जरिवाना ) संचालन गर्ने ।
- स्थानिय निकायमा कार्यरत संघ संस्थाहरुलाई जनचेतना मुलक कार्यक्रम संचालन गर्ने ।
- स्वास्थ वधशालाको व्यवस्था मिलाउने ।
- एक घर बराबर एक चर्पीको व्यवस्था तथा प्रयोग ।
- ड्रेनहरुको व्यवस्था (शुलभ निकासको व्यवस्था ) हुनुपर्ने ।
- वि.पि. लाई अध्ययन / अनुसन्धान केन्द्रको रुपमा हेरिनु ।
- उपचार केन्द्रको बिस्तार वडा तहमा गर्ने
- वि.पि. को व्यवस्थापनमा स्थानिय निकायको उपस्थीत हुनुपर्ने ।
- स्वास्थ्य केन्द्रमा डाक्टरको व्यवस्था हुनुपर्ने ।

## (ग) महिला तथा बालबालिका

तालिका ३.११(ग): महिला तथा बालबालिका सम्बन्धी तर्कवद्ध योजना

| योजनाको सारांश | सूचक | पुष्ट्याँईका आधार | जोखिम पक्ष |
|---|---|---|---|
| **उद्देश्य (महिला विकास):** | | | |
| १. स्वास्थ्य, शिक्षा लगायतका सामाजिक विकास एवं आर्थिक उत्थानमा महिला सशक्तिकरणलाई बढावा दिँदै जाने | | | |
| **नतिजाः** | | | |
| महिला साक्षरता वृद्धि भएको | ▪ हालको महिला साक्षरता ७२.५४% | ▪ जिल्ला शिक्षा | ▪ ध.न.पा. आवधिक |

| | | | |
|---|---|---|---|
| हुने | रहेकोमा आ.व. ०७१/७२ सम्ममा ७९.७९% नाघेको हुने<br>▪ विद्यालय जाने उमेर भएर पनि नगई रहेका महिलाको संख्या हाल २७.४६% रहेकोमा आ.व. ०७१/७२ सम्ममा २४.७१% मा झरेको हुने | कार्यालयको प्रतिवेदन<br>▪ जि.वि.स. सूचना केन्द्र<br>▪ ध.न.पा. सूचना केन्द्र<br>▪ गैससका प्रतिवेदनहरु | योजनाको मूल्याङ्कन र समीक्षा प्रतिवेदन<br>▪ सरकारी निकायको सहयोग<br>▪ गैससको सक्रियता |
| उच्च शिक्षामा महिलाको पहुँच र संलग्नता बढेको हुने | ▪ एस.एल.सी. र भन्दा माथिको शैक्षिक योग्यता हासिल गरेको महिला जनसंख्या हाल २४.४% रहेकोमा आ.व. ०७१/७२ सम्ममा ३० % पुगेको हुने | | |
| लैंगिक विभेद न्यूनीकरण भएको | ▪ न.पा. मा कार्यरत सरकारी कार्यालयहरु एवं राष्ट्रिय अन्तर्राष्ट्रिय संस्थामा पुरुष महिलाको जनसंख्या अनुपात (लैंगिक अनुपात) हाल १०% भन्दा कम रहेकोमा आ.व. ०७१/७२ सम्ममा ३०% मा वढेको हुने। | | |
| आर्थिक क्षेत्रमा महिलाको पहुँचमा वृद्धि भएको र महिला रोजगारीमा वृद्धि भएको हुने | ▪ न.पा.को विकास बजेटको २५% महिला एवं बालबालिकाको लागि खपत भएको हुने।<br>▪ वार्षिक ४० जना महिलाले सिपमूलक तालिम प्राप्त गरेका हुने। | | |
| **<u>उद्देश्य ( बालबालिका):</u>** | | | |
| बालअधिकार, बालस्वास्थ्य, र बालशिक्षाको सुनिश्चिता गर्ने | | | |
| **<u>नतिजाः</u>** | | | |
| बालशिक्षामा सुधार भएको हुने | ▪ बाल विकास केन्द्र दर्तामा मात्र सीमित नभई सुचारु रुपमा संचालन भएको हुने | ▪ जि.वि.स. सूचना केन्द्र<br>▪ ध.न.पा. सूचना केन्द्र<br>▪ गैससका प्रतिवेदनहरु<br>▪ ध.न.पा.आवधिक योजनाको मूल्याङ्कन र समीक्षा प्रतिवेदन | ▪ बालकल्याण समितिको प्रतिवेदन |
| बाल स्वास्थ्य सेवा गुणस्तरीय भएको हुने | ▪ सरकारी स्तरबाट हुने खोप कार्यक्रममा कुनै पनि बालबालिका नछुटेको हुने | | |
| बालश्रम न्यूनीकरण भएको हुने | ▪ सडक बालबच्चाको जनसंख्या हालको ५८ बाट घटेर आ.व. ०७१/७२ सम्ममा २० भन्दा घटेको हुने | | |

**<u>कार्यत्रम्कहरुः</u>**

- महिला सशक्तिकरण कार्यक्रम
- महिला, गरिब बालबालिकाका लागि छात्रवृत्ति कार्यक्रम
- महिला एवं बाल स्वास्थ्य सम्बन्धी जनचेतना कार्यक्रम
- महिला लघु बीच कार्यक्रम
- बाल विकास केन्द्रको सशक्तिकरण एवं अनुगमन
- महिला स्वयम्सेविका/सामाजिक परिचालिका कार्यक्रम
- बालश्रम न्यूनिकरण कार्यकम (परियोजना बमोजिमको कार्यकम सञ्चालन हूने गरी ट्रान्जिट हाउस का साथमा सप ईन सेन्टरको स्थापना र सञ्चालन)
- वालमैत्री नगर स्थापना र बिकास कार्यकम (बालबालिका संबन्धिका अन्य कार्यकम बाहेकाका कार्यकमहरु)
- बाल विकास केन्द्र संचालन सहयोग कार्यकम।
- बाल उद्यान निर्माण बिकास तथा बाल क्लव स्थापना र बिकास सहयोग कार्यकम

- बाल भित्ते पत्रिका तालिम तथा प्रकासन सहयोग कार्यक्रम ।
- बाल पूस्तकालय स्थापना र सञ्चालन सहयोग कार्यक्रम ।

## (घ) दलित एवं सिमान्तकृत वर्ग

तालिका ३.११घ): दलित एवं सिमान्तकृत वर्ग सम्बन्धी तर्कवद्ध योजना

| योजनाको सारांश | सूचक | पुष्ट्याँईका आधार | जोखिम पक्ष |
|---|---|---|---|
| **उद्देश्यः** | | | |
| दलित एवं सिमान्तकृत वर्गलाई समाजिक, आर्थिक विकास एवं सामाजिक मान्यताको मूलधारमा ल्याउने | | | |
| **नतिजाः** | | | |
| दलित वर्गमा शैक्षिक उन्नती भई हीनताबोध कम भएको हुने | | ▪ जि.वि.स. सूचना केन्द्र<br>▪ दलित एकता समाजको प्रतिवेदन<br>▪ ध.न.पा. सूचना केन्द्र | ▪ स्थानीय निकाय, न.पा.र गैसस (विशेषतः दलित उत्थानमा सक्रिय संस्था) बीच सहकार्य |
| | | | |
| सामाजिक भेदभावमा कमी आएको हुने | ▪ जातिय छुवाछुत अनुभव गरेका दलितको संख्या हाल ५०% रहेकोमा आ.व. ०७१/७२ सम्ममा २५% भन्दा कम भएको हुने | | |
| आर्थिक सामाजिक क्षेत्रमा दलित प्रतिनिधित्व बढेको हुने | | | |

**कार्यक्रमहरुः**

- दलित सशक्तिकरण कार्यक्रम
- छुवाछुत जस्ता कुरीति समाप्त पार्न जनचेतना कार्यक्रम (पोष्टरिङ्, गोष्ठी, सार्वजनिक सूचना आदि)
- दलित युवालाई व्यवसायिक तालिम कार्यक्रम
- शिक्षामा छात्रवृत्तिको व्यवस्था

## (ङ) सामाजिक सुरक्षा

तालिका ३.११(ङ): सामाजिक सुरक्षासम्बन्धी तर्कवद्ध योजना

| योजनाको सारांश | सूचक | पुष्ट्याँईका आधार | जोखिम पक्ष |
|---|---|---|---|
| **विषय उद्देश्यः** | | | |

| | | | |
|---|---|---|---|
| जेष्ठ नागरिक, असहाय एवं अपाङ्गहरुले समाजमा सम्मानपूर्वक जीवनयापन गर्न सक्ने अवस्था श्रृजना गर्ने | | | |
| **नतिजाहरुः** | | | |
| जेष्ठ नागरिकहरुको सुलभ स्वास्थ्य सेवा एवं आर्थिक सुरक्षासम्मको पहुँच बढाउने | ▪ जेष्ठ नागरिकहरु तथा असहायले राज्यको तर्फबाट हालको सुविधा भन्दा बढी आर्थिक सुविधा प्राप्त गरेको<br>▪ सम्पूर्ण जेष्ठ नागरिकहरुलाई औषधि उपचार सुविधा प्राप्त भएको हुने | ▪ जि.वि.स.को सूचना केन्द्र<br>▪ ध.न.पा.को सूचना केन्द्र<br>▪ जिल्ला प्रशासन कार्यालयको तथ्याङ्क<br>▪ विभिन्न गैससहरुको प्रतिवेदन | ▪ गै.स.स.को सक्रियता<br>▪ न.पा.सँग पर्याप्त आर्थिक श्रोत |
| जेष्ठ नागरिकको जीवन यापनमा थप सरलता आएको हुने | ▪ न.पा.मा रहेका जेष्ठ नागरिकहरुको तथ्याङ्क संकलन गरी परिचय-पत्र बनाई निःशुल्क औषधि उपचार र निःशुल्क यात्राको सुविधा प्रदान गरिएको हुने | | |
| अपाङ्गहरुलाई जीवनयापनको लागि सीपमूलक शिक्षा र रोजगारको अवसर तथा सामाजिक सम्मान प्राप्त भएको हुने | ▪ अपाङ्गकालागि विशेष शिक्षा कार्यक्रम संचालन भएको हुने<br>▪ जनचेतना शिक्षा कार्यक्रम भित्र समावेश गरी प्रत्येक वडा चेतनामूलक कार्यशीला कार्यक्रम संचालन भएको<br>▪ जिल्ला प्रशासन कार्यालय मार्फत वितरित अपाङ्ग परिचय-पत्र पाउनेहरुलाई औषधि उपचार र निःशुल्क यात्राको लागि सुविधा प्राप्त भएको हुने | | |

**कार्यक्रमहरुः**

- जेष्ठ नागरिकहरु, असहाय तथा अपाङ्गको तथ्याङ्क संकलन गरी अद्यावधिक गर्ने
- वृद्धवृद्धाको संरक्षण तथा अभिनन्दन कार्यक्रम संचालन गर्ने
- अपाङ्गहरुकालागि विभिन्न सीपमूलक तथा आयमूलक कार्यक्रमहरु संचालन गर्ने

## (च) जनजाति उत्थान

तालिका ३.११च): जनजाति उत्थान सम्बन्धी तर्कवद्ध योजना

| योजनाको सारांश | सूचक | पुष्ट्याँईका आधार | जोखिम पक्ष |
|---|---|---|---|
| **उद्देश्यः** | | | |
| जनजातिहरुको संस्थागत विकास गरी स्थानीय भाषा, लिपि र संस्कृतिको संरक्षण र सम्वर्द्धन गर्दै सामाजिक, आर्थिक क्षेत्रमा सुधार आएको ल्याउने | | | |
| **नतिजाहरुः** | | | |

| | | | |
|---|---|---|---|
| जनजातिहरुको सामाजिक, आर्थिक राजनैतिक एवं शैक्षिक स्थितिको जानकारी प्राप्त भएको हुने | ▪ धरानका सबै जनजातिको जनसंख्याको साथै उनीहरुको सामाजिक, आर्थिक , राजनैतिक, शैक्षिक स्थिति बारेको वस्तुगत विवरण तयार भएको हुने | ▪ नेपाल जनजाति महासंघको प्रतिवेदन<br>▪ निर्वाचन तथा तथ्याङ्क कार्यालयको प्रतिवेदन<br>▪ सम्बन्धित संस्थाहरुको प्रतिवेदन<br>▪ जि.वि.स. सूचना केन्द्र<br>▪ ध.न.पा.सूचना केन्द्र | बिभिन्न निकायहरु बीच समन्वय |
| स्थानीय भाषा, लिपि र संस्कृतिको संरक्षण र सम्वर्द्धन भएको हुने | ▪ ध.न.पा.मा बसोबास गर्ने प्रमुख जनजातिहरुको शब्दकोष निर्माण भएको हुने<br>▪ प्रमुख जनजातिहरुको मातृभाषामा प्राथमिक स्तरको पाठ्यक्रम तथा पाठ्यपुस्तक तयार भई कक्षा संचालन र मा.वि. तहको पाठ्यक्रम तयार गर्न आधारभूत कार्यहरुको थालनी भएको हुने<br>▪ विभिन्न चाड पर्व एवं महत्वपूर्ण अवसरमा संस्कृत झल्कने खालको कार्यक्रमहरु नियमित रुपमा संचालन भएको हुने | | |
| जनजातिहरुको संस्थागत विकास भएको हुने | ▪ जातिहरु संस्थागत रुपमा संगठित भएको हुने<br>▪ शिक्षा र आर्थिक क्षेत्रमा जनजातिहरुको पहुँच सहज भएको हुने | | |
| जनजातिको ऐतिहासिक तथा पुरातात्विक स्थलहरुको अध्ययन, अनुसन्धान र संरक्षण भएको हुने | न.पा.मा रहेका ऐतिहासिक तथा पुरातात्विक स्थलको खोज, अनुसन्धान र संरक्षण भएको हुने | | |

**कार्यक्रमहरु:**

- न.पा.मा बसोबास गर्ने सम्पूर्ण जनजातिहरुको सामाजिक तथा आर्थिक अवस्थाको तथ्याङ्क संकलन गर्ने र प्रत्येक वर्ष अद्यावधिक गर्ने
- हालसम्म असंगठित अवस्थामा रहेका बिभिन्न जनजातिलाई संस्थागत विकासको लागि संस्थामा संगठित गर्ने
- ऐतिहासिक एवं पुरातात्विक स्थलको संरक्षण गर्ने
- प्रमुख जनजातिहरुको भाषा, लिपि र संस्कृतिको खोज, अनुसन्धान र प्रकाशन गरी सुधार र संरक्षण गर्ने
- साँस्कृतिक प्रदर्शन गरी आन्तरिक पर्यटन प्रवर्द्धनको साथै न.पा. को चिनारी बढाउने कार्य गर्ने
- साँस्कृतिक आदान प्रदान कार्यक्रम
- क्षेत्रीय संग्रहालयलाई व्यवस्थित पार्ने

## ३.७ वातावरणीय व्यवस्थापन योजना

वातावरणिय स्रोतको अभावमा प्राणी तथा वनस्पतिले आफ्नो न्युनतम आधारभुत आवश्यकता समेत पुर्ति गर्न सक्दैन । हाल भएका वातावरणिय श्रोतहरुको उचित रुपमा प्रयोग गरी भविष्यका पिढीलाई समेत स्थायित्व दिनका लागी वातावरण व्यवस्थापनको खाचो पर्दछ । भएका वातावरणका श्रोतहरुको अवस्था हेरी सापेक्ष वा निरपेक्ष संरक्षण व्यवस्थापनको अवधारणलाई अंगाली योजना तर्जुमा गर्नुपर्ने हुन्छ । नेपालमा छैटौ पञ्चवर्षिय योजना देखी नै नितिगत रुपमा वातावरण संरक्षणका लागी प्रयास हुदै आएको छ जस अनुसार सरोकारवाला निकायहरुको कार्यक्रमसंग संयोजन गरी स्थानिय निकाय, गै.स.स., सामुदायिक संघ संस्था र निजि क्षेत्रको सहभागितामा वातावरण संरक्षण र दिगो विकासका लागी पहल गर्नु नै उपयुक्त देखिन्छ । धरान नगरपालिका भित्र र वरीपरीको क्षेत्रमा वातावरणिय सौन्दर्यता स्थापित गर्न सकिन्छ । वातावरणिय व्यवस्थापनको लागी सरकारी तपरले भएको पहलकदमी (इटहरी, धरान, इनरुवा तथा विराटनगर नगरपालिकाहरुको संयुक्त Land Fill Site) निर्माणलाई महत्व दिदै आगामी दिनमा ध.न.पाको फोहर मैला व्यवस्थापन गर्न सहज हुने देखिन्छ । वातावरणिय व्यवस्थापन योजना तालिका नं. ३.१२ मा प्रस्तुत गरिएको छ ।

तालिका नं. ३.१२: वातावरणीय व्यवस्थापन सम्बन्धी तर्कवद्ध योजना

| योजना सारांश | सूचकहरु | पुष्ट्याइँका आधारहरु | जोखिम पक्षहरु |
|---|---|---|---|
| **उद्देश्य (१):** | | | |
| प्राकृतिक वातावरणको संरक्षण पूनःस्थापना र दिगो विकासको अवधारणा अनुरुप उपयोगमा जोड दिने | | | |
| **नतिजाः** | | | |
| ▪ वातावरणको क्षेत्रमा व्यापक रुपमा जनचेतना अभिबृद्धि भएको हुने<br>▪ विभिन्न धार्मिक र पर्यटकीय सम्पदाहरुको वातावरणीय संरक्षण स्थितिमा सुधार भएको हुने<br>▪ शहरी क्षेत्रको ध्वनि, वायु, माटो तथा जल प्रदुषणमा कमी आएको हुने<br>▪ वातावरण विकास कोषको स्थापना गरी वन विकास कोषको केही रकम नगरको वातावरण संरक्षणमा खर्च हुने व्यवस्था गरी दिगो रुपमा वातावरणीय संरक्षणमा योगदान पुगेको हुने | ▪ स्थानीय टोलबासीलाई फोहोरमैला व्यवस्थापनका लागि आधारभूत तालिम तथा सचेतना कार्यक्रम हरेक बर्ष कम्तीमा ४ पटक संचालन भएको | | |
| **उद्देश्य (२):** | | | |
| वातावरण सम्वन्धी नीति तथा कार्यक्रमको व्यवस्थित कार्यान्वयन गर्ने | | | |
| **नतिजाः** | | | |
| ▪ वातावरणीय प्रभाव मुल्याङ्कन, अनुगमन एवं परीक्षण गरिएका आयोजना संचालन हुने<br>▪ वातावरण संरक्षण एवं प्रदुषण नियन्त्रणमा स्थानीय निकाय, समुदायहरु (टोलवस्ती), गै.स.स.र नागरिक समाजको सक्रिय सहभागिता तथा जवाफदेहिता हुने<br>▪ खाद्य गुण नियन्त्रण तथा पशु जाँच (क्वारेन्टाईन)को व्यवस्था सगै स्वच्छ र आधुनिक पशु-वधशालाको निर्माण भएको हुने | ▪ वातावरणीय प्रभाव मुल्याङ्कन भएका विकास आयोजनाहरुको संख्यामा तुलनात्मक रुपमा वृद्धि भएको<br>▪ कम्तीमा २० वटा मासु पसलको स्तर वृद्धि भएको<br>▪ वातावरण विकास कोषको रकम तथा वन विकास कोषमार्फत जम्मा भएको रकमको ७०% रकम बिरुवा उत्पादन, वृक्षारोपण, पहिरो रोकथाम तथा नगदे बालीको विकास र अन्य आयमूलक कार्यमा प्रयोग भएको<br>▪ खाली स्थानमा हरेक वर्ष कम्तीमा १० हजार बिभिन्न जातका बिरुवाहरुको बृक्षारोपण भएको | | |
| **उद्देश्य (३):** | | | |
| शहरी प्रदुषण रोकथाम गरी वातावरण संरक्षण गर्ने | | | |
| **नतिजाः** | | | |
| ▪ सडकको दुवैतिर हरियाली | ▪ शहरी क्षेत्रमा प्रदुषणको स्तर घटेको | | |

| | | | |
|---|---|---|---|
| प्रवर्धन भएको हुने<br>▪ खानेपानीको मुहान संरक्षण तथा सार्वजनिक शौचालयहरुको निर्माण हुने<br>▪ उपकरण व्यवस्थापन तथा फोहोर फाल्ने कन्टेनरको उचित व्यवस्थापनद्वारा नगर सफा भई शोभायमान हुने<br>▪ फोहोरमैला उत्पादनको न्युनिकरण हुने तर संकलन बढ्ने<br>▪ सफा खानेपानीको वितरण तथा सरसफाईमा उल्लेखनीय प्रगति हुने | ▪ सार्वजनिक शौचालयहरुको संख्या बढेको<br>▪ वृक्षारोपण भएको क्षेत्रफल बढेको<br>▪ फोहोर फाल्ने कन्टेनरहरुको संख्या बढेको<br>▪ मुहान संरक्षण भएका मुलको संख्या प्रति वर्ष कम्तीमा ५ पुगेको हुने<br>▪ बंगुर, सुंगुर खोरहरु घरदेखि कम्तिमा १०० मी. दूरीमा राखिएको हुने | | |
| **उद्देश्य (४):** फोहरमैलाको समुचित व्यवस्थापन भई विद्यमान वातावरणीय अवस्थामा उल्लेख्य सुधार भएको हुनेछ । | | | |
| **नतिजाः** | | | |
| फोहोर मैलाको उचित व्यवस्थापन भएको हुनेछ । | विराटनगरमा इटहरी, धरान, इनरुवा तथा विराटनगर नगरपालिकाहरुको संयुक्त क्षेत्रिय land fill site को निर्माण भएको हुनेछ । | नगरपालिकाको वार्षिक प्रतिवेदन | नगरबासीमा वातावरणीय संवेदनशीलताको कमी |

**कार्यक्रमहरुः**

- वातावरणीय सौन्दर्य कायम राख्न अभिप्रेरित गर्ने होर्डिङ बोर्ड, पमप्लेटहरु तथा अन्तर्क्रिया, अध्ययन भ्रमण र गोष्ठीहरु
- नगरका प्रत्येक विद्यालयमा प्रकृति क्लब (Nature Club) गठन
- फोहोरमैला व्यवस्थापनका लागि आधारभुत तालिम तथा सचेतना कार्यक्रम
- मन्दिर वरपर सफा राख्ने तथा उपयुक्त स्थानमा सार्वजनिक शौचालयको व्यवस्था
- शौचालय नभएका घरधुरीमा स्वस्थकर सुलभ शौचालय निर्माणका लागि आर्थिक तथा भौतिक सहयोग गर्ने
- ध्वनि प्रदुषण गर्ने साना, ठुला ट्र्याक्टरलाई शहरी क्षेत्रमा विहान ९ बजे देखि बेलुका ५ बजेसम्म प्रतिवन्ध लगाउने
- वायु, जल, माटो तथा ध्वनि प्रदुषण र नियन्त्रण सम्बन्धी मापदण्डहरुको निर्माण
- सेफ्टी ट्याङ्कलाई खुला ठाउँका सार्वजनिक खोल्सीहरुमा मिसाउन प्रतिवन्ध लगाउने
- नगर क्षेत्र भित्रका १७ वटा वन उपभोक्ता समूहलाई परिचालन गरी जैविक विविधता कायम राख्दै भू-संरक्षण, वृक्षारोपण लगाउन सहयोग गर्ने तथा वैकल्पिक उर्जाको प्रयोग तर्फ अग्रसर बनाउने
- दृष्य प्रदुषण रोकथाम गर्न सडकमा राखिने निर्माण सामग्री तथा फुटपाथ पसल नियन्त्रण तथा व्यवस्थापन गर्ने
- बसपार्क नजिक यात्रु प्रतिक्षालयको निर्माण गर्ने
- पोष्टर पम्प्लेट टाँस्ने तथा होर्डिङ वोर्ड राख्ने ठाँउको एकिन गर्ने
- छाडा चौपायाहरु नियन्त्रणको लागि कान्जिहाउसको स्थापना गर्ने, भुस्याहा कुकुरहरु नियन्त्रण गर्ने
- खाद्य तथा पशु जाँच गरी गुण नियन्त्रण गर्न बजारमा खाद्य पदार्थको नियमित परिक्षण गर्ने व्यवस्था गर्ने
- आधुनिक पशु-वधशालाको विकास गरी स्वच्छ मासु विक्री वितरण गर्ने स्थानहरुको एकिन गर्ने
- तरकारी बजारको फोहोरलाई व्यवस्थित गर्ने
- वातावरण विकास कोष स्थापना गरी सो कोषको रकम तथा वन विकास कोषमार्फत जम्मा भएको रकम बिरुवा उत्पादन, वृक्षारोपण, पहिरो रोकथाम तथा नगदे बालीको विकास र अन्य आयमूलक कार्यमा प्रयोग गर्ने

- खाली स्थानमा बृक्षारोपण गर्ने
- बढी प्रदुषण गर्ने प्रदुषकलाई अतिरिक्त शुल्क लगाई प्रदुषण नियन्त्रण गर्न उत्तरदायी बनाउने
- सरकारी निजी साझेदारीमा वातावरण मैत्री पर्यटकीय, हरीयाली पाक तथा पिकनिक स्थलको रुपमा सम्भाव्यता अध्ययन गरी विकास गर्ने
- सेफ्टी ट्याङ्क सफा गर्ने सक्सन ट्याङ्कको व्यवस्था गर्ने
- खानेपानी प्रदुषण नियन्त्रण गर्न मुहान संरक्षण, ट्याङ्क निर्माण तथा ट्रिटमेन्ट प्लान्ट निर्माण र सौर्य उर्जाद्वारा पानी शुद्धीकरण गर्ने सोडिस (SODIS: Solar Disinfection) प्रविधि, पियुस तथा वाटरगार्डको प्रयोगकालागि प्रेरित गर्ने
- फोहरमैलाको व्यवस्थापन तथा पूनःप्रयोग गर्ने प्रविधि (Recycle Technology)द्वारा जैविक मल, कागज, प्लाष्टिक इत्यादि उत्पादन गर्ने प्लान्टको स्थापना गर्ने
- फोहोरमैला न्यूनिकरण, पुनःप्रयोग तथा पुनःनिर्माण(चक्रण) कार्यलाई प्रवर्धन गर्न प्लाष्टिक, धातु, सिसा,कागज तथा हड्डी संकलन गर्ने तथा प्लाष्टिकका झोला तथा ब्यागहरुको प्रयोगलाई निरुत्साहित गर्दै वातावरण मैत्री ब्याग निर्माण गरी वितरण गर्ने
- फोहोमैलाको अन्तिम व्यवस्थापनका लागि ल्याण्डफिल साईटको निर्माण सम्पन्न गरी फोहोरको वातावरण मैत्री तवरले व्यवस्थापन गर्न
- जमिनमा खुलै छोडिएका पानीका पाइपहरुलाई जमिन मुनिबाट घरघरमा पुर्‍याउने तथा आवश्यक स्थानहरुमा सार्वजनिक धाराको व्यवस्था गर्ने
- फोहोरमैला संकलन र ओसारपोसार गर्नको लागि आवश्यक साधन तथा सामाग्री

## ३.८ प्रकोप व्यवस्थापन योजना

दैवीप्रकोप उद्धार ऐन २०३९ को परिभाषा अनुसार “प्रकोप भन्नाले भूकम्प, आगलागी, आँधिबेरी, बाढी-पहिरो, अतिवृष्टि अनिकाल, महामारी तथा यस्तै अन्य प्राकृतिक प्रकोपलाई सम्झनु पर्दछ र सो शब्दले औद्योगिक दुर्घटना, विष्फोटक वा विषाक्त पदार्थद्वारा हुने दुर्घटना तथा यस्तै कुनै पनि प्रकारको प्रकोपलाई समेत जनाउनेछ” । यसरी हेर्दा मानवीय, वातावरणीय, वस्तुगत तथा आर्थिक क्षेत्रको गम्भीर क्षति भई व्यक्ति, समाज तथा राज्यको कार्यात्मक क्षमतामा हुने सम्वेदनशील विनाशको अवस्था नै प्रकोप हो ।

नेपालमा हरेक वर्ष बाढी पहिरो, डुबान, आगजनी, हुरीबतास, सडक दुर्घटना तथा बिभिन्न रोग व्याधीबाट हजारौं नागरिकहरु प्रभावित भईरहेका हुन्छन् । यसरी बढी रहेका प्रकोपहरुबाट धरान नगरपालिका पनि अछुतो रहेको छैन । नेपालमा जोखिम न्यूनिकरण सम्बन्धि बिभिन्न नीतिगत व्यवस्थाहरु भए तापनि कार्यान्वयन पक्ष कमजोर नै देखिन्छ ।

प्राकृतिक वातावरण तथा जैविक विविधताका पक्षलाई समेत मध्य नजर गर्दै धरान नगरपालिकाबाट संचालन गरिने विकास निर्माणबाट हुन सक्ने जोखिमहरुको विश्लेषण हुन आवश्यक छ । प्रकोप व्यवस्थापन अर्न्तगत Disaster Preparedness Map मा खुल्ला क्षेत्र, शैक्षिक तथा स्वास्थ्य संस्थाहरु र ती संग जोडिएको सडकहरु नक्शामा देखाइएको छ। सडकहरु प्रकोप आउदाँ महत्वपूर्ण भएको हुनाले त्यस क्षेत्रको Building by laws मा set back र FAR सम्वन्धी अध्ययन गरी मात्र योजना तथा कार्यक्रमहरु लागु गर्नु पर्ने हुन्छ। त्यसै अनुरुप तर्कबद्ध खाका योजनामा आधारित **प्रकोप व्यवस्थापन योजना** तालिका नं.३.१३मा प्रस्तुत गरिएको छ ।

तालिका नं. ३.१३: प्रकोप व्यवस्थापन सम्बन्धी तर्कवद्ध योजना

| योजनाको सारांश | सूचकहरु | पुष्ट्याँइका आधार | जोखिम पक्ष |
|---|---|---|---|
| **उद्देश्यः** | | | |
| प्राकृतिक प्रकोप, मानवीय असावधानी एवं सामाजिक अपराधका कारण हुने जनधनको क्षति न्यूनिकरण गर्ने | | | |
| **नतिजाः** | | | |
| प्राकृतिक विपत्तिबाट पिडित पक्षका लागि राहत पुगेको हुने | ▪ प्राकृतिक प्रकोप राहत कोष स्थापना भएको<br>▪ प्राकृतिक प्रकोप समाधान गर्न स्रोत र साधनको व्यवस्था भएको | ▪ नेपाल रेडक्रस सो. सूचना केन्द<br>▪ ध.न.पा. सूचना केन्द्र<br>▪ जि.वि.स. सूचना केन्द्र | ▪ जिविस, प्रहरी प्रशासन, नागरिक समाज, गैसस एवं ध.न.पा. बीच |

| | | | |
|---|---|---|---|
| | | ▪ प्रहरी प्रतिवेदन | सामञ्जस्यता |
| मानवीय असावधानी एवं दुर्घटनाजनित घटनाहरु कम भएको हुने | ▪ बाढी, आगलागी, सडक दुर्घटना जस्ता घटनाहरुको रोकथामका लागि जनचेतना जगाउने पर्चाहरु, सूचना पोष्टर आदि वितरित भएको<br>▪ स्थानीय विद्यालयहरुमा जोखिम व्यवस्थापन सम्बन्धी पढाइ एवं कार्यक्रम सञ्चान भएको<br>▪ ट्रफिक नियमको पालना भएको<br>▪ रोगव्याधिको महामारी फैलिन नदिन जनचेतना उच्च भएको<br>▪ बारुणयन्त्रको चुस्त व्यवस्था भएको<br>▪ एम्बुलेन्सको व्यवस्था भएको<br>▪ जोखिम व्यवस्थापन सम्बन्धी निर्देशिका (Manual) तयार भएको<br>▪ Risk Resilience Committee स्थापना भएको | ▪ गैसस प्रतिवेदन | |
| सामाजिक अपराध घटेको हुने | ▪ सामाजिक (हत्या हिंसा, चेलीबेटी बेचविखन, यौन व्यापार, बलात्कार) विरुद्ध युवा समुहको परिचालन भएको | | |

**कार्यक्रमहरुः**

- नगर स्तरीय दैविकप्रकोप समिति बनाउने नगरमा कार्यरत सबै सम्बन्धित संघ संस्थाहरु प्रत्यक्ष रुपमा सहभागि गराई बनाउने ।
- नगरपालिकामा प्रकोप व्यवस्थापन ईकाइको स्थापना गर्ने जसमा RRC स्थापना भएको हुनु पर्ने ।
- जोखिम न्यूनिकरण सम्बन्धी निर्देशिका तथा कार्यविधि निर्माण तथा कार्यन्वयन गर्ने ।
- विद्यालय तथा कलेजहरुमा जोखिम व्यवस्थापन नियमित कार्यनित कार्यक्रम संचालन तथा तालिम र अध्यापन गराउने ।
- नगरपालिका अन्तगर्त प्राकृतिक विपती राहत कोषको स्थापना गर्ने ।
- जोखिम न्यूनिकरण सम्बन्धी निर्देशिकाको प्रकाशन
- सामाजिक अपराधिक रोगव्याधी एव महामारि विरुद्ध नियमित जनचेतना कार्यक्रम संचालन पत्रकार महसंघसंग सहकार्य गरी गर्न ।
- सर्दु र सेउती खोला तटबन्ध निर्माणको लागि Master Plan तयार गरी संचानन गर्नु पर्ने|
- नगर क्षेत्र भएर बगने खहरे खोलाको छेउछाउको बस्तीहरु अध्ययन गरी मापदण्ड अनुरुप पुनर्वासको व्यवस्थापन गरी जोखिम न्यूनीकरण गर्ने ।
- जोखिम अभिलेख राख्ने कार्य निरन्तरता दिने र उद्धार तथा राहत वितरण प्रणाली समान रुप हुने गरी One Door System सम्बन्धित संघसंस्था संग सहकार्य गर्ने ।
- प्रकोप पूर्वतयारी सामाग्रीको भण्डारन एव व्यवस्थापन गर्ने।
- जोखिममा परेकाहरुलाई उद्धार उपचारको लागि BPKIHSमा छुटै वार्ड खडा गर्न सहकार्य गर्ने ।
- BPKIHS को Exist , Entrance, Ramp, Lift, अन्य भौतिक पूर्वाधारको निर्माण गर्ने अस्पताल संग सहकार्य गर्ने।
- ट्राफिक व्यवस्थापन र शहरी सडक तथा राजमार्गमा नियमित आवगमन सेवा सम्बन्धी कार्यक्रम
- नगरपालिकामा भुकम्पीय जोखिम रहेकोले पूर्व तयारी कार्यक्रम संचालन गर्ने तथा घर नक्शापास गराउदा भुकम्पीय प्रतिरोधात्मक निर्माणलाई प्रोत्साहन दिने र सार्वजनिक भवनको निर्माणमा विशेष निर्माण गर्ने ।
- नगरपालिकामा कार्यरत संघ संस्थाहरुलाई विशेष त्रैमासिक तालिमको कार्यक्रम गर्ने ।
- नगरपालिका रोटऱी कल्व अफ धरान, उप्का, रोट्रयाम तथा स्थानिय कल्वहरुलाई त्रैमासिक रुपमा कार्यक्रम तालिमको व्यवस्थापन गर्ने ।
- जोखिम न्यूनिकरण सम्बन्धी विशेष कार्यक्रमहरु सुकुम्बासी वस्तीहरुमा नियमित गर्ने तथा अतिजोखिमलाई पूनर्वासको व्यवस्था गर्ने

- नगरपालिकाको जोखिम उद्धार टोली बनाई जनचेतना तथा तालिम कार्यक्रम गर्ने ।
- शैक्षिक क्षेत्र, खुला, स्वास्थ्य संस्था क्षेत्रहरुलाई जोडने सडक तथा ति संस्थाहरुको लागी विशेष Bylaws तथा set back सम्वन्धी अध्ययन गर्ने।
- विद्यालय तथा कलेजहरुको, भौतिक पूर्वाधारको अवस्था तथा थप पूर्वाधार जोखिम प्रतिरोधात्मक निर्माण तथा अनुगमन कार्य नगरपालिकासंग सहकार्य गरी गर्ने ।

**पुर्व तयारी कार्यक्रमहरुः**

- जोखिम अभिलेख राख्ने कार्य निरन्तरता दिने
- नगरपालिकामा प्रकोप व्यवस्थापन इकाई को स्थापना गर्ने
- जोखिम न्यूनिकरण सम्बन्धी निर्देशिका तथा कार्यविधि निर्माण र कार्यान्वयन
- तालिम पुस्तिका तथा चेतनामूलक सामाग्रीहरु तयारी र प्रकाशन
- प्रकोप पूर्वतयारी सामाग्रीको व्यवस्थापन
- प्रकोप नक्सांकन तथा यस सम्बन्धी राष्ट्रिय/अन्तर्राष्ट्रिय क्षेत्रबाट अध्ययन अनुसन्धान
- शहरी सडक तथा राजमार्गमा नियमित आवगमन सेवा सम्बन्धी कार्यक्रम
- समूदायस्तरमा लैगिक जोखिम नगरस्तरिय न्यूनीकरण सचेतना

**पुन-स्थापना कार्यक्रमहरुः**

- जोखिममा परेकाहरुलाई उद्धार/उपचार
- सामुदायिक साइरनको स्थापना र संचालन
- क्षतिको लेखाजोखा

**आगलागी व्यवस्थापन कार्य योजनाहरुः**

- प्रर्याप्त उपकरण तथा मानव संसाधनको व्यवस्थान र सुदृटिकरण गर्ने ।
- सुख्खामौसम सूरु हुनासाथ आगलागिबाट वच्न जनचेतना फैलाउन।
- बढी जोखिम क्षेत्रहरुमा पानी व्यवस्थापन र संवेदनशिल वस्तुहरुको निरीक्षण, जस्तै सुकुम्बासी वस्ती जंगल र मूख्य बजार क्षेत्र गर्ने ।(६ ठाउमा टंयाकी निमाण)
- समुचित संचार संजालको स्थापना गर्ने ।
- बारुणयन्त्रमा कार्यरत कर्मचारीलाई अग्नी नियन्त्रण नयाँप्रविधिको तालिम गर्ने।
- वनमा लागेको अग्नि नियन्त्रण, तरिकाबारे वन उपभोक्ता समूहहरुलाई तालिम दिने ।
- आगलागि बेलागर्न हुने र गर्न नहुने कामकाबारे निर्देशिका तयार गर्ने र प्रचार प्रसार गर्ने ।
- आगलागिबाट हुन सक्ने दुर्घटनाबारे विभिन्न संचार माध्यमबाट जनचेतना फैलाउने अभियान संचालन गर्ने ।

## ३.९ संस्थागत विकास योजना

### ३.९.१ भूमिका

स्थानीय स्वायत्त शासन ऐन २०५५ ले गरेको व्यवस्था अनुसार नगरपालिकालाई सशक्त स्थानीय निकायको रुपमा विकास गर्न अझै पनि विविध कानुनी, प्रशासनिक एवं राजनीतिक चुनौतीहरु छन् । स्थानीय स्वायत्त शासन पद्धतिको बिकासको लागि स्थानीय निकायलाई आवश्यक पर्ने अधिकार, जिम्मेवारी र श्रोत साधन निक्षेपण गर्ने तथा संस्थागत संयन्त्र र कार्यगत संरचनाको निर्माण गरी निक्षेपण गरिएका कार्यहरुको प्रभावकारी व्यवस्थापन गर्न कानुनी रुपले स्वायत्तता प्रदान गर्न आवश्यक ऐन तथा नियमावली लागू गर्ने र त्यसमा समसामयिक परिमार्जन गर्ने जस्ता कार्यहरु भैरहेका छन् । अर्कोतिर, हाल निर्वाचित जनप्रतिनिधीहरु नहुँदा स्थानीय स्वायत्त शासन ऐनको मर्म अनुरुप नगरपालिकाको कार्यलाई चुस्त, प्रभावकारी र विशिष्ट ढंगले अगाडि बढाउन कठिनाई भैरहे पनि विगतको अभ्यासबाट विषयगत समितिहरुको प्रभावकारितामा विकास गर्दै लानु पनि नगरपालिकाको महत्वपूर्ण दायित्व बनेको छ । साथै, विकासका संभावनाहरुको खोजी, निक्षेपित अधिकार अनुसार सेवा सुविधाको प्रवाहमा सरलता, सुनिश्चितता र विश्वसनियतामा अभिवृद्धि गरी

संस्थागत क्षमता बढाउन उपयुक्त संगठनात्मक संरचनाको निर्माण, जनशक्ति व्यवस्था र निर्धारित प्रशासकीय संगठन अनुसारका शाखा, उपशाखा, इकाई (फाँट) आदिको काम, कर्तव्य र अधिकार साथै जिम्मेवारीको किटान गरी सांगठनिक स्वरुपलाई समयानुकुल, सक्षम व्यवस्थित, उपलव्धीमूलक, सेवामूखी र प्रतिफलदायी तुल्याउनु पर्ने दायित्व पनि नगरपालिका समक्ष सिर्जना भएको छ । यही परिप्रक्ष्यमा ध.न.पा.को संस्थागत क्षमता विकासको अवस्था विश्लेषण गरी संस्थागत विकास योजना (Institutional Development Plan) तयार पारिएको छ ।

संस्थागत विकास योजना तर्जुमा गर्दा निम्न कुराहरुलाई ध्यान दिइएको छ :

(क) विकेन्द्रीकरण, स्वशासन एवं जनसहभागिता परिचालन
(ख) जनजाति, आदिवासी, दलित, सामाजिक तथा आर्थिक दृष्टिकोणले पिछडिएका बर्ग समेत समग्र जनतामा विकासको प्रतिफलको सन्तुलित तथा समान वितरण
(ग) स्थानीय श्रोत र सीपको अधिकतम एवं उचित प्रयोग
(घ) संस्थागत समन्वय र संजाल स्थापना
(ङ) संगठनात्मक क्षमता तथा दक्षता अभिवृद्धि
(च) असल शासनका आचरण (Norms) को अवलम्वन तथा लोकतान्त्रिकरण (Democratization)
(छ) व्यवस्थापनका नयाँ मूल्य र मान्यताहरु
(ज) नागरिक समाज (Civil Society) को सवलीकरण
(झ) निजी क्षेत्रसँगको साझेदारी (Partnership)

संस्थागत विकास योजना अन्तर्गत संगठन विकास (Organizational Development) एवं जनशक्ति विकास (Human Resource Development) सम्बन्धी योजनाहरु पर्दछन्। तर वर्तमानमा रहेको सांगठनित र कार्य सम्पादन प्रकृया प्रभावकारी रहेको देखिन्छ । संस्थागत विकासको LGCDP अन्तररर्गतको CD Plan अर्थात Capacity Development Plan लाई यसै आवधिक योजनासंगै कार्यान्वयन गर्दै जानुपर्ने देखिन्छ। स्थानीय विकास अन्तरर्गतको क्षमता विकास योजना ३ वर्षलाई पनि आ.व. २०६७/२०६८ - ०७१/०७२ बाटै लागु हुने भएकोले ध.न.पा.को संस्थागत विकासमा ठूलो टेवा पुग्न सक्ने निश्चित छ।

### ३.९.२ संगठन विकास योजना

धरान नगरपालिकाको वर्तमान सांगठनिक ढांचा अथवा विवरणको अवस्थालाई विश्लेषण गनु पर्दछ। संगठनको संरचना र कार्य संम्पादन प्रकृया चुस्त, दुरुस्त तथा प्रभावकारी रुपमा सेवा ग्राहिले प्राप्त गरेको देख्न सकिन्छ। विद्यमान अवस्थामा धरान न.पा. को संगठन र कार्य प्रकृयालाई सवल पक्षको रुपमा लिनु पर्दछ । यस अनुसार धरान न.पा. कार्यालयको वर्तमान सांगठनिक स्वरुप खण्ड २ मा प्रस्तुत गरि सकिएको छ ।

### ३.९.३ जनशक्ति विकास योजना

नगरपालिकाले सेवाग्राहीहरुलाई प्रभावकारी र छिटो छरितो रुपमा कार्य सम्पन्न गर्नको लागि आवश्यकता अनुसार जनशक्तीको व्यवस्था गरेको हुन्छ। वर्तमान अवस्थामा रहे भएका जनशक्ती पर्याप्त छ वा छैन भन्ने यथार्थतालाई कर्मचारी विवरण अनुसार अनुमान गर्न सकिन्छ। जनशक्ती विकासको लागि योजना बनाउनु र कार्यन्वयन गर्नुलाई जनशक्ती विकास योजना (Human Resource Development Plan) भन्न सकिन्छ ।

स्थानीय स्वायत्त शासन ऐन, २०५५ ले व्यवस्था गरे अनुरुपको हरेक नगरपालिकाले आफ्नो काम प्रभावकारी रुपमा सम्पन्न गनुपर्ने व्यवस्था गरेको छ । त्यस्तै नगरपालिकाले आफ्नो सेवा छिटो छरितो सम्पन्न गर्न नागरिक बडापत्रमा व्यवस्था गरे अनुसार हुनेछ। जनशक्ति विकासको अवस्थालाई हेर्ने हो भने वर्तमान अवस्थाममा रहेको कर्मचारी नै पर्याप्त भएको देखिन्छ। यदि हालको संख्यामा रित्त भएमा नियमानुसार पदपुर्ति गर्दै जानुपर्छ। तर हाल यस नगरपालिकामा शहरी योजनाकारको दरवन्दी र काम गर्ने प्राविधिक (Urban planner) भएको नदेखिएकोले व्यवस्था गर्नुपर्ने देखिएको छ ।

तालिका नं. ३.१४: संस्थागत विकास सम्बन्धी तर्कवद्ध योजना

| योजनाको सारांश | सूचकहरु | पुष्ट्याँइका आधार | जोखिम पक्ष |
|---|---|---|---|
| **लक्ष्य (Goal)**<br>"संस्थागत रुपमा सक्षम र प्रभावकारी नगर सरकारको रुपमा धरान नगरपालिका विकास र सुदृढ भएको हुनेछ" । | • योजना अवधिको अन्तरसम्ममा जारी गरिएको नागरिक वडापत्र बमोजिम सेवा उपलब्ध गराउन नसकेमा क्षति पूर्ति दिने परिपाटीको विकास र कार्यवयन भएको हुनेछ ।<br>• योजना अवधिको अन्तसम्ममा नागरिक सरोकारका विषयमा नीजिक्षेत्रको लगानी हालको अवस्थाबाट कम्तिमा १०% ले बृद्धि भएको हुनेछ । | | |
| **उद्देश्यः**<br>१) न.पा. समक्ष संस्थाको रुपमा विकास भएको हुनेछ । | १.१) विषयगत निकायबाट निक्षेपभई आउने जिम्मेवारी र दायित्व समेत संयो गर्न सक्षमम संगठन स्वरुप तयार भई योजना अवधिको अन्तरसम्ममा प्रभावकारी रुपमा कार्यान्यिनमा आएको हुनेछ ।<br>१.२) प्रतिबर्ष कम्ति हालको प्रशासनिक खर्च ५% ले कमि आई योजना अवधिको अन्तरसम्ममा १०% कमि आएको हुनेछ ।<br>१.३) सेवा शुल्कमा आधारित राजश्व हालको अवस्थाबाट १०% ले बृद्धि भएको हुनेछ । | - संगठन स्वरुप<br>- स्वीकृत नीति कार्यक्रम तथा वजेट पुस्तिका | राजनीतिक दल र नगरपालिकाको नीतिगत प्रतिवद्धता कायमै रहने छ । |
| **नतिजाहरु (Results)**<br>१.१) सार्वजनिक सेवामा न.पा.को संलग्न बृद्धिभएको हुनेछ ।<br>(हालको अवस्था : सरसफाई र सडकवत्ती मर्मत न.पा.द्वारा भईरहेको र अन्य सेवा सम्बन्धित विषयगत कार्यालय तथा निकायबाट भईरहेको । | १.१.१) आ.ब. २०६७ को अन्तसम्ममा विद्युत तथा खानेपानी वितरण व्यवस्थाका लागि नीतिगत पूर्वाधार तथा सम्भाव्याका लागि नीतिगत पूर्वाधार भई सकेको हुनेछ ।<br>१.१.२) सम्भाव्यताको आधारमा परीक्षणको रुपमा वडा नं. १, २, ४ र ५ मा वितरण र व्यवस्थापन आ.ब. २०६७ देखि सुरुवात गरिनेछ । | • नगरपरिषदको निर्णय पुस्तिका<br>• सम्भाव्यता अध्ययन प्रतिवेदन<br>• सम्झौता पत्रहरु | • स्था.स्वा.सा. ऐनको प्रभावकारी कार्यान्वयनको भएको हुनेछ ।<br>• अन्य कानून तथा नियमहरु स्था.स्वा.सा.ऐनलाई सुदृढ गर्ने<br>▪ खालका हुनेछन्। |
| १.२) सरल र गुणस्तरीय सेवा प्रवाहमा बृद्धि भएको हुनेछ ।<br>(हालको अवस्था: प्रष्ट रुपमा व्याख्या नभएको ) | जारि गरिएको नागरिक वडापत्रलाई अझ सुदृढ र परिमार्जन गरी २०६७ श्रावण भित्रमा सार्वजनिक गरी लागू गरिने छ । | सार्वजनिक गरिएको नागरिक वडापत्र न.पा. निर्णय | • |

| | | | |
|---|---|---|---|
| १.३) सूचना केन्द्रको स्थापना भई प्रभावकारी सूचना प्रणालीको विकास भएको हुनेछ ।<br><br>(हालको अवस्था: सूचना शाखा भएको तर विकसित भई नसकेको, वेभपेज भएको, सूचना नेटवर्क नभएको) | १.३.१) नगरभित्रका सम्पूर्ण सूचनाहरु आ.ब. २०६७ को अन्तसम्ममा संकलन र अद्यावधी गरिनेछ ।<br><br>१.३.२) वर्तमान अवस्थाको वेभपेज लाई अद्यावधिक गरिन छ ।<br><br>१.३.३) योजना अन्तर सम्ममा नगर सूचनाको नेटवर्क तयार भएको हुनेछ । | • नगर प्रोफाईल<br>• वेभपेज<br>• नेटवर्क | • आधुनिक सूचना प्रणाली संग परिचित दक्ष कर्मचारी नगरपालिकामा नै कार्यरत हुनेछन । |
| १.४) जनशक्ति विकास योजना तयार भई लागू भएको हुनेछ ।<br><br>(हालको अवस्था: व्यवस्थित जनशक्ति विकास योजना तर्जुमा भई नसकेको ) | १.४.१) लक्ष र उद्देश्य विश्लेषण गरी जनशक्ति विकास योजना २०६७ को अन्त सम्ममा तयार भई लागू भएको हुनेछ ।<br><br>१.४.२) प्रत्यके कर्मचारीको पदगत मापक योग्य जिम्मेवारी र जवाफदेहीता प्रष्टरुपमा किटान गरी र परिमार्जन गरी आ.ब. २०६७ भित्रमा लागू भएको हुनेछ । | • स्वीकृत जनशक्ति विकास योजना<br>• जिम्मेवारी, जवाफदेहिता सम्बन्धित विवरण | • स्थानीय सेवा ऐन आ.ब. २०६८ को मध्यय सम्ममा कार्यान्वयनमा आएको हुनेछ । |
| १.५) क्षेत्रीय अध्ययन केन्द्र प्रभावकारी रुपमा उद्देश्य मूलक संचालनमा आएको हुनेछ ।<br><br>(हालको अवस्था: क्षेत्रीय अध्ययन केन्द्र प्रभावकारी र उद्देश्य मुलक संचालन हुन नसकेको) | १.५.१) आ.ब. २०६८ भित्रमा आवद्ध नगरपालिकाको सहभागितामा संचालन निर्देशिका स्वीकृत भई आवद्ध नगरपालिकाहरुको आवश्यकता अनुरुप कम्तिमा बर्षको २ वटा क्षमता अभिबृद्धि सम्बन्धि प्याकेज तयार भई कार्यान्वनमा आएको हुनेछ । | • स्वीकृति निर्देशिका<br>• आबद्ध न.पा.को निर्णय<br>• आवद्ध न.पा.को लागत सेयरिङ सम्बन्धि निर्णय | • स्थानीय विकास मन्त्रालयको निर्देशिन रहनेछ । |
| १.६) अनुगमन र मूल्याङकन प्रणाली व्यवस्थित र प्रभावकारी भएको हुनेछ ।<br><br>(हालको अवस्था: उद्देश्य पूर्व अनुगमण र मूल्यांकन प्रणाली कार्यान्वयनको नरहेको) | १.६.१) आ.ब. २०६७ को पहिलो ३ महिना भित्रमा सवै शाखा प्रमुखहरु रहेको अनुगमन सेलको गठन भएको हुनेछ ।<br><br>१.६.२) त्रैमासिक तथा मासिक समिक्षा वैठक बसेको हुनेछ । | समिक्षा प्रतिवेदन | सवै तर्फबाट कुनै प्रकारको हस्तक्षेप भएको |
| १.७) विकेन्द्रित तथा सहभागिता मूलक योजना र निर्णय प्रकृयाको | १.७.१) वर्तमान विकास निर्माण केन्द्रीत सहभागितालाई अन्य क्षेत्रमा पनि परिचालन गर्न आवश्यक | • तयार गरेको नीति<br>• निर्णय पुस्तिका र प्रतिवेदन | अन्य प्रचलित कानूनहरु स्थानीय स्वयत्ततालाई सुदृढ गर्ने र विकेन्द्रीकरणको |

| | | | |
|---|---|---|---|
| थालनी भएको हुनेछ । | नीति २०६७ भित्रमा तय गरिनेछ ।<br><br>१.७.२) ठूला प्रकृतिका प्रत्यक्ष जनसरोकारका आयोजना कार्यान्वयन गर्दा आ.ब. २०६७ देखि नियमित रुपमा सार्वजनिक सुनुवाई गरिनेछ ।<br><br>१.७.३) सम्पन्न योजना तथा कार्यक्रमको सार्वजनिक लेखा परिक्षण प्रणालीको थालनी हुनेछ । | • संचार माध्यममा प्रकाशित सामाग्री | नीति अनुरुप हुने छन |
| **उद्देश्यहरु**<br><br>२. स्थानीय सरकारी तथा गैरसरकारी संघ संस्था तथा नीजि क्षेत्र न.पा.को साझेदारीको रुपमा विकास भएका हुनेछन | २.१) न.पा.द्वारा हाल संचालन भई रहेको केहि सेवाहरु जस्तै नगरसरसफाई, कार्यालय सुरक्षा, पार्क तथा सार्वजनिक शौचालय संचालन आदि नीजि क्षेत्र तथा नागरिक समाज संगको साझेदारी र सहभागिता अन्तरगत संचालनमा आएका हुनेछन । (आ.ब. २०६७ भित्र संम्भांव्यता अध्ययन गरिसकिएको हुनेछ र आ.ब. २०६८ देखि संम्भाव्यताको आधारमा कार्यान्वयनमा आएका हुनेछन ।<br><br>२.२) स्थानीय सरकारी तथा गैरसरकारी संघ संस्थाले न.पा. संग समवय गरी तिनीहरुका कार्यक्रम आवधिक योजनामा समावेश अनुसार संचालन भएका हुनेछन । | • संभाव्यता अध्ययन प्रतिवेदनहरु<br>• नीतिगत निर्णयहरु<br>• संझौता पत्रहरु<br>• आवधिक योजना सम्बन्धि डकुमेन्ट<br>• संघ संस्थाका कार्यक्रम | विद्यमान साझेदारी सम्बन्धी नीति अझ पारदर्शी र लचिलो भई कार्यान्वयनमा निरन्तरता आएको हुनेछ । |
| **नतिजाहरु**<br><br>२.१) सरकारी तथा गैरसरकारी संघ संस्थाबाट प्रवाह हुने सेवाको गुणस्तरियतामा बृद्धिभएको हुनेछ ।<br><br>(हालको अवस्था: सेवा प्रवाह सम्बन्धि गुणस्तरको | सेवा सुविधा उपलब्धता आधार र प्रकृया व्यख्या सहितको नागरिक वडा पत्र २०६७ साल भित्रमा सार्वजनिक प्रभावकारी रुपमा कार्यान्वयनमा आएको हुनेछ । | सार्वजनिक गरेको नागरिक वडापत्र | |

| | | | |
|---|---|---|---|
| व्याख्या नभएको) | | | |
| २.२) मानव संसाधन विकास कार्ययोजना तर्जुमा गरी कार्यान्वयन आएको हुनेछ ।<br>(हालको अवस्था: प्रष्ट कार्य योजना नभएको) | २.२.१) आ.ब. २०६७ भित्रमा फिल्ड लेभलका कर्मचारीहरुको र २०६८ भित्रमा अन्य सम्पूर्ण कर्मचारीको क्षमता अभिबृद्धि योजना तयार भई कार्यान्वयन आएको हुनेछ । | • स्वीकृत योजना दस्तावेज | • स्थानीय संघ संस्थामा कार्यरत जनशक्तिको स्थायीत्व भएको हुनेछ । |
| २.३) अनुगमन र मूल्यांकन प्रणाली व्यवस्थित हुनेछ ।<br>(हालको अवस्था: अनुगमन र मूल्यांकन प्रणाली नभएको) | २.३.१) आ.ब. २०६७ को पहिलो त्रैमासिक सम्ममा नगरप्रमुख वा निजले जिम्मा दिएको वोर्ड सदस्यको संयोजकत्वमा सरोकार निकाय, संघसंस्थाको प्रतिनिधित्व हुने गरी इएम समिति गठन भई कार्यान्वयनमा आएको हुनेछ<br>२.३.२) चौमासिक समिक्षा वैठक नियमित वसेको हुनेछ । | • निर्णय पुस्तिका समिक्षा प्रतिवेदन | |

**कार्यक्रमहरु**

- कर्मचारीहरुलाई विषयगत पुनर्ताजगी, तालिम र अवलोकन भ्रमण २० जना प्रति वर्षमा १ पटक ) कार्यालय व्यवस्थापन २० जना
  - (ख) कम्प्यूटर तालिम १५जना
  - (ग) लेखा तथा जिन्सी तालिम ५ जना
  - (घ) राजश्व सुधार तालिम १० जना
  - (ङ) योजना व्यवस्थापन तालिम १० जना
- नगर प्रहरीको लागि कार्यालय निर्माण गरी व्यवस्था गर्ने
- जनप्रतिनिधि अवलोकन भ्रमण वर्षमा २५ जना
- राजनैतिक दलहरु संग न.पा. को नीति सम्वन्धी अन्तरकिया कार्यकम गर्ने।
- संघ संस्था तथा न.पा. विच अभिमुखी कार्यकम १० पटक गर्ने।
- ५ वटा वडा समिति कार्यालयहरुको भौतिक पूर्वाधार विकास(वडा भेलाको वाहेक)।
- न.पा. र छिमेकी गा.वि.स.हरु संग समन्वयात्मक अन्तरकिया कार्यक्रम वार्षिक रुपमा गर्ने।
- संघ संस्था, न.पा. र Line Agencies विच वार्षिक समिक्षा र योजना तर्जुमा वन उपभोत्ता सघं, उधोग वा. स., मालपोत का., नापि का., विधुत, संचार, NGO/INGO, जनजाति महासंघ, पत्रकार तथा सुरक्षा जस्ता निकायहरु संग गर्ने।
- घर नक्शा र मुदा फाटमा भएको काम र आवश्यकता कागजातलाइ अध्यावधिक गर्नु पर्ने।
- नगरपालिकामा शहरी योजनाकारको दरवन्दी प्राविधिक (Urban planner) थप गर्ने

## ३.१०. आर्थिक विकास योजना

आर्थिक विकास व्यापार सम्बन्धी तर्कवद्ध योजना निम्न तालिकामा राखिएको छ।

तालिका नं. ३.१५: आर्थिक विकास व्यापार सम्बन्धी तर्कवद्ध योजना

| योजनाको सारांश | सूचक | पुष्ट्याँईका आधार | जोखिम पक्ष |
|---|---|---|---|
| **लक्ष:** व्यापारीक तथा औद्योगिक क्रियाकलापहरुमा बृद्धि गरी नगरको आर्थिक विकास भएको हुनेछ। | | | |
| **उद्देश्य १ :** औद्योगिक/व्यापारीक केन्द्रको रुपमा विकास भएको हुनेछ। | | | |
| **नतिजाः** | | | |
| १. व्यापारिक पूर्वाधारको विकास भएको हुनेछ। | पर्याप्त बाटो/यातायातको व्यवस्थापन भएको हुनेछ।<br>२०% निजी सहभागीता बृद्धि भएको हुनेछ।<br>गोदाम व्यवस्थापनमा निजी क्षेत्रको २५% सहभागिता बृद्धि भएको हुनेछ। | नगरपालिकाको अभिलेख<br>घरेलु तथा साना उद्योग कार्यालय सुनसरी को अभिलेख | - सरकारको सहभागीता<br>- निजी क्षेत्रको सहभागितामा बृद्धिका लागि वाहेक<br>- न.पा.को बजेट सीमा |
| २. रोजगारीमा बृद्धि भई आय आर्जन बढेको हुनेछ। | स्वरोजगार तालिम व्यवस्थापन भएको हुनेछ।<br>बैदेशिक रोजगारको सूचना केन्द्रको स्थापना भएको हुनेछ।<br>लगानीको क्षेत्र निधार्रण गरी प्राथमिकतामा राखिएको हुनेछ। | नगरपालिकाको अभिलेख<br>श्रम कार्यालयको अभिलेख | - सरोकारवालाको चासो कम<br>- सरकारको उदासिनता<br>- न.पा.को बजेट सीमा |
| ३. धरानको व्यापारीक गतिविधिमा बृद्धि भएको हुनेछ। | बजार व्यवस्थापनमा २५% सुघार भएको हुनेछ।<br>लिंक रोडहरुको ३०% बृद्धि भएको हुनेछ।<br>ड्राई पोर्ट निर्माण सम्पन्न भई प्रयोगमा आएको हुनेछ।<br>स्थानिय उत्पादनमा २५% बृद्धि भएको हुनेछ। | नगरपालिकाको अभिलेख<br>सडक कार्यालयको अभिलेख<br>उद्योग संगठन, व्यापार संघको अभिलेख<br>तथ्यांक कार्यालयको अभिलेख | - नगरपालिकाको बजेट सीमा<br>- अन्य कार्यालयले राख्ने अभिलेखको विश्वसनियतामा कमि। |
| **उद्देश्य २:** रोजगारी प्रवर्धन गरी आर्थिक विकासमा टेवा दिने | | | |

| | | | |
|---|---|---|---|
| **नतिजाहरु** | | | |
| रोजगारीमा बृद्धिभई आय आर्जन बढेको हुनेछ। | स्वरोजगार तालिमको व्यवस्थापन भएको हुनेछ ।<br><br>बैदेशिक रोजगारीको सूचना केन्द्रको स्थापना भएको हुनेछ ।<br><br>लगानीको क्षेत्र निर्धारण गरी प्राथमिकता राखिएको हुनेछ । | धरान न.पा.को अभिलेख<br><br>श्रम कार्यालयको अभिलेख | - सरोकारवालको चासो कम<br>- सरकारको उदासिनता<br>- धरान न.पा.को बजेट सीमा |
| पूर्वि पहाडी क्षेत्रको कृषि बजारको केन्दको रुपमा विकास भएको हुनेछ ।<br><br>कृषि जन्य उधोगको विकास भइ आर्थिक अवस्थामा सुधार भएको हुनेछ। | | | |
| शिक्षा र स्वास्थ्यको केन्दको रुपमा विकास भई आर्थिक क्रियाकलापमा बृदी भएको हुनेछ। | | | |

**कार्यक्रमहरुः**

- गोदाम व्यवस्थापनमा निजी क्षेत्रलाई परिचालन गराउने ।
- नेपाल सरकार, न.पा. व्यापार संघ, उद्योग संगठनको पहलमा सुरक्षा प्रदान गर्ने ।
- व्यापार बृद्धि कार्यक्रम निजी क्षेत्रको सहभागीतामा संचालन गर्ने ।
- आयात प्रतिस्थापन कार्यक्रमको जानकारी उपलब्ध गराउने ।
- जनचेतना तथा counseling कार्यक्रम संचालन गर्न निजी क्षेत्रको २ वटा संस्थालाई जिम्मेवारी दिने ।
- रोजगारी प्रवर्धन कार्यक्रम
- तालिम केन्द्र व्यवस्थापन
- अनुसन्धान तथा अभिलेखिकरण कार्यक्रम

तालिका नं. ३.१६: आर्थिक विकास पर्यटन सम्बन्धी तर्कवद्ध योजना

| योजनाको सारांश | सूचक | पुष्ट्याँईका आधार | जोखिम पक्ष |
|---|---|---|---|
| **उद्देश्य ३** पर्यटन पूर्वाधारको विकास भई आन्तरिक एवं बाह्य पर्यटकको आगमनमा उल्लेख्य बृद्धि हुनेछ । | | | |
| **नतिजाः** | | | |
| पर्यटन पूर्वाधारको निर्माण तथा बिकास भएको हुनेछ । | • विजयपुर क्षेत्रको भौतिक पूर्वाधारहरुको उल्लेख्य विकास भएको हुनेछ ।<br>• त्यस क्षेत्रमा जैविक | • नगरपालिकाको वार्षिक प्रतिवेदन<br>• जिल्ला वन | • स्थानीय जनतासँगको समन्वयको अभाव<br>• जिल्ला वन |

| | | | |
|---|---|---|---|
| | विविधता संरक्षणका विभिन्न कार्यक्रमहरु लागू भएको हुनेछ । <br>● त्यस क्षेत्रमा पर्यापर्यटन विकासको लागि महत्वपूर्ण कार्य भएको हुनेछ । | कार्यालयको प्रतिवेदन <br>● वन उपभोक्ता समितिको प्रतिवेदन | कार्यालयसँग समन्वयको अभाव |
| **उद्देश्य ४** पूर्वाधारको बिकास गरी उद्योगीहरुलाई आकर्षित गरिएको हुनेछ । | | | |
| **नतिजाः** | | | |
| १. व्यवस्थित औद्योगिक क्षेत्रको निम्ति क्षेत्र निर्धारण भएको हुनेछ । <br>२. औद्योगिक पूर्वाधारका निम्ति अध्ययन गरिएको हुनेछ । | ● भू-उपयोग योजना तयार भएको हुनेछ । <br>● भू-उपयोग/योजना विनियम (Byelaws) तयार भएको हुनेछ । <br>● सार्वजनिक निजी साझेदारी अन्तर्गत कम्तीमा २ वटा परियोजनाहरु शुरु भएको हुनेछ । | ● नगरपालिकाको वार्षिक प्रतिवेदन <br>● नगर विकास समितिको प्रतिवेदन | ● स्थानीय निकायको जनप्रतिनिधी चयनमा ढिलाई तथा राजनैतिक प्रतिबद्धता |
| **उद्देश्य ५** कृषि एवं पशुजन्य उत्पादनको बजार पूर्वाधारमा विकास भई कृषि बजारको विकास भएको हुनेछ । | ● दुईवटा गा.वि.स. मा कृषि उपज संकलन केन्द्रको निर्माण भएको हुनेछ । <br>● कृषि प्रदर्शनी स्थलको निर्माण भएको हुनेछ । <br>● वडा नं. १ को कृषि बजारमा थोक तथा खुद्रा तरकारी तथा फलफूल केन्द्रको निर्माण भएको हुनेछ । <br>● कोल्ड स्टोरको लागि जग्गा व्यवस्थापन गरी निर्माण भएको हुनेछ । <br>● कृषि प्रदर्शनी कार्यक्रम आयोजना भएको हुने छ । | ● नगरपालिकाको वार्षिक प्रतिवेदन <br>● नगर विकास समितिको प्रतिवेदन <br>● जिल्ला कृषि कार्यालयको प्रतिवेदन | ● निजी क्षेत्रको सहभागिताको कमी <br>● कृषियोग्य जमिनको कमी हुँदै जानु |
| **उद्देश्य ६** <br>धार्मिक पयर्टकको संख्यामा बृदि भएको हुनेछ । <br>सांस्कृतिक पर्यटकहरुको संख्यामा बृदि भएको हुनेछ | | | |
| **नतिजाः** | | | |
| पर्यटक स्तरिय होटलहरुको संख्या १२ वटा पुगेको हुनेछ। <br>पिण्डेश्वर मन्दिरमा सुविधा सम्पन्न धर्मशाला निर्माण | धार्मिक पर्यटकको संख्यामा बृदि भएको हुनेछ। <br>विभिन्न जाती र जनजातिको संस्कृती झल्काउने एउटा | नगरपालिकाको वार्षिक प्रतिवेदन | सरोकारवालको चासो कम <br>सरकारको उदासिनता <br>धरान न.पा.को बजेट सीमा |

| | | | |
|---|---|---|---|
| भएको हुनेछ।<br><br>विष्णुपादुका जाने वाटो ग्रोभल भएको हुनेछ।<br><br>मन्दिरहरुमा खानेपानी र सुरक्षा को व्यबस्था भएको हुनेछ।<br><br>विष्णुपादुकासम्म मोटर सुविधा भएको हुनेछ।<br><br>भइरहेको होटलहरुको सुविधामा बृदि भएको हुनेछ।<br><br>देश विदेशसम्म पर्याप्त प्रचार प्रसार भएको हुनेछ।<br><br>विजयपुरको धार्मिक स्थलको संरक्षण विकाशको लागि गुरुयोजना तयार भई सो अनुसारको कार्यक्रमहरु शुरु भएको हुनेछ। | संग्राहालय स्थापना भएको हुनेछ।<br><br>बर्षमा एक पटक सांस्कृतिक महोत्सव भएको हुनेछ। | | निजी क्षेत्रको सहभागिताको कमी |

**कार्यक्रमहरु:**

- ३ वटा पर्यटकस्तरीय होटलको निर्माण गर्ने
- स साना होटलहरुको स्तर बृदि गर्ने
- पिण्डेश्वर मन्दिरमा २०० जना बस्न सक्ने धर्मशाला निर्माण गर्ने
- धरान विष्णुपादुका ८ कि.मि सडक कालो पत्रे गर्ने
- पंचकन्या मन्दिरमा पानी टंकी र धारा जडान गर्ने
- प्रत्येक मन्दिरमा स्थानिय सुरक्षा समितिको व्यवस्था गर्ने
- धरान शिबजट्टा मोटरयोग्य सडक वनाउने
- विजयपुरस्थित धार्मिक स्थलहरुको संरक्षण तथा विकासको लागि तयार गुरुयोजना अनुशार घटिमा २५ प्रतिशत काम सम्पन्न गर्ने
- धार्मिक पर्यटकीय स्थलहरुको वेभसाइट वनाई प्रचार प्रसार गर्ने
- व्रोसर र वुकलेट तयार गर्ने
- धरानबाट वरिपरी र नजिकको क्षेत्रहरुमा प्याकेज टुरको व्यवस्था गर्ने
- पर्यटन सुचना केन्दको स्थापना गर्ने

## ३.११ वित्तीय विकास योजना

वित्तीय विकास योजनामा आय विवरण र आय प्रक्षेपण  तथा वित्तीय योजना सम्बन्धी तर्कवद्ध योजना राखिएको छ।

## आय विवरण

तालिका नं. ३.१७: विगत पाँच वर्षको आय

| आय विवरण | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| क स. | आय शीर्षक | २०६०/०६१ | २०६१/०६२ | २०६२/०६३ | २०६३/०६४ | २०६४/०६५ | औषत बृद्धिदर |
| १ | स्थानीय विकास शुल्क | २१,९४८,००० | २१,९४८,००० | २१,९४८,००० | २१,९४८,००० | २१,९४८,००० | 0.00% |
| २ | सवारी कर | १,३७७,४८७ | १,३८७,३३२ | १,२०८,१२५ | ९९२,१५८ | ९२४,९६७ | 0.00% |
| ३ | विविध सवारी कर | – | – | – | – | – | 0.00% |
| ४ | व्यवसाय कर | ९९९,९४६ | २,१४४,१७५ | १,६८५,५८७ | २,०२३,६२६ | १,९५६,८४६ | 19.14% |
| ५ | एकिकृत सम्पति कर | २,३७२,३५२ | ३,५५०,५१४ | ५,४६२,५५४ | ५,६१४,२६० | ५,७४३,१६७ | 15.00% |
| ६ | घर वहाल कर | ५३,६३७ | १०३,०६७ | १७८,५२६ | २४०,८८० | १६०,५२९ | 15.00% |
| ७ | सम्झौता कर | – | – | – | – | – | 0.00% |
| ८ | स्थानीय बजार शुल्क | १२३,२११ | १६२,१६८ | १३३,३१८ | २७७,५९९ | – | 0.00% |
| ९ | पशु माछा बिकृ कर | – | – | – | – | – | 0.00% |
| १० | भूमि कर | – | ७९,६९० | ४५,३७९ | १३२,८८० | – | 0.00% |
| ११ | कर दाईत्व | १,२८५,४०७ | – | – | – | – | 0.00% |
| १२ | अन्य करहरु | – | – | – | – | ५६२,५६७ | 0.00% |
| १३ | **स्थानीय कर जम्मा** | २८,१६०,०४० | २९,३७४,९४६ | ३०,६६१,४८९ | ३१,२२९,४०३ | ३१,२९६,०७६ | |
| १४ | सेवा शुल्क अतिरिक्त | १,४७३,५८४ | १,४७८,३४४ | १,५५६,५२० | १,६५४,४६४ | १,८७६,१५७ | 5.46% |
| १५ | औद्योगिक सेवा शुल्क | – | – | – | – | – | 0.00% |
| १६ | सिफारिश दस्तुर | १,०३४,३५३ | १,४९१,१८० | १,९८०,८५९ | २,८८६,५१७ | २,७६०,७०१ | 15.00% |
| १७ | रेडियो लाईसेन्स | – | – | – | – | – | 0.00% |
| १८ | निवेदन दस्तुर | २१०,००० | २६९,४७६ | २६१,१९७ | ४८७,८४७ | ७०९,२२५ | 15.00% |
| १९ | मूल्याकंन शुल्क | १४७,४५० | १८५,३४३ | २५५,०७० | ४१२,४८४ | ४६२,८९९ | 15.00% |
| २० | नक्सा पास शुल्क | १,८६९,२०८ | २,३९३,७२७ | २,२६८,३२१ | २,४९५,७०१ | २,७४५,२१९ | 9.37% |
| २१ | रजिस्ट्रेशन शुल्क | ६२,२६३ | ६५,८१० | ७०,७१६ | १००,८८५ | – | 15.00% |
| २२ | काँञ्जीघर शुल्क | | | | | | 15.00% |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | ४,१०० | १०,२४० | २५० | ९७५ | १७,२३२ | |
| २३ | अन्य शुल्क तथा जरिवाना | ६५८,८३० | ७६४,२६४ | ९०१,३३८ | ९१३,९४९ | १,००२,२०४ | 10.42% |
| २४ | **शुल्क तथा जरिवाना जम्मा** | ५,४५९,७८८ | ६,६५८,३८४ | ७,२९४,२७१ | ८,९५२,८२२ | ९,५७३,६३७ | **100.26%** |
| २५ | बजार/पसल/भवन | १,८१७,४६५ | १,१०१,५८० | ६५३,६९८ | १,१४२,१९२ | १,२०७,७५१ | 0.00% |
| २६ | बसपार्क | ४५४,४३८ | ३७२,५१५ | ३७०,६२९ | ३२४,५८० | – | 0.00% |
| २७ | माछा पोखरी | – | – | – | – | – | 0.00% |
| २८ | उपकरण तथा अन्य | – | – | – | – | – | 0.00% |
| २९ | **सम्पति बहाल** | २,२७१,९०३ | १,४७४,०९५ | १,०२४,३२७ | १,४६६,७७२ | १,२०७,७५१ | **0.00%** |
| ३० | वालुवा गिट्टी बिकृ | – | – | – | – | – | 0.00% |
| ३१ | जग्गा/भवन बिकृ | – | – | – | – | | 0.00% |
| ३२ | लिलाम बिकृ | – | १३,००१ | – | ४७,१०१ | ११३,५३६ | 0.00% |
| ३३ | टेण्डर फारम जमानत | ३७,६०० | ८०,००० | २७,६०० | २८,१०० | ३८,८०० | 0.64% |
| ३४ | जफत जमानत | २,५५० | ६,६७५ | – | – | ६४,३४१ | 15.00% |
| ३५ | विविध कर/बिकृ | ४७६,१३० | १७८,५३७ | १६३,८१८ | ११४,२३७ | २१०,०१८ | 0.00% |
| ३६ | **विविध आम्दानी जम्मा** | ५१६,२८० | २७८,२१३ | १९१,४१८ | १८९,४३८ | ४२६,६९५ | |
| ३७ | **आन्तरिक आयको जम्मा** | ३६,४०८,०११ | ३७,७८५,६३८ | ३९,१७१,५०५ | ४१,८३८,४३५ | ४२,५०४,१५९ | |
| ३८ | पेश्की फच्र्छौट | १३,३९१ | २२,२१८ | ६७,४६८ | १६८ | १६९,३८१ | 15.00% |
| ३९ | लागत बाडफाँट | ४,०००,९७८ | ३,०३१,४४६ | ७,४४९,०७२ | ५,८१०,५१८ | १,७५०,००० | 0.00% |
| ४० | अन्य विविध | १,१७४,६२५ | ९९९,४०० | १,४९८,८०० | ५००,००० | ९३,९५० | 0.00% |
| ४१ | **विविध आम्दानी जम्मा** | ५,१८८,९९४ | ४,०५३,०६४ | ९,०१५,३४० | ६,३१०,६८६ | २,०१३,३३१ | **15.00%** |
| ४२ | सरकारी/प्रशासनिक अनुदान | ८००,००० | ८१५,००० | १,०७९,००० | ८७९,००० | १,१००,००० | 7.50% |
| ४३ | सरकारी/विकास अनुदान | ३,२४३,५८६ | ७,१२३,१०० | ३८७,५०० | ७,७८०,३८८ | ४,४५६,००० | 7.48% |
| ४४ | जिल्ला विकास परिषद्/अन्य | १,४०९,०७२ | १४,७९०,४८० | १५,६२७,८१५ | १,३११,३१० | १५,०४७,७५१ | 15.00% |
| ४५ | न.वि.को. अनुदान | – | – | – | – | – | 0.00% |
| ४६ | **अनुदान** | ५,४५२,६५८ | २२,७२८,५८० | १७,०९४,३१५ | ९,९७०,६९८ | २०,६०३,७५१ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४७ | आन्तरिक/बाह्य सापटी | १,५००,००० | ३००,००० | १,१००,००० | २,०००,००० | २,०००,००० | 6.67% |
| ४८ | न.वि.को. ऋण | – | – | – | – | – | 0.00% |
| ४९ | कोष/सडक बोर्ड/जिटिजेड | – | – | – | – | ३६२,१५० | 0.00% |
| ५० | **ऋण** | १,५००,००० | ३००,००० | १,१००,००० | २,०००,००० | २,३६२,१५० | |
| ५१ | जगेडा | २,१३९,२०८ | १,२९८,८२४ | ९,८५६,१९२ | ७,७२०,१७३ | २,५९७,९९० | 4.29% |
| ५२ | **बाह्य आय जम्मा** | १४,२८०,८६० | २८,३८०,४६८ | ३७,०६५,८४७ | २६,००१,५५७ | २७,५७७,२२२ | |
| ५३ | **कूल आय आन्तरिक तथा बाह्य** | ५०,६८८,८७१ | ६६,१६६,१०६ | ७६,२३७,३५२ | ६७,८३९,९९२ | ७०,०८१,३८१ | |
| | **आय प्रवृत्ति** | 0 | 31% | 15% | -11% | 3% | **7.61%** |

धरान नगरपालिकाको आर्थिक वर्ष २०६०/६१ मा आन्तरिक आय रु. ३६४८८०११ र वाह्य आय रु. १४२८०८६० गरि जम्मा रु. ५०६८८८७१ भएको देखिन्छ । त्यस्तै २०६१/६२ मा आन्तरिक तर्फ रु. ३७७८५६३८ र वाह्य तर्फ रु. २८३८०४६८ भएको पाइन्छ । २०६०/६१ को तुलनामा २०६१/६२ मा ३१प्रतिशतले वृद्धि भई कुल आय रु. ६६१६६१०६ भएको देखिन्छ । आर्थिक वर्ष २०६२/६३ मा आन्तरि तर्फ ३९१७१५०५ र वाह्य तर्फ ३७०६५८४७ भएको छ । अघिल्लो वर्षको तुलनामा कुल आय १५ प्रतिशतले बढेको पाईन्छ भने आर्थिक वर्ष २०६३/६४ मा आन्तरिक आय तथा वाह्य आय घटन गएको देखिन्छ । आन्तरिक आय तर्फ रु. ११०६४२९० र वाह्य आय तर्फ रु. ८३९७३६० गरि जम्मा ११ प्रतिशतले कमि आई रु. ६७८३९९९२ मात्र भएको छ । २०६४/६५ मा भिनो सुधार आई ३ प्रतिशतले वृद्धि भएको देखिन्छ । त्यसमा आन्तरिक र वाह्य दुबै तर्फ कम वृद्धि भएको देखिन्छ । गणितिय हिसावले औषत वृद्धि वाह्य तर्फ ५६ प्रतिशत र आन्तरिक तर्फ १६५ प्रतिशत भई कुल आर्थिक वृद्धि औषत ११० प्रतिशत भएको देखिन्छ तर वास्तवमा यो वृद्धिलाई आधार मानेर प्रक्षेपण गर्ने हो भने सम्पूर्ण योजनाहरु  महत्वकाक्षि हुन सक्ने कारणले आगामि प्रक्षेपण ऋणात्मकलाई ० प्रतिशत वृद्धि र अप्रत्यासित वृद्धिलाई तत्तत् वृद्धिको आधार मानिएको छ ।

**आयको प्रक्षेपण**

तालिका नं. ३.१८: आगामी पाँच वर्षको आय प्रक्षेपण

| **आय प्रक्षेपण** | | | | | | |
|---|---|---|---|---|---|---|
| क स. | आय शीर्षक | २०६७/०६८ | २०६८/०६९ | २०६९/०७० | २०७०/०७१ | २०७१/०७२ |
| १ | स्थानीय विकास शुल्क | २१,९४८,००० | २१,९४८,००० | २१,९४८,००० | २१,९४८,००० | २१,९४८,००० |
| २ | सवारी कर | ९२४,९६७ | ९२४,९६७ | ९२४,९६७ | ९२४,९६७ | ९२४,९६७ |
| ३ | विविध सवारी कर | – | – | – | – | – |
| ४ | व्यवसाय कर | २,३३१,३६७ | २,७७७,५६९ | ३,३०९,१६८ | ३,९४२,५११ | ४,६९७,०७० |
| ५ | एकिकृत सम्पति कर | ६,६०४,६४२ | ७,५९५,३३८ | ८,७३४,६३९ | १०,०४४,८३५ | ११,५५१,५६० |
| ६ | घर वहाल कर | १८४,६०८ | २१२,३०० | २४४,१४५ | २८०,७६६ | ३२२,८८१ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७ | सम्झौता कर | – | – | – | – | – |
| ८ | स्थानीय बजार शुल्क | – | – | – | – | – |
| ९ | पशु माछा बिक्र कर | – | – | – | – | – |
| १० | भूमि कर | – | – | – | – | – |
| ११ | कर दाईत्व | – | – | – | – | – |
| १२ | अन्य करहरु | ५६२,५६७ | ५६२,५६७ | ५६२,५६७ | ५६२,५६७ | ५६२,५६७ |
| १३ | **स्थानीय कर जम्मा** | ३२,५५६,१५२ | ३४,०२०,७४१ | ३५,७२३,४८६ | ३७,७०३,६४६ | ४०,००७,०४५ |
| १४ | सेवा शुल्क अतिरिक्त | १,९७८,६६८ | २,०८६,७७९ | २,२००,७९८ | २,३२१,०४७ | २,४४७,८६५ |
| १५ | औद्योगिक सेवा शुल्क | – | – | – | – | – |
| १६ | सिफारिश दस्तुर | ३,१७४,८०६ | ३,६५१,०२७ | ४,१९८,६८१ | ४,८२८,४८३ | ५,५५२,७५६ |
| १७ | रेडियो लाईसेन्स | – | – | – | – | – |
| १८ | निवेदन दस्तुर | ८१५,६०९ | ९३७,९५० | १,०७८,६४३ | १,२४०,४३९ | १,४२६,५०५ |
| १९ | मूल्याकंन शुल्क | ५३२,३३४ | ६१२,१८४ | ७०४,०१२ | ८०९,६१३ | ९३१,०५५ |
| २० | नक्सा पास शुल्क | ३,००२,५३० | ३,२८३,९६० | ३,५९१,७६८ | ३,९२८,४२६ | ४,२९६,६४१ |
| २१ | रजिस्ट्रेशन शुल्क | – | – | – | – | – |
| २२ | काँञ्जीघर शुल्क | १९,८१७ | २२,७८९ | २६,२०८ | ३०,१३९ | ३४,६६० |
| २३ | अन्य शुल्क तथा जरिवाना | १,१०६,६७१ | १,२२२,०२८ | १,३४९,४०९ | १,४९०,०६८ | १,६४५,३८९ |
| २४ | **शुल्क तथा जरिवाना जम्मा** | १०,६३०,४३५ | ११,८१६,७१७ | १३,१४९,५१८ | १४,६४८,२१६ | १६,३३४,८७१ |
| २५ | बजार/पसल/भवन | १,२०७,७५१ | १,२०७,७५१ | १,२०७,७५१ | १,२०७,७५१ | १,२०७,७५१ |
| २६ | बसपार्क | – | – | – | – | – |
| २७ | माछा पोखरी | – | – | – | – | – |
| २८ | उपकरण तथा अन्य | – | – | – | – | – |
| २९ | **सम्पति बहाल** | १,२०७,७५१ | १,२०७,७५१ | १,२०७,७५१ | १,२०७,७५१ | १,२०७,७५१ |
| ३० | वालूवा गिट्टी बिक्र | – | – | – | – | – |
| ३१ | जग्गा/भवन बिक्र | – | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | – | – | – | – |
| ३२ | लिलाम बिक्र | ११३,५३६ | ११३,५३६ | ११३,५३६ | ११३,५३६ | ११३,५३६ |
| ३३ | टेण्डर फारम जमानत | ३९,०४८ | ३९,२९७ | ३९,५४८ | ३९,८०० | ४०,०५४ |
| ३४ | जफत जमानत | ७३,९९२ | ८५,०९१ | ९७,८५५ | ११२,५३३ | १२९,४१३ |
| ३५ | विविध कर/बिक्र | २१०,०१८ | २१०,०१८ | २१०,०१८ | २१०,०१८ | २१०,०१८ |
| ३६ | **विविध आम्दानी जम्मा** | ४३६,५९४ | ४४७,९४२ | ४६०,९५६ | ४७५,८८७ | ४९३,०२१ |
| ३७ | **आन्तरिक आयको जम्मा** | ४४,८३०,९३१ | ४७,४९३,१५१ | ५०,५४१,७११ | ५४,०३५,५०० | ५८,०४२,६८८ |
| ३८ | पेश्की फर्च्छौंट | १९४,७८८ | २२४,००६ | २५७,६०७ | २९६,२४८ | ३४०,६८६ |
| ३९ | लागत बाडफाँट | १,७५०,००० | १,७५०,००० | १,७५०,००० | १,७५०,००० | १,७५०,००० |
| ४० | अन्य विविध | ९३,९५० | ९३,९५० | ९३,९५० | ९३,९५० | ९३,९५० |
| ४१ | **विविध आम्दानी जम्मा** | २,०३८,७३८ | २,०६७,९५६ | २,१०१,५५७ | २,१४०,१९८ | २,१८४,६३६ |
| ४२ | सरकारी/प्रशासनिक अनुदान | १,१८२,५०० | १,२७१,१८८ | १,३६६,५२७ | १,४६९,०१६ | १,५७९,१९२ |
| ४३ | सरकारी/विकास अनुदान | ४,७८९,१२० | ५,१४७,१४३ | ५,५३१,९३१ | ५,९४५,४८६ | ६,३८९,९५६ |
| ४४ | जिल्ला विकास परिषद्/अन्य | १७,३०४,९१४ | १९,९००,६५१ | २२,८८५,७४८ | २६,३१८,६११ | ३०,२६६,४०२ |
| ४५ | न.वि.को. अनुदान | – | – | – | – | – |
| ४६ | **अनुदान** | २३,२७६,५३४ | २६,३१८,९८१ | २९,७८४,२०६ | ३३,७३३,११२ | ३८,२३५,५५० |
| ४७ | आन्तरिक/बाह्य सापटी | २,१३३,३३३ | २,२७५,५५६ | २,४२७,२५९ | २,५८९,०७७ | २,७६१,६८२ |
| ४८ | न.वि.को. ऋण | – | – | – | – | – |
| ४९ | कोष/सडक बोर्ड/जिटिजेड | ३६२,१५० | ३६२,१५० | ३६२,१५० | ३६२,१५० | ३६२,१५० |
| ५० | **ऋण** | २,४९५,४८३ | २,६३७,७०६ | २,७८९,४०९ | २,९५१,२२७ | ३,१२३,८३२ |
| ५१ | जगेडा | २,७०९,४२५ | २,८२५,६३९ | २,९४६,८३९ | ३,०७३,२३६ | ३,२०५,०५६ |
| ५२ | **बाह्य आय जम्मा** | ३०,५२०,१८० | ३३,८५०,२८३ | ३७,६२२,०१२ | ४१,८९७,७७४ | ४६,७४९,०७४ |
| ५३ | **कूल आय आन्तरिक तथा बाह्य** | ७५,३५१,१११ | ८१,३४३,४३३ | ८८,१६३,७२३ | ९५,९३३,२७४ | १०४,७९१,७६१ |

आर्थिक वर्ष २०६४/६५ को आयलाई आधारमानि आ.व. २०६७/६८ मा आन्तरिक तर्फ रु. ४४८३०९३१ र वाह्य तर्फ ३०५२०१८० गरि जम्मा रु. ७५३५११११ हुने प्रक्षेपण गरिएको छ। यसै गरि आवधिक योजनाको अन्त्य आ.व. २०७१/७२

सम्मको आन्तरिक तर्फ रु. ५८०४२६८७ र वाह्य तर्फ रु. ४६७४९०७४ गरि जम्मा रु. १०४७९१७६१ हुने प्रक्षेपण गरिएको छ। यसरी आगामि वर्षहरुमा क्रमशः यस नगरपालिकाको आय वृद्धि हुदै जाने प्रक्षेपण गरिएको छ।

तालिका नं. ३.१९: वित्तीय योजना सम्बन्धी तर्कवद्ध योजना

| योजनाको सारांश | सूचकहरु | पुष्ट्याँइका आधार | जोखिम पक्ष |
|---|---|---|---|
| **लक्षः** नगरको वित्तिय स्थितीमा सुधार ल्याइ सार्वजनीक सेवा सुविधाहरु प्रदान गरीएको हूनेछ। | | | |
| **उद्देश्यः१ः** धरान नगरपालिकाको वित्तिय स्थितीमा सुधार भएको हुनेछ। | | | |
| **नतिजाः** | | | |
| १.Corporate Accounting System लागु भएको हुनेछ। | • लेखाप्रणलीमा सुधार भएका हुनेछ<br>• लेखा computerize हुनेछ।<br>• Accounting Manaul तय भएको हुनेछ।<br>• ध.न.पा.को सम्पति तथा दायित्वको अभिलेख भएको हुनेछ | • ध.न. पा.को अभिलेख<br>• आर्थिक प्रतिवेदन<br>• Accounting Manual | • ध.न.पा.को वजेट सीमा<br>• दक्ष जनशक्तिको अभाव Accounting Manual को प्रयोगमा कठिनाई |
| २. आयमा वृद्धि भएको हुनेछ। | • आय वृद्धिका आधारमा वजेट वृद्धि भएको हुनेछ।<br>• आम्दानीको स्रोत पहिचान भएको हुनेछ।<br>• असुल हुन वांकी असुल भएको हुनेछ।<br>• आय वृद्धिको लक्ष पुरा भएको हुनेछ। | • नपाको अभिलेख<br>• वजेट<br>• आर्थिक प्रतिवेदन<br>• असुल हुन बांकीको अभिलेख। | • स्रोत पहिचानमा कठिनाई।<br>• असुल हुन बांकी रकम असुल गर्न।<br>• अयवृद्धिमा नीजी सहभागीतामा कमि। |
| ३. लेखा तथा राजस्व शाखामा पर्याप्त गुणात्मक कर्मचारी पूर्ति भएको हुनेछ। | • कर्मचारीको नियूक्ति भएको हुनेछ।<br>• दरवन्दी तथा योग्यताको आधारमा कर्मचारी नियूक्ती भएको हुनेछ।<br>• अभिलेख समयमै तयार भएको हुनेछ। | • न.पा.को अभिलेख | • कर्मचारी नियूक्तिमा कानुनी अडचन आउन सक्ने।<br>• योग्यतम कर्मचारी प्राप्तिको समस्या हुने।<br>• नियूक्त कर्मचारीवाट समयमा अभिलेख नहुन सक्छ। |
| ४. प्रभावकारी प्रतिवेदन प्रणाली लागु भएको हुनेछ। | • महिना समाप्त भएको ७ दिन भीत्र प्रतिवेदन तयार भएको हुनेछ<br>• आर्थिक वर्ष वितेको महिना भित्र वार्षिक प्रतिवेदन तयार भएको हुनेछ।<br>• जनशक्तिको विकास भएको हुनेछ | • मासिक तथा वार्षिक प्रतिवेदन | • हिसाव मिलान गरी प्रतिवेदन तयार गर्ने जनशक्तिको विकास हुन नसक्नु<br>• तालिम प्राप्त जनशक्ति हुन नसक्नु |
| ५. खर्च व्यवस्थापन नियन्त्रणमुखी भएको हुनेछ। | • खर्च निर्देशीका तथा Accounting Manual को कार्यान्वयन<br>• पेश्की नियन्त्रण भएको हुनेछ।<br>• व्जेट भन्दा बदी खर्च नभएको | • खर्च निर्देशिका तथा Acounting Manual को कार्यान्वयन।<br>• पेश्की रकमको अन्त्य | • खर्च निर्देशीका तथा Acounting Manual को कार्यान्वयनमा कमि।<br>• पेश्की नियन्त्रण गर्न |

| | | | |
|---|---|---|---|
| | हुनेछ। | • वजेट सीमानामा रही खर्च हुनु। | कठिन। • वजेट सीमा भित्र रही खर्च गर्न कठिनाई हुने। |
| **उद्देश्य:२:** आन्तरीक लेखा परिक्षण तथा जीन्सी लेखा र वेरुजु फछ्यौंटका कारण वित्तिय स्थीतिमा सुधार भएको हुनेछ। | | | |
| **नतिजाहरु** | | | |
| १. आन्तरीक लेखापरीक्षण पद्धतीलाई प्रभावकारी वनाईएको हुनेछ। | • आन्तरीक लेखा परीक्षण शाखाको व्यवस्था भएको हुनेछ। • आलेप अधिकृतको नियूक्तीगरी तत्काल लेखापरीक्षणलाई प्रभावकारी वनाईने। • अन्तिम खेपापरीक्षण अगावै आन्तरीक लेखा परीक्षा सम्पन्न भएको हुनेछ। | • आलेप प्रतिवेदन • आलेप अधिकृतको नियूक्ति • खर्च व्यवस्थापनमा सुधार | • दक्ष तालीम प्राप्त कर्मचारी पाउन कठिन • आलेप निर्देशीको कमि |
| २. जीन्सी व्यवस्थापन प्रभावकारी भएको हुनेछ। | • जीन्सी र लेखा शाखाका बीच समन्वयन भएको हुनेछ। • विश्वव्यापी मात्यताका आधारमा जीनसी लेखा राखिएको हुनेछ। • नगर सम्पूर्ण सम्पतिको अभिलेख राखिएको हुनेछ। • आवधिक जिन्सी निरीक्षण भएको हुनेछ। | • जिन्सी निरीक्षण प्रतिवेदन • आलेप/अन्तीय लेखा परिक्षण प्रतिवेदन • नपाको जीन्सी अभिलेख | • समयमा जीन्सी निरीक्षण हुन नसक्नु • जीन्सी अभिलेख दुरुस्त हुन नसक्नु • दक्ष तालिम प्राप्त जनशक्तिको अभाव |
| ३. बेरुजु फछयौट व्यवस्थापन प्रभावकारी भएको हुनेछ। | • बेरुजुको लगत तयार भएको हुनेछ। • फछयौट भएको बेरुजु लगतबाछ कट्टा भएको हुनेछ। • बेरुजु फछयौटका कारण आयमा बृद्धि भएको हुनेछ। | • बेरुजुको लगतको अधावधि • बेरुजु फछयौट भएको रकमबाट आयमा भएको बृद्धि | • कर्मचारीबाट लगतको अध्यावधि नियमीत हुन नसक्नु • बेरुजु फछयौटबाट आयमा बृद्धिको लगत नपर्ने |

## कार्यक्रमहरु

- अवधारणा स्पष्ट गर्न सेमीनार, वर्कसप, आदिको आयेजना गर्ने।
- Consultant लाई तुरुन्त जिम्मेवारी दिने।
- Accounting Manaul अविलम्व तयार गरी कार्यान्वयन गर्ने।
- खर्च निर्देशिका तयार गरी कार्यान्वयनमा ल्याउने।
- लेखा तथा राजस्व शाखालाई Computerised गर्ने गारउने।
- न.पा.को सम्पतिको अभिलेख राख्न सरोकारवालाको सहयोग अभियान चलाउने (निजी क्षेत्रको सहयोगमा)
- Resource Maping का लागि विशेषज्ञलाई जिम्मेवारी दिने।
- वार्षिक आय वृद्धिका लागि विशेष योजना वनाई लागु गर्नु पर्ने।
- आयवृद्धिमा सवैलाई परिचालन गर्न पुरस्कार र दण्डको व्यवस्था गर्नु पर्ने।
- दरवन्दी तथा योग्यता निर्धारण गर्नु पर्ने।
- अनावश्यक दरवन्दी कटौती गरी कर्मचारी व्यवस्थानलाई प्रभावकारी वनाउने।
- पुरातनवादी सोचका कर्मचारीलाई प्रक्रिया पुर्‍याइ विदा दिई यूवा आधुनीक सोच भएका कर्मचारी नियूक्ति गर्ने।
- प्रतिवेदन प्रणालीको शुरुवात गरिनु पर्ने।

- दक्षता अभिवृद्धिका लागि आवश्यक तालिमको व्यवस्थापन गर्ने ।
- ऐन नियम, निर्देशीका पालनाको लागि जीम्मेवार वनाउन followup कार्यक्रम संचालन गर्ने ।
- खर्च निर्देशीका तयार गरी लागु गर्नुपर्ने ।
- पेश्की नियन्त्रण कार्यक्रम लागु गर्नु पर्ने ।
- वजेट अनुसार मात्र खर्च गर्ने परीपाटी वसाउन followup कार्यक्रम संचालन गर्नु पर्ने ।
- आ.व.को अन्त्यमा खर्च गर्ने परीपाटीको अन्त्य गर्ने ।
- आन्तरीक लेखापरिक्षण शाखाको व्यवस्थापन
- आन्तरीक लेखापरीक्षकको तत्काल नियूक्ति
- आन्तरीक लेखापरीक्षण निर्देशीकाको तयारी तथा कार्यान्वयन
- राजश्व, लेखा, प्रशासन, जीन्सी शाखाका बीच सम्न्वयात्मक कार्यक्रम संचालन गरीनुपर्ने
- नगरको सम्पूर्ण सम्पतिको अभिलेख शाखा computerize software निर्माण गरी प्रयोगमा ल्याउनु पर्ने
- कर्मचारीहरुलाई आवधिक तालिम कार्यक्रम
- Corporate accounting system मात्र जीन्सी लेखालाई समावेश गरीनुपर्ने
- आवाधिक जिन्सी लेखापरीक्षण गरीनु पर्ने ।
- बेरुजु फछयौट विशेष कार्यक्रम
- निश्चित समय किटान गरी रकम तिर्ने वा बील भर्पाइ पेश गरी फछर्यौट गर्ने व्यक्तिलाई छुट तथा पुरस्कार दिने ।
- समयमा बेरुजु फछयौट गर्ने व्यक्ति/संस्थालाई उपहार कार्यक्रम आदि ।
- बेरुजुको लगत व्यवस्थापन कार्यक्रम
- बेरुजु फछयौटका लागि विशेष समिति निर्माण तथा संचालन

**ग्रामीण शहरी अर्न्तसम्बन्ध**

आर्थिक क्रियाकलापको विविधिकरणको कारणले शहर आर्थिक केन्द्रको रुपमा रहेका हुन्छ । कतिपय आवश्यकताहरुकालागि शहरी अर्थतन्त्र ग्रामीण क्षेत्रमा निर्भर हुने हुनाले एकातिर शहरको आर्थिक विशिष्टकरण पनि हुन्छ, अर्कोतिर ग्रामीण क्षेत्रको आय श्रोत पनि बढ्दै जान्छ । यसै परिप्रेक्षमा धरानलाई विश्लेषण गर्दा धरान नगरपालिकाको सीमानासँग प्रत्यक्ष अप्रत्यक्ष्य सीमा जोडिएका गाउँहरु (गा.वि.स.) र समग्र जिल्लासँग आर्थिक सम्बन्ध रहेको छ । धनकुटा, भोजपुर, संखुवासभा तथा मोरङ्ग जिल्लाहरुसँग न.पा.को प्रत्यक्ष सीमाना नजोडिए पनि अन्य गाउँहरुको अर्न्तसम्बन्धको कारणले अप्रत्यक्ष सम्पर्क रहेको छ । मूलतः छिमेकी पहाडी जिल्लाहरुमा उत्पादित कृषि उत्पादनहरु धरान तथा तराईका गाउँ नगरमा जाने हुनाले यो प्रवेश द्वार (Gateway) को रुपमा पनि रहेको छ । धरान नगरपालिकासँग अर्न्तसम्बन्ध रहेका गाउँ गा.वि.स.हरुबाट कृषि उत्पादन (फलफुल, तरकारी) लगायत कतिपय घरेलु हस्तकलाका सामाग्रीहरुको व्यापार हुने गर्दछ ।
धरान न.पा.को परिप्रेक्ष्यमा ग्रामीण शहरी अन्तर्सम्बन्ध (Urban Urban Linkage) को विस्तृत अध्ययन हुनु आवश्यक छ । विशेषतः साना व्यवसायी, कृषक लगायत सर्वसाधारणहरु सहभागी भई विविध उत्पादनहरुको खरीद बिक्री हुने गरेको कारोबारहरुलाई अझै कसरी व्यवस्थित र संस्थागत गर्ने भन्ने विषयमा हुने अध्ययन गर्नु धरान न.पा.को दीर्घकालिन आर्थिक विकासका लागि लाभदायी हुन्छ ।

## ३.१२ आयोजना तथा कार्यक्रमको सूची तथा प्रारम्भिक लागत अनुमान

सहभागितात्मक योजना तर्जुमा कार्यशालाद्वारा नगर विकासका लागि तयार भएका विभिन्न विषयगत क्षेत्रका आयोजना तथा र्कार्क्रमहरु संचालनको निमित्त के कति बजेट रकम आवश्यक पर्छ भन्ने कुराको प्रारम्भिक लागत अनुमान तयार पारिएको छ ।

**प्रारम्भिक सम्भाव्यता अध्ययन**

पहिचान भएका आयोजना तथा कार्यक्रमहरुमध्ये सबै आयोजना तथा कार्यक्रमहरु आर्थिक, प्राविधिक, वातावरणीय तथा अन्य दृष्किोणले उपयुक्त हुन्छन् भन्न सकिँदैन । यसका लागि त्यस्ता आयोजना तथा कार्यक्रमहरुको संभाव्यता अध्ययन

गर्नुपर्ने हुन्छ। त्यस्तै, ठूला आयोजनाहरुमा हुने लगानीको मात्रा अत्याधिक हुने हुँदा त्यस्ता आयोजना तथा कार्यक्रमहरुको विस्तृत संभाव्यता अध्ययन गर्नुपर्ने हुन्छ। यस्तो विस्तृत संभाव्यता अध्ययनका लागि ठूलो लगानी गर्नुपर्ने र समयावधि पनि बढी लाग्ने हुँदा छोटो अवधिमा प्रारम्भिक संभाव्यता अध्ययन मात्र संभव हुन सक्दछ। प्रारम्भिक संभाव्यता अध्ययनबाट उपयुक्त देखिएका आयोजना तथा कार्यक्रमहरु आवधिक योजनामा समावेश भइसकेपछि ती आयोजनाहरुको विस्तृत संभाव्यता अध्ययनको कार्य वार्षिक कार्यक्रम तथा लगानी योजनामा समायोजन गर्नुपर्ने हुन्छ। तसर्थ, आवधिक योजना तर्जुमाको यस चरणमा मुख्य आयोजना तथा कार्यक्रमको प्रारम्भिक संभाव्यता अध्ययन मात्र गरिएको छ।

## प्राथमिकता एवं वर्गीकरण

आवधिक योजनाले परिलक्षित गरेका लक्ष तथा उद्देश्यहरु हासिल गर्न योजना अवधिमा गरिनुपर्ने आयोजना तथा कार्यक्रमहरुको तर्जुमा तर्कबद्ध योजना पद्धतिमा रहेर गरिएको छ। बिभिन्न विषयगत उद्देश्य प्राप्त गर्न सञ्चालन गर्नुपर्ने कार्यक्रम तथा आयोजनाहरुको छनौट, लागत अनुमान र ठूला आयोजनाहरुको संभाव्यता अध्ययन समेत भैसकेपछि तिनलाई सूचीकृत गरी नगरस्तरीय र वडास्तरीय गरी दुई स्तरमा विभाजन गरिएको छः

**(क) नगर स्तरीय कार्यक्रम/आयोजना :** समग्र नगर क्षेत्रका जनतासँग बढी सरोकार राख्ने खालका आयोजना तथा कार्यक्रमहरुलाई नगर स्तरीय आयोजनाको रुपमा लिइएको छ। नगरस्तरीय कार्यक्रम/आयोजनाको वर्गीकरण निम्न आधारमा गरिएको छ :

- नगरक्षेत्र भरी लाभ पुऱ्याउने कार्यक्रम/आयोजना (जस्तै, पार्क, क्रिडास्थल, खेलमैदान, बसपार्क आदि)
- पूर्वाधारजन्य कार्यक्रम/आयोजनाहरु (जस्तै :खानेपानीको संजाल, ढल संजाल, बिजुली विस्तार, ठूला सडक आदि)
- दुई वा दुई भन्दा बढी वडाका बासिन्दाहरुलाई लाभ पुग्ने कार्यक्रम/आयोजनाहरु (जस्तै, पिच सडक, ढल आदि)
- नेपाल सरकार र नगरपालिकाको लागत सहभागितमा संचालित कार्यक्रम/आयोजनाहरु, विषयगत निकायबाट संचालित कार्यक्रमहरु, नीजि क्षेत्र तथा नागरिक समाजबाट संचालित योजनाहरु
- नगपालिकाको विकास बजेटको आधारमा बढी लागत अनुमानका कार्यक्रम/आयोजनाहरु
- नगरपालिका अन्य दातृ निकायहरुको लागत सहभागिता एवं ऋण तथा अनुदानमा संचालित कार्यक्रमहरु

**(ख) वडास्तरीय कार्यक्रम/आयोजना :** वडाबासीहरुलाई प्रत्यक्ष लाभ पुग्ने र स-साना कार्यक्रम/योजनाहरु जस्तैः ग्राभेलसडक, खानेपानीका इनार, ट्युवेल, मुहान संरक्षण, स-साना मर्मत संभार जस्ता योजनाहरुलाई वडा स्तरीय कार्यक्रमका रुपमा लिइएको छ। वडा स्तरीय योजना निम्न आधारमा वर्गीकरण गरिएको छ :

- वडा वा टोलबासीहरुसँग प्रत्यक्ष सरोकार राख्ने र लाभ पुऱ्याउने
- वडावासीहरुको प्रत्यक्ष संलग्नता रहने
- वडाका लागि विनियोजित बजेट रकमबाट संचालित हुने कार्यक्रम
- नगरपालिकाको विकास बजेटको आधारमा कम लागत अनुमान भएका कार्यक्रम/आयोजनाहरु
- जनसहभागिताद्वारा निर्माण हुने स-साना आयोजनाहरु

## बजेट अनुमान तयारी

धरान न.पा.को ५ वर्षे आवधिक योजनामा समाविष्ट कार्यक्रमहरुमा लागि प्रत्येक कार्यक्रमका बजेट विनियोजन प्रस्ताव गरी लागि देहाय बमोजिम बाँडफाँड गरिएको छ जसको विस्तृत विवरण **खण्ड ५** मा प्रस्तुत छः

**(क) नगर स्तरीय बजेटः** नगर स्तरीय आयोजनाहरु संचालन गर्नका लागि उपलब्ध विकास बजेटको निश्चित प्रतिशत रकम नगर स्तरीय बजेटका रुपमा विनियोजन गरिएको छ।

**(ख) वडा स्तरीय बजेटः** वडा स्तरका आयोजना संचालन गर्नका लागि उपलब्ध विकास बजेटको निश्चित प्रतिशत रकम वडा स्तरीय बजेटका रुपमा विनियोजन गरिएको छ।

**(ग) विकासका लागि भैपरी, दैवीप्रकोप तथा अन्य आकस्मिक बजेटः** योजना अवधिभरका लागि स्थानगत रुपमा आयोजना/कार्यक्रमहरु निर्धारण हुने हुँदा वर्षेनी आइ पर्ने अत्यावश्यक एवं आकस्मिक कार्यका लागि निश्चित बजेट विनियोजन गर्नुपर्ने हुन्छ।

बजेट तर्जुमाका बखत करिब ८० प्रतिशत विकास बजेट रकम नगर र वडा स्तरीय आयोजनाका लागि विनियोजन गरिएको छ भने बाँकी आकस्मिक कार्यका लागि बजेट विनियोजन गरिएको छ।

### ३.१३ कार्यान्वयन योजना

आवधिक योजना टोलीबाट प्रस्तावका रुपमा तयार भएको विषयगत उद्देश्य हासिल गर्न लगफ्रेममा आधारित विषयगत योजनाहरु, दीर्घकालिन सोच, लक्ष्य, उद्देश्य, रणनीतिहरुलाई सहभागितात्मक अन्तिम कार्यशालामा प्रस्तुत गरी प्राप्त सुझावहरुको संकलन गरिने छ, र तिनलाई समायोजन गरी अन्तिम रुप दिइने छ । यसरी अन्तिम कार्यशालाबाट योजनाका लागि थप सुझाव प्राप्त हुनुका साथै योजना कार्यान्वयनको लागि आपनत्वको भावना (Ownership) पैदा भई सामूहिक प्रतिवद्धता समेत प्राप्त हुने अपेक्षा राख्न सकिन्छ ।

## ३.१४ अनुगमन तथा मूल्यांकन पद्धति

कुनै पनि कार्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि नियमित अनुगमन तथा मूल्यांकन नितान्त जरुरी विषय हो । यसका लागि स्थानीय स्वायत्त शासन ऐन तथा नगरपालिकाको लागि आवधिक योजना तर्जुमा निर्देशिका अगिंकार गरिने छ । जस अनुसार अल्पकालीन योजना तथा कार्यक्रम कार्यान्वयनको क्रममा आवश्यकता अनुसार फिल्डमा जाने लगायतका प्रकृयाहरु समेतको अवलम्बन गरिने छ । त्यस्तै संचालित आयोजनाहरुको विषयगत विवरण तथा प्रगति मूल्यांङ्कन प्रत्येक ६/६ महिनामा वा समितिले आवश्यक ठानेको जुनसुकै वखत गरिने छ । त्यस्तै सम्पन्न योजनाहरुको मर्मत सम्भार सम्बन्धी व्यवस्थाको मूल्याङ्कन प्रत्येक वर्ष सम्पन्न ठूला योजनाहरुको प्रभाव मूल्यांङ्कन एक वर्षपछि गर्ने जसका लागि सामाजिक, आर्थिक, वातावरणीय तथा सेवा सुविधाहरुको प्रभाव मुल्यांङ्कन अध्ययन टोलीमा विषयगत समिति सदस्यका अलावा सम्पूर्ण आ-आफ्ना क्षेत्रका विज्ञ वा विशेषज्ञ, सेवा सुविधाग्राही वा सरोकारवालाहरु समेतको संलग्नता गराइने छ ।

## ३.१५ सुझाव तथा सिफारिसहरु

धरान नगरपालिकाको आवधिक योजना अन्तर्गत प्रस्तावित भौतिक, सामाजिक, आर्थिक तथा वातावरणीय बिकास योजनालाई कार्यान्वयन गराउनको लागि सुझाव तथा सिफारिसहरु निम्न प्रकारका छन् ।

१. नगरपालिकाको नगर बिकासको स्थितिलाई आँकलन गर्न तथा भविष्यमा प्राप्त गर्नुपर्ने लक्ष्यको लागि आवश्यक पर्ने सूचाङ्कहरुको विवरण तयार गरीनु पर्ने ।

२. भौतिक विकास योजनामा प्रस्तावित भू-उपयोगलाई कार्यान्वयन गर्नका लागि योजना तथा भवन निर्माण मापदण्ड परीमार्जन गरी प्रस्तावित भौतिक योजनामा उल्लेखित मापदण्डको परिधि (Frameworks) भित्र रही विस्तृत मापदण्ड तयार गरी लागू गराउनु पर्ने ।

३. प्रस्तावित भू-उपयोग योजना भित्र पर्ने रणनीतिक आयोजनाहरु निर्माण/कार्यान्वयन गर्न सम्बन्धित निकाय एवं सरोकारवालाहरुसँग समन्वय राखी कार्य गर्न नगरपालिका भित्र रणनैतिक कार्य योजना कार्यान्वयन संयन्त्र खडा गर्ने ।

४. प्रस्तावित भ-उपयोगको प्रभावकारी कार्यान्वयन गर्नको लागि राष्ट्रिय शहरी नीतिको नीतिगत परिधि भित्र रही भू: उपयोग तथा जग्गा बिकास नीति तर्जुमा गरिनु पर्ने ।

५. प्रस्तावित भ-उपयोग योजनालाई कार्यान्वयन गर्न एवं जनस्तरमा अभिमुखीकरण गर्न स्थानीय नेताहरु, समाजसेवी र नागरिक समाज सम्मिलित संयन्त्र निर्माण गरिनु पर्ने ।

६. प्रस्तावित भौतिक तथा वातावरणीय बिकासको लागि धरान नगरपालिकामा शहरी वातावरण सुधार आयोजना तथा एकिकृत शहरी विकास आयोजनाको लागि विशेष पहल गर्नु पर्ने ।

७. भौतिक बिकास योजना अन्तर्गत परेका रणनैतिक योजनाहरुको कार्यान्वयन गर्नको लागि निजी-सार्वजनिक साझेदारीको सम्भावनालाई विश्लेषण गरी यसको लागि क्षमता बिकास गर्न सम्बन्धित पक्षहरुसँग सहकार्य गरिनु पर्ने ।

८. प्रस्तावित चक्रपथको निर्माणार्थ चाहिने थप आवश्यक भूमि तथा लगानीको सम्बन्धमा अध्ययन गरी यसलाई कार्यान्वयन गर्न सम्बन्धित सरकारी निकायहरुसँग समन्वय गरी एउटा छुट्टै समिति गठन गर्ने ।

९. प्रस्तावित भौतिक योजनाले धरान नगरपालिकाको अवधारणालाई अगाडि ल्याएको हुँदा धरानमा गरिनु पर्ने विकास कार्यको लागि धरान नगरपालिका र छीमेकी गाउँ बिकास समितिहरु समेतको साझा समन्वय समिति गठन गरिनु पर्ने ।

१०. प्रस्तावित भू: उपयोग योजनामा परेको विपन्न एवं सुकुम्बासी बस्तीहरुमा न्यूनतम भौतिक तथा सामाजिक पूर्वाधारहरुको व्यवस्था गर्न समुदायमा आधारित गैह्-सरकारी संस्थाहरुसँग समन्वय गर्न पहल गरिनु पर्ने ।

११. धरानको दीर्घकालीन बिकासमा दूरगामी महत्व राख्ने व्यापार, आवाशीय, शैक्षिक तथा खेलकुद केन्द्रको लागि सम्बन्धित सरोकारवालाहरुको संलग्नतामा प्रभावकारी पहल गरिनु पर्ने ।

१२. विजयपुर क्षेत्र विकास कोषको विस्तृत बिकास एवं सम्बर्धन गर्नको लागि थप अध्ययन र लगानीको लागि  बिशेष पहल गरिनु पर्ने ।

१३. सकेसम्म वातावरण मैत्री औद्योगिक गतिविधिलाई बढावा दिने नीति लिई प्रदूषणयुक्त औद्योगिक गतिविधिलाई दुरुत्साहित गर्दै जाने नीति लिइनु पर्ने ।

१४. आवाशीय धरानको अवधारणालाई भौतिक बिकास योजनाले निर्दिष्ट गरे अनुसार खोला किनार तथा सार्वजनिक जग्गाको अतिक्रमणलाई तुरुन्तै निषेधित गरिनु पर्ने ।

१५. वातावरण मैत्री औद्योगिक गतिविधिहरुलाई आकर्षण गर्न उपयुक्त नीति तर्जुमा गरिनु पर्ने ।

१६. धरान, विराटनगर, इनरुवा तथा इटहरी लगागतका छिमेकी शहरहरुको फोहोर मैला व्यवस्थापनको लागि संयुक्त Land Fill Site को लागि सहकार्य गर्नु पर्ने । फोहोर पानी व्यवस्थापनको लागि प्रशोधन केन्द्र बनाउन आवश्यक जग्गा व्यवस्था गर्न पहल गर्नुपर्ने ।

१७. हालसम्म जग्गा प्राप्त नभैसकेको रणनीतिक योजनाहरुको लागि जग्गाको व्यवस्था गर्न आवश्यक पहल गर्नुपर्ने ।

१८. आगामी पाँच वर्षभित्र नगरपालिका तथा वरिपरिका गाविसमा करीब रु. १,२२३,८५०,००० विभिन्न विकास निर्माणका कार्यक्रमहरुमा खर्च गर्ने लक्ष्य लिइएको हुँदा त्यसको लागि नगरपालिकाको संस्थागत क्षमता विकासको लागि उल्लेख भए बमोजिमको ठोस तथा उपलब्धिमूलक कार्यक्रमहरु सञ्चालन गरिनुपर्ने ।

१९. बजेटको उपलब्धता कम भएको वा बजेट भएकै अवस्थामा पनि परियोजनाको कार्यान्वयन प्राथमिकता क्रम अनुसार गरिनुपर्ने ।